# अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

सामान्य अर्थमा नयाँ कुराको खोजी गर्ने कार्यलाई अनुसन्धान भनिन्छ । अनुसन्धानलाई सोध, खोज, अन्वेषण, गवेषण पनि भनिन्छ । नयाँ तथ्य पत्ता लगाउने र पुरानै तथ्यको पुनरावलोकन र पुनर्व्याख्या गर्ने कार्य अनुसन्धानले गर्दछ । निश्चित लक्ष्य प्राप्तिका लागि गरिने संयोजन नै अनुसन्धान हो । यसरी मानव जीवनमा देखिने समस्याहरूलाई निदान गर्न, तथ्याङ्क सङ्कलन गर्न र ठोस निष्कर्षमा पुग्न गरिने वैज्ञानिक अध्ययन नै अनुसन्धान हो । कुनै कुराको खोज, जाँचबुझ, छानबिन, जाँच पडताल, खोजपूर्ण अध्ययन, अन्वेषणलाई अनुसन्धान भनिने (अधिकारी, २०७१ : ४४) । यसरी प्रयोगात्मक नेपाली शब्दकोशले अनुसन्धानको अर्थ स्पष्ट पारेको छ ।

लैङ्गिक अध्ययन सामाजिक विज्ञानमा देखापरेको नवीन पद्धति हो । महिला पुरुषबिचको असमानता हटाउन र महिला विरुद्धको भेदभाव समाप्त गर्न संयुक्त राष्ट्र संघबाट सन् १९७९ मा सिड महासन्धि पारित भयो । यसले महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने प्रतिबद्धता जारी गऱ्यो । यस महासन्धिमा नेपालले सन् १९९१ मा अनुमोदन गरिसकेको छ । लैङ्गिक अध्ययनको इतिहास नारीवादी आन्दोलन र नारीवादसँग प्रत्यक्ष सम्बन्धित रहेको पाइन्छ । सन् १९६० पछि विकसित भएको नारीवादले लैङ्गिक अध्ययन तथा लैङ्गिक भूमिकाले खोजी गर्न थाल्यो । जैविक लिङ्गलाई आधार बनाएर गरिएको भिन्नता जस्ता व्यवहार तथा क्षमता जस्ता कुराहरू नारीत्व र पुरुषत्व चिनाउने सङ्केतको उपयोगमा ल्याइएका विषयको विश्लेषण लैङ्गिक अध्ययनबाट गर्न सकिन्छ ( खनाल, २०७५ : २) । समग्रमा महिलाको अनुभव र सहभागिताबाट समाज, संस्कृति, भाषा, चेतना आदिका बारेमा ज्ञान दिने अनुसन्धान पद्धति नै लैङ्गिक अनुसन्धान पद्धति हो ।

लैङ्गिक हिंसा विरुद्धको अभियान प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म मनाइन्छ । नेपालमा वि.सं. २०५४ सालदेखि सचेतनामूलक कार्यक्रम गरी यस अभियान मनाउने गरिएको छ । नेपालमा प्रत्येक वर्ष नोभेम्बर २५ लाई महिला हिंसा विरुद्धको अभियान दिवसको रूपमा मनाउने निर्णय नेपाल सरकारले गरेको छ । 'लैङ्गिक हिंसा र

व्यवहार छैन हामीलाई स्वीकार' अभियानको मूल नारा रहेको छ । महिला हिंसा विरुद्धको अभियान नेपालमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले गर्दछ ।

महिला र पुरुष दुबैलाई समान अधिकार प्रदान गर्न विश्वव्यापी रूपमा धेरै कार्यक्रम र सिद्धान्तको विकास गरी महिला र पुरुषबिच समान अधिकार प्राप्त गर्नका लागि प्रयास गरे तापनि हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिलाले विभिन्न कारणबाट हेपिएर, थिचोमिचो सहेर बाँच्नु परिरहेको छ । सामाजिक हक र अधिकारका दृष्टिले अस्वस्थ जीवन बाँचिरहेका महिलाहरू सम्पूर्ण रूपमा स्वतन्त्र भएर बाँच्न पाउनु आवश्यक छ ।

महिलावादी अनुसन्धान पद्धतिले महिलाको योगदानलाई जोड दिँदै लैङ्गिक समानताको दिशातर्फ केन्द्रित गरेको पाइन्छ । समाजमा पिछडिएका र पछाडि पारिएका महिलाहरूलाई अगाडि ल्याउन पितृसत्तात्मक ज्ञान, अनुभव, दृष्टि, विचार, अवसरलाई मात्र प्राथमिकतामा नराखी अनुसन्धानमा महिलाको उच्च पहुँचलाई जोड दिनुपर्दछ । समग्रमा महिलाको अनुभव र सहभागिताबाट समाज, संस्कृति, स्थिति, भाषा चेतना आदिका बारेमा ज्ञान गर्ने अनुसन्धान पद्धति नै लैङ्गिक अनुसन्धान पद्धति हो । यसले समाजमा महिला र पुरुष बिचमा रहेको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक क्षेत्रमा रहेको दुरी कम गर्नमा समेत सघाउ पुऱ्याएको छ ।

## १.२. समस्या कथन

अनुसन्धानको विषय नै उक्त अनुसन्धानको समस्या हो । समस्याको पहिचान विना उक्त समस्या समाधान गर्न सकिँदैन । कुनै पनि अनुसन्धानमूलक कार्यमा समस्या पहिचान गर्ने कार्य निकै जटिल हुन्छ । समस्याको सही पहिचान नगरेसम्म अनुसन्धान सफल हुन सक्दैन । कुनै पनि अनुसन्धान कार्य गर्दा समस्याको पहिचान गरेर मात्र अनुसन्धानलाई निश्चित गन्तव्यमा पुऱ्याउन सकिन्छ ।

यस अध्ययनको मुख्य समस्याको रूपमा नीलम कार्की निहारिकाद्वारा लिखित *योगमाया* उपन्यासमा लैङ्गिकता के-कस्तो तरिकाले प्रयोग भएको छ ? भन्ने रहेको छ । यसको अतिरिक्त योगमाया उपन्यासमा लैङ्गिक अवस्था कस्तो रहेको छ ? उपन्यासमा केकस्तो लैङ्गिक चेतना प्रस्तुत भएको छ ? यस उपन्यासमा प्रयुक्त भाषा कस्तो रहेको छ ? जस्ता विभिन्न समस्याहरूको अध्ययन शोधमा गरिएको छ । यसै अवस्थालाई केन्द्रमा राखी निम्नलिखित समस्याको विश्लेषण गरी शोधको समस्या समाधान गरिएको छ ।

(क) *योगमाया* उपन्यासमा लैङ्गिक अवस्था कस्तो रहेको छ ?

(ख) *योगमाया* उपन्यासमा के कस्तो लैङ्गिक चेतना पाइन्छ ?

(ग) लैङ्गिक दृष्टिले *योगमाया* उपन्यासमा प्रयुक्त भाषा कस्तो रहेको छ ?

## १.३. शोधको उद्देश्य

उद्देश्य शोधको केन्द्रविन्दु हो । समस्या कथनमा उठाएका मूलभूत प्रश्नहरूको समाधान नै उद्देश्य हो । उद्देश्य निर्धारण गर्दा समस्याको तर्कपूर्ण समाधान के हो भन्ने कुराको खोजी गरिनुपर्दछ (भट्टराई, २०७३ : १६६) । शोध समस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने कार्य गर्दछ भने उद्देश्यले ती समस्याहरूलाई समाधान गर्ने बाटो देखाउँछ । त्यसैले शोध समस्या शीर्षकमा केन्द्रित हुन्छ र उद्देश्य उक्त शोधको समस्यामा केन्द्रित रहेको हुन्छ । उद्देश्य विना कुनै पनि कार्य सफल हुन सक्दैन । तसर्थ समस्या कथनमा प्रस्तुत गरिएका समस्याहरूलाई केन्द्रविन्दु बनाएर प्रस्तुत शोधकार्यलाई लक्ष्यसम्म पुऱ्याउनका लागि निम्नानुसारका उद्देश्यहरू उल्लेख गरिएको छ :

(क) *योगमाया* उपन्यासको लैङ्गिक अवस्थाको पहिचान गर्नु,

(ख) *योगमाया* उपन्यासमा लैङ्गिक चेतनाको विश्लेषण गर्नु,

(ग) लैङ्गिक दृष्टिले *योगमाया* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

अनुसन्धानको माध्यमबाट आफूले अध्ययन, अनुसन्धान गर्ने मापदण्ड के कस्तो छ भनी उपयुक्त तथ्य र कारण पत्ता लगाई प्रस्तुत गर्नु अनुसन्धानको मुख्य औचित्य हो । विश्वको परिवेशलाई हेर्दा आजसम्म पनि लैङ्गिक विभेद अन्त्य हुन सकेको छैन । यसको अन्त्यका लागि लैङ्गिक विभेद अन्त्य गर्नुपर्ने खालका विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्, तर अझै पनि लैङ्गिक हिँसा वा विभेदको अन्त्य भएको छैन । यसको अन्त्यका लागि विभिन्न चेतनामूलक कार्यक्रमहरू ल्याउनु जरुरी देखिन्छ । शैक्षिक क्षेत्रमा रहेका असमानता हटाउन समाज र परिवारमा गरिने महिला हिंसाको अन्त्य गर्न लैङ्गिक अध्ययन सान्दर्भिक देखिन्छ । नेपाल एक पितृसत्तात्मक विचारधाराले जकडिएको अल्पविकसित राष्ट्र भएकाले यहाँ अहिलेसम्म पनि महिला र पुरुषबिच समान हैसियत कायम गर्न सकिएको छैन । लैङ्गिकता सम्बन्धी अनेकौं दृष्टिकोणबाट महिला र पुरुषबिच

समान अधिकार प्राप्त गर्नका लागि धेरै कार्यक्रमहरू र प्रयासहरू भइरहेको अवस्थामा महिला अहिले पनि महिला भएकै कारण पुरुषप्रधान समाजमा पिल्सिएर बाँच्नुपरेको अवस्थामा महिलाहरूको जीवनस्तर माथि उठाउन पनि यस अध्ययनले सहयोग गर्नेछ । लैङ्गिक अध्ययनको दृष्टिकोणबाट *योगमाया* उपन्यासको विश्लेषण गरिने हुनाले प्रस्तुत शोधको सान्दर्भिकतालाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) लैङ्गिकताको बारेमा विद्यार्थीहरू र पाठक वर्गहरूमा जानकारी दिन सकिने

(ख) उपन्यास र विभिन्न पाठ्यपुस्तकमा लैङ्गिकताको बारेमा बुझ्न *योगमाया* उपन्यासको लैङ्गिक अध्ययन उपयोगी हुने

(ग) समाज परिवर्तनका लागि महिला र पुरुष दुबैको समान भूमिका हुने भएकाले महिलालाई पनि समान व्यवहार र सहयोग गर्न मद्दत पुऱ्याउने

(घ) लैङ्गिक समानता कायम गर्दा आइपर्ने समस्या समाधान गर्न सहयोग पुग्ने र

(ङ) परम्परावादी पितृसत्तात्मक धारणाको परिवर्तन गर्न र सामाजिक, सांस्कृतिक, अन्धविश्वासलाई हटाउन सहयोग पुऱ्याउने ।

## १.५ अध्ययनको परिसीमा

अनुसन्धानको क्षेत्र व्यापक र विस्तृत हुने भएकोले अनुसन्धान गर्दा सीमा निर्धारण गर्न नितान्त आवश्यक मानिन्छ । शोधकार्यको सिलसिलामा निर्धारित शीर्षक अन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो, त्यसको किटानी गर्नुलाई शोधकार्यको सीमा भन्ने गरिन्छ । अनुसन्धानका क्रममा सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता र गहिराइलाई सीमित गर्नुपर्दछ । निश्चित सीमाभित्र नबाँधिएको अनुसन्धानको मार्ग विचलित हुने हुँदा अनुसन्धेय विषयलाई निश्चित सीमाभित्र सीमाङ्कन गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधकार्यलाई निम्नलिखित विषय र दायराभित्र केन्द्रित गराएर अध्ययन अनुसन्धान अगाडि बढाइएको छ :

(क) प्रस्तुत शोधकार्य *योगमाया* उपन्यासको लैङ्गिक अध्ययनमा मात्र केन्द्रित रहेको छ ।

(ख) *योगमाया* उपन्यासमा रहेको लैङ्गिक अवस्था र लैङ्गिक चेतनाको विश्लेषणमा सीमित रहेको छ ।

(ग) लैङ्गिक समालोचना र दृष्टिकोणको सैद्धान्तिक आधार निर्धारण, नारीवाद, महिला सशक्तीकरण, लैङ्गिक समानता र महिला शिक्षामा सीमित रहेको छ ।

(घ) लैङ्गिक दृष्टिले *योगमाया* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कनमा सीमित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित तुल्याउनका लागि निम्नलिखित अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तिन : शोधविधि र प्रक्रिया

अध्याय चार : *योगमाया* उपन्यासमा लैङ्गिक अवस्था

अध्याय पाँच : *योगमाया* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण

अध्याय छ : लैङ्गिक दृष्टिले *योगमाया* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री सूची

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानको क्रममा सम्बन्धित विषयमा त्यसभन्दा अगाडि सम्पन्न गरिएका कार्यहरूको सही तवरले अनुसन्धान गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । यसलाई पूर्वसाहित्यको अध्ययन, पूर्वकार्यको समीक्षा, पूर्वसाहित्यको अवलोकन जस्ता विविध नामले चिनिन्छ । पूर्वकार्यको पुनरावलोकनले शोधार्थीलाई सही बाटो देखाउनुका साथै आफूले अनुसन्धान गर्न लागेको विषयवस्तुसँग सम्बन्धित के-कस्ता अध्ययन भएका छन् र के कति कार्य गर्न अझै बाँकी छन् भन्ने कुराको जानकारी दिन्छ । कुनै पनि अनुसन्धान कार्य गर्दा आफूले अनुसन्धान गर्न लागेको विषयमा के कस्ता अनुसन्धान भएका छन्, तिनको जानकारी राख्नु आवश्यक मानिन्छ ।

अध्ययन अनुसन्धान गर्ने विषयमा सम्पन्न गरिएका पूर्वकार्यहरूको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । यसबाट के कति अनुसन्धानहरू भएका छन् ? के कति बाँकी छन्, कसले गरेको थियो ? कुन मितिमा गरेको थियो, कुन प्रयोजन र समस्यामा आधारित थियो ? अनुसन्धानका उद्देश्यहरू के के थिए ? अनुसन्धानका विधि तथा प्रक्रियाहरू के के थिए ? जस्ता विविध कुराहरूको जानकारी प्राप्त हुन्छ । यस अध्ययनका क्रममा लैङ्गिक अध्ययनसँग सम्बन्धित भई गरिएका पुस्तक, पत्रपत्रिका तथा शोधहरूलाई पूर्वकार्यको रूपमा तल प्रस्तुत गरिएको छ ।

### २.१.१ सम्बन्धित पुस्तक र पत्रपत्रिकाको पुनरावलोकन

खनाल (२०६६) द्वारा सम्प्रेषण पत्रिकामा '*पहेँलो गुलाफ* कथामा लैङ्गिक चेतना' शीर्षकको लेख प्रकाशित गरिएको छ । जसमा लैङ्गिकताको परिचय दिँदै समाजमा कमजोर, अपेक्षित र दोस्रो दर्जाका रूपमा राखी महिलालाई शोषण गरिएको कुरा उल्लेख गरेका छन् । उक्त लेखमा लैङ्गिकता प्राकृतिक नभई सामाजिक, सांस्कृतिक वातावरणबाट निर्मित पुरुष र महिलासम्बन्धी धारणाबाट बुझिने कुरा उल्लेख गरिएको छ । यस्तै समाजमा नारीलाई भोग्य वस्तुका रूपमा हेरिएको कुरा दर्शाउँदै पुरुषलाई झुसिलकिराको प्रतीकका रूपमा लिइएको छ । महिलालाई भोग्य वस्तुको रूपमा लिइएको यस पितृसत्तात्मक समाजको

प्रतिवाद गर्नुपर्ने कुरा कथाको मुख्य पात्र 'म' को माध्यमबाट लैङ्गिक चेतनाको विकास गरिएको छ । उक्त लेखमा प्रत्येक नारीलाई लैङ्गिकता सम्बन्धी ज्ञान हुनुपर्ने कुरा उल्लेख गरिएको छ । जसबाट पितृसत्तात्मक समाजका पुरुषहरूले आफ्नो यौनदृष्टिका लागि गर्ने अनैतिक कार्यको परिणामलाई देखाइएको छ । यस सामग्रीले यस अध्ययनको लागि सैद्धान्तिक ढाँचा तयार गर्न सघाउ पुऱ्याएको छ ।

अर्याल (२०६८) द्वारा 'लैङ्गिक तथा महिलावादी अध्ययन' नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा अध्याय एकमा लिङ्ग र जेन्डरको अवधारणा लैङ्गिक विश्लेषण भूमिका र आवश्यकता लैङ्गिक तथा महिला अध्ययनको ऐतिहासिक आन्दोलनजस्ता विषयवस्तुहरू समावेश गरिएको छ । त्यसैगरी एकाई दुईमा जेन्डर र शिक्षा जेन्डर र अर्थतन्त्र, जेन्डर र राज्य, जेन्डर र धर्म आदि विषयहरू समेटिएको छ । एकाइ तिनअन्तर्गत जेन्डर यौनिकता शीर्षक अन्तर्गत रहेको लैङ्गिक पहिचान र यौनिकता, समलिङ्गीयता र पृथक् लिङ्गीयता आदि उपशीर्षकहरू राखेर लैङ्गिकताको बारेमा व्याख्या विश्लेषण गरिएको छ । त्यसैगरी एकाइ चारमा जेन्डर महिलावाद र यौनिकता दृष्टिकोणहरू, एकाई पाँचमा जेन्डर र विकासको बारेमा विश्लेषण गरिएको छ । एकाई छमा जेन्डर विकास एकाइ सातमा लैङ्गिक न्याय, एकाइ आठमा नेपालको सन्दर्भमा अध्ययन र एकाइ नौमा नेपालमा लैङ्गिक अवस्था जस्ता विविध शीर्षकहरूमा केन्द्रित रहेर लैङ्गिकता सम्बन्धी अध्यनको चर्चा परिचर्चा गरिएको छ । यस पूर्वकार्यले यस अध्ययनको लागि सैद्धान्तिक ढाँचा तयार गर्न सघाउ पुऱ्याएको छ ।

पाण्डे (२०६९) द्वारा 'नेपाली उपन्यासमा लैङ्गिकता' नामक समालोचनात्मक ग्रन्थमा लैङ्गिक विभेदीकरणका सामाजिक पक्षलाई अलग अलग वैचारिक पक्ष किटान गरिएको छ । यसमा लैङ्गिक विभेदीकरणले उत्पन्न गरेको सामाजिक समस्यालाई भिन्न भिन्न रूपमा देखाइएको छ । नेपाली जनजीवनमा लैङ्गिक विभेदीकरणका अनेकौं जराहरू फैलिएका छन् र त्यसलाई विभिन्न पाटाबाट अवलोकन गर्ने र केलाउने काम यस पुस्तकमा भएको पाइन्छ । उक्त उपन्यासमा विषयवस्तुहरू र पात्रहरूलाई आधार बनाएर नेपाली समाजमा लैङ्गिक विभेदीकरणका सामाजिक यथार्थलाई बलियो सैद्धान्तिक आधारका रूपमा हेरिएको छ । यसका साथै महिला सशक्तीकरणको आवाज उठाउने जस्ता कार्य उपन्यासमा देखाइएको छ । यस अध्ययनले शोधका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सघाउ पुऱ्याएको छ ।

'संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान' (२०७०) द्वारा तयार पारिएको स्रोत पुस्तकमा जैविक लिङ्ग र सामाजिक लिङ्गका बारेमा विश्लेषण गरिएको छ । उक्त स्रोत पुस्तकमा सामाजिक मूल्य र मान्यताका आधारमा समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने बेग्लाबेग्लै कार्यहरूलाई लैङ्गिकता वा सामाजिक लिङ्गभेद भनिएको छ । महिला पुरुषको सामाजिक सम्बन्ध तथा भूमिका समाजद्वारा निर्मित हुने र समाजमा प्रचलित मूल्य, मान्यता, संस्कार तथा संस्कृतिहरूले मानिसको भूमिकालाई प्रभाव पार्ने कुरा उल्लेख गरिएको छ । उक्त स्रोत पुस्तकमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा (लैससास सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू तथा कानुनी व्यवस्थाहरू), स्थानीय निकायहरूमा लैससास नीति तथा विभिन्न निर्देशिका र कार्य विधिहरूमा लैससास सम्बन्धी व्यवस्था, लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना तथा वैदेशिक रोजगारमा महिलाका सरोकारहरू, संयुक्त राष्ट्रसंघ प्रस्ताव नं. १३२५ र १८२० र यस सम्बन्धी राष्ट्रिय कार्ययोजना, स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा लैससास मूल प्रवाहीकरण, लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट, लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट परीक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि वैकल्पिक ऊर्जा, बालमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन कार्यान्वयनजस्ता विषयहरूलाई समेटी स्रोत पुस्तिका तयार पारिएको छ । यस पुस्तकबाट लैङ्गिक अध्ययनलाई सघाउ पुगेको छ ।

खनाल (२०७५) द्वारा 'लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग' पुस्तकलाई पाँच परिच्छेदमा विभाजित गरिएको छ । जसमा पहिलो परिच्छेदमा लैङ्गिकताको ऐतिहासिक सन्दर्भ, लैङ्गिक समालोचनाका आधारहरू यसभित्र पितृसत्ता र नारीवाद, पुरुषत्व र यौनिकतालाई समेटिएको छ । त्यसैगरी परिच्छेद एकमै लैङ्गिक समानता र समता, लैङ्गिक भूमिका यस अन्तर्गत उत्पादक भूमिका, अनुत्पादक भूमिका र सामुदायिक भूमिकालाई समेटिएको छ । लैङ्गिक विभेद, लैङ्गिक हिंसा, लैङ्गिक सशक्तीकरण लैङ्गिकता र भाषा, जैविक लिङ्ग आदिको बारेमा परिच्छेद एकमा चर्चा गरेका छन् । परिच्छेद दुई अन्तर्गत नेपाली उपन्यासको लैङ्गिक पर्यवेक्षणमा नारी लिखित उपन्यास र पुरुष लिखित उपन्यासलाई समेटी विश्लेषण गरिएको छ । परिच्छेद तिन अन्तर्गत पूर्ववर्ती नेपाली उपन्यासमा स्वास्नीमान्छे र तिन घुम्ती उपन्यासलाई समेटी त्यसको शीर्षक, कथावस्तु,

चरित्र र जैविकता, लैङ्गिकताको अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक समस्या, लैङ्गिक चेतना र सशक्तीकरण, यौनिकता लैङ्गिकताको भाषा र परिणति र सन्देश शीर्षकमा विश्लेषण गरिएको छ । परिच्छेद चार अन्तर्गत परवर्ती नेपाली उपन्यासमा *सहयात्री* र *समानान्तर आकाश* उपन्यासलाई लिइएको छ । परिच्छेद पाँच अन्तर्गत समयौनिक नेपाली उपन्यास अर्थसत्य र सजिलो उपन्यासलाई समावेश गरी विश्लेषण गरिएको छ । अन्त्यमा अथवा परिच्छेद छमा निष्कर्ष अन्तर्गत समष्टिगत निष्कर्ष र तुलनात्मक निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

### २.१.२ शोधकार्यको पुनरावलोकन

रोका (२०७०) द्वारा 'कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको लैङ्गिक अध्ययन' शीर्षकमा अध्ययन कार्य सम्पन्न गरिएको छ । जसमा लैङ्गिक विश्लेषणको आधार पहिल्याउनु, लैङ्गिक दृष्टिले कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन गर्नु, समाविष्ट विधामा प्रयुक्त भाषाको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्नु, कथाका माध्यमद्वारा लैङ्गिक चेतनाको स्थिति पहिल्याउनु, उक्त विधामा लैङ्गिक समानता दर्शाउन आवश्यक सुझावहरू प्रस्तुत गर्नुजस्ता उद्देश्यहरू रहेका छन् । उक्त शोधकार्य लैङ्गिक समालोचना सिद्धान्तलाई प्रमुख आधार बनाई सामाजिक, आर्थिक, राजनीतिक र धार्मिक आधारमा लैङ्गिक अवस्थालाई अध्ययन गरिएको देखिन्छ । यस अध्ययनका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ । जसमा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा मुद्रित कक्षा आठको हाम्रो नेपाली किताबलाई प्राथमिक सामग्रीका रूपमा र उक्त अध्ययनको शीर्षकमा सम्बन्धित रहेर गरिएको अनुसन्धानात्मक प्रतिवेदन पत्रपत्रिकामा प्रकाशित लेख, अप्रकाशित शोधप्रतिवेदन आदिलाई द्वितीयक सामग्रीका रूपमा लिइएको पाइन्छ । उक्त अध्ययनमा निम्न माध्यमिक तह कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको कथावस्तुलाई सामाजिक, आर्थिक र शैक्षिक गरी विभिन्न क्षेत्रका आधारमा लैङ्गिक अवस्थाको अध्ययन गरिएको, समाजमा विद्यमान लैङ्गिक विभेद हटाउन के कस्ता प्रकारका चेतना दिन खोजिएको जस्ता कुराहरूको लैङ्गिक दृष्टिले व्याख्या विश्लेषण गरिएको कुरा उल्लेख गरेको देखिन्छ । उक्त अध्ययनमा हाम्रो समाजमा विद्यमान लैङ्गिक विभेद अन्त्य गरी महिला र पुरुषबिच समानता कायम गर्न समतामूलक समाजको अवधारणा विद्यार्थीमा

पुग्ने खालका सामग्रीहरू, लैङ्गिक विभेदरहित पाठ्यसामग्री पाठ्यपुस्तकमा समाविष्ट गर्न आवश्यक छ भन्दै सुझावका साथै निष्कर्ष निकालिएको छ ।

गैरे (२०७१) द्वारा '*माइतघर* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा अध्ययन कार्य गरिएको छ । उक्त *माइतघर* उपन्यासमा लैङ्गिक चेतनाको निर्क्योल गर्न, उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगबाट नारीवाद, बालमनोविज्ञान, सांस्कृतिक चेतना जस्ता मान्यताको क्षेत्र विस्तार गरी *माइतघर* उपन्यासमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा *माइतघर* उपन्यासलाई मात्र आधार बनाइएको छ । उक्त शोधकार्यमा सामग्री सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ । उक्त शोधकार्यमा *माइतघर* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा र अन्य लैङ्गिकता सम्बन्धी लेख रचनालाई द्वितीयक सामग्री स्रोतका रूपमा लिइएको पाइन्छ । उक्त *माइतघर* उपन्यासमा प्रस्तुत लैङ्गिक चेतनाको स्थितिलाई दर्शाउन खोजिएको छ । उक्त शोधकार्यले मान्छेले नदेख्ने भित्री मनस्थितिको चिरफार गर्ने कार्य गरेको छ । उक्त शोधकार्यमा लैङ्गिक भूमिकाको आधारमा लैङ्गिक विभेद रहेको कुरा जनाइएको छ । समानताका दृष्टिले हेर्दा महिलाले पनि पढ्नुपर्छ भन्ने प्रोत्साहन प्रदान गरिएको छ । सशक्तीकरणको आधारमा हेर्दा महिला सक्रियताको स्थिति नपाइएको र परम्परावादी दृष्टिकोणबाट महिलालाई हेर्ने गरेको प्रस्ट दृश्य सानीको चरित्रको वर्णनबाट स्पष्ट रूपमा दर्शाउन खोजिएको छ । उक्त शोधकार्यको अध्ययनबाट परम्परागत पितृसत्तात्मक धारणामा परिवर्तन गर्न तथा समाज परिवर्तनमा महिला र पुरुषको भूमिका बराबर हुने भएकाले महिला र पुरुषबिच लैङ्गिक समानता हुनुपर्ने कुराको उल्लेख गरिएको छ । उक्त शोधमा प्रस्तुत अध्ययन विश्लेषण प्रक्रियाको सैद्धान्तिक प्रारूप निर्माणमा उपयोग गरिएको छ ।

भण्डारी (२०७१) द्वारा '*अनुराधा* उपन्यासको लैङ्गिक अध्ययन' गरिएको छ । जसमा लैङ्गिक दृष्टिले *अनुराधा* उपन्यासको उद्देश्यमा लैङ्गिक अवस्थाको पहिचान गर्नु, *अनुराधा* उपन्यासको लैङ्गिक चेतना विश्लेषण गर्नु र *अनुराधा* उपन्यासको भाषिक अध्ययन गर्नु रहेको छ । यस उपन्यासमा अनुराधालाई मुख्य र गतिशील पात्रको रूपमा प्रस्तुत गरिएको छ र अनेक पीडा खपेर बस्दा पनि अन्त्यमा जबरजस्ती विवाह गरिदिन लाग्दा विद्रोह गरेको देखाएर नारी सशक्तीकरणको पक्षमा आवाज उठाएको पाइन्छ । साथै उक्त शोधपत्रमा हरेक क्षेत्रमा महिला पुरुष समान भएको र पात्रगत दृष्टिमा महिला र पुरुष लगभग समान रूपमा सहभागी रहेको साथै पितृसत्तात्मक सोचको विरुद्ध अनुराधामा विद्रोह देखाएर नारी

अस्तित्वको लागि र स्वतन्त्रताको लागि विद्रोह गर्न सकिने कुरा देखाइएको साथै लैङ्गिक समानताको पक्षमा खासै उपन्यास सफल हुन नसकेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

अर्याल (२०७२) द्वारा '*अनीता* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । जसमा *अनीता* उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, अनीता उपन्यासको लैङ्गिक चेतना विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले अनीता उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । प्रस्तुत शोधमा पुस्तकालयीय अध्ययन विधिलाई प्रयोग गरिएको छ र अध्ययन विश्लेषणमा वर्णनात्मक, व्याख्यात्मक विधिलाई उपयोग गरिएको छ । यस शोधमा प्राथमिक सामग्रीको रूपमा साझा प्रकाशनद्वारा प्रकाशित डायमन शमशेर राणाको *अनीता* उपन्यासलाई लिइएको छ भने लैङ्गिक विषयसँग सम्बन्धित पाठ्यपुस्तक, शोध प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख रचना, शोधनिर्देशकको परामर्शलाई द्वितीयक स्रोतको रूपमा लिइएको छ । पाँच अध्यायमा संरचित प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधको परिचय, अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन, अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चारमा व्याख्या तथा विश्लेषण र अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिताहरू प्रस्तुत गरिएको छ । *अनीता* उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक, अनुत्पादक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक भूमिकामा महिला पुरुषको समान सहभागिता नपाइएको उल्लेख गरिएको छ । भाषिक प्रयोगको दृष्टिकोणले विश्लेषण गर्दा शिक्षित अशिक्षित वर्गले बोल्ने भाषाको साथै केही कुटनीतिक भाषाको प्रयोग भएको र लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिला र पुरुषलाई फरक फरक तवरबाट हेरिएको पाइयो । पितृसत्तात्मक समाजका कुसंस्कार रूढीवादी परम्पराको विरोध गरी बदलिन सक्ने परिस्थितिको सृजना अनीताको दोस्रो विवाहबाट देखाइएको निष्कर्ष निकालिएको छ ।

भट्टराई (२०७२) द्वारा 'माध्यमिक तहका नेपाली पाठ्यपुस्तकहरूमा समाविष्ट चित्रहरूको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यका उद्देश्यहरू माध्यमिक तहका नेपाली पाठ्यपुस्तकहरूमा समाविष्ट चित्रहरूको लैङ्गिक समानताको अध्ययन गर्नु, उक्त पाठ्यपुस्तकहरूका चित्रहरूमा महिलाको भूमिका पत्ता लगाउनु, लैङ्गिक समानताका दृष्टिले उक्त पाठ्पुस्तकहरूमा समाविष्ट चित्रहरूको उपयुक्तता पहिल्याउनु रहेका छन् । उक्त शोधपत्र सफल बनाउनको लागि पुस्तकालयीय

विधिलाई मुख्य रूपमा अवलम्बन गरिएको छ । नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूलाई विशेष गरी प्राथमिक सामग्रीका रूपमा लिई अध्ययनका लागि वर्णनात्मक र विश्लेषणात्मक पद्धति अँगालिएको छ । द्वितीयक सामग्रीको रूपमा अध्ययनसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू, शोध प्रतिवेदनहरू, पूर्वकार्यहरू तथा विभिन्न विद्वानका राय सुझावहरू अध्ययन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययनका क्रममा ३१ वटा चित्रहरूमध्ये २३ वटा चित्रहरूमा लैङ्गिक समानता र ८ वटा चित्रहरूमा मात्र लैङ्गिक समानता रहेको निष्कर्ष निकालिएको छ । समाविष्ट चित्रहरूमा जम्मा पुरुषको सङ्ख्या ८१ र महिलाको सङ्ख्या ५१ रहेको, अध्ययन गरिएका माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू लैङ्गिक दृष्टिले उपयुक्त नभएको, पाठ्यपुस्तकहरूमा समावेश गरिएका चित्रहरूमा महिलाको तुलनामा पुरुषलाई बढी भूमिका निर्वाह गर्न लगाइएको निष्कर्ष निकालिएको छ । माध्यमिक तहका नेपाली पाठ्यपुस्तकमा महिला र पुरुष दुबैको समान सहभागिता गराएर लैङ्गिक समानता कायम गर्नुपर्ने, निर्दिष्ट पाठ्पुस्तकका चित्रहरूमा महिला र पुरुषको सहभागिता सङ्ख्यात्मक रूपमा समेत बराबर राख्नुपर्ने जस्ता विविध सुझावहरू पेस गरिएको छ । यस शोधकार्यको पुनरावलोकनले प्रस्तुत शोधपत्रको सैद्धान्तिक ढाँचा तयार गर्न मद्दत गरेको छ ।

सिलवाल (२०७२) द्वारा '*शान्ति* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा *शान्ति* उपन्यासको लैङ्गिक अवस्थाको पहिचान गर्नु, *शान्ति* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *शान्ति* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरू समावेश गरिएको छ । प्रस्तुत शोधमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने अध्ययन विश्लेषणमा वर्णनात्मक र व्याख्यात्मक विधिलाई उपयोग गरिएको छ । यस शोधमा प्राथमिक सामग्रीको रूपमा साझा प्रकाशनद्वारा प्रकाशित लीलाध्वज थापाको *शान्ति* उपन्यासलाई लिइएको छ भने लैङगिक विषयसँग सम्बन्धित पाठ्यपुस्तक, शोध प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख, रचना, शोध निर्देशकको परामर्शलाई द्वितीयक सामग्रीको रूपमा लिइएको पाइन्छ । पाँच अध्यायमा संरचित प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधको परिचय, अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप, अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चारमा व्याख्या तथा विश्लेषण र अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिताहरू रहेका छन् ।

शान्ति उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक, अनुत्पादक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक भूमिकामा महिला र पुरुषको समान सहभागिता नपाइएको, उपन्यासमा अधिकांश पात्रहरू पितृसत्तात्मक मानसिकताबाट ग्रसित भएको भाषिक प्रयोगको दृष्टिले हेर्दा शिक्षित, अशिक्षित, वर्गले बोल्ने भाषाको प्रयोगका साथै केही कुटनीतिक भाषाको प्रयोग भएको, उपन्यासमा सरल र छोटो वाक्यगठन प्रक्रिया रहेको र लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिला र पुरुषलाई फरक फरक तवरबाट हेरिएको निष्कर्ष निकालिएव्को छ । यस पूर्वकार्यले प्रस्तुत शोधमा सैद्धान्तिक ढाँचा निर्माण गर्न सघाउ पुऱ्याएको छ ।

कार्की (२०७३) द्वारा '*अर्की आइमाई* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा *अर्की आइमाई* उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, *अर्की आइमाई* उपन्यासको लैङ्गिक चेतनाको अध्ययन विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *अर्की आइमाई* उपन्यासमा प्रयुक्त भाषा मूल्याङ्कन गर्नुजस्ता उद्देश्यहरू समावेश गरिएको छ । उक्त शोधमा पुस्तकालयीय विधिलाई अवलम्बन गरी अध्ययन विश्लेषणमा वर्णनात्मक, व्याख्यात्मक विधिको उपयोग गरिएको छ । उक्त शोधमा प्राथमिक सामग्रीका रूपमा शब्दहार क्रियशन्सद्वारा प्रकाशित *अर्की आइमाई* उपन्यासलाई लिइएको र द्वितीयक स्रोतका रूपमा सम्बन्धित पाठ्यपुस्तक, शोधप्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख रचना, शोध निर्देशकको निर्देशन आदिलाई अवलम्बन गरिएको छ । उक्त शोधकार्यलाई अध्याय पाँचसम्म विभाजन गरी पूर्ण बनाइएको छ । प्रस्तुत शोधकार्यलाई उपन्यासमा रहेका लैङ्गिक अवस्थाको पहिचान, लैङ्गिक चेतनाको विश्लेषण र उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कनमा सीमित गरिएको छ । उक्त शोधमा अर्की आइमाई उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा यहाँ उत्पादक भूमिका, अनुत्पादक भूमिका, सामाजिक र आर्थिक भूमिकामा महिला र पुरुषको समान सहभागिता नपाइएको, पात्रगत दृष्टिले हेर्दा उपन्यासमा पुरुष र महिलाको समान सहभागिता रहेको, अनुत्पादक तथा पुनरुत्पादक भूमिकामा हेर्दा पुरुषको सहभागिता कम रहेको, पुरुषले नारीलाई आफ्नो चाह अनुसारको उपभोग्य वस्तु वा यन्त्र बनाउने प्रवृत्तिप्रति विद्रोह गरेको निष्कर्ष निकालिएको छ । लैङ्गिक चेतनाका दृष्टिले हेर्दा शोधमा महिलाभन्दा पुरुषलाई बढी चेतनशील बनाइएको साथै वैदेशिक रोजगारले दिएको दुःख, पीडा, शारीरिक, मानसिक यातनालाई समेटी निष्कर्ष निकालिएको छ ।

कुँवर (२०७३) द्वारा '*सहयात्री* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त अध्ययनको उद्देश्यहरू *सहयात्री* उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु, *सहयात्री* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु र लैङ्गिक दृष्टिले सहयात्री उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु रहेको छ । उक्त शोधमा पुस्तकालयीय विधिलाई मुख्य रूपमा अवलम्बन गरिएको छ र अध्ययन विश्लेषणमा वर्णनात्मक र व्याख्यात्मक विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलनमा प्राथमिक सामग्रीको रूपमा शीतविन्दुको *सहयात्री* उपन्यासलाई लिइएको छ भने लैङ्गिक विषयसँग सम्बन्धित पाठ्यपुस्तक, शोध प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूलाई द्वितीयक सामग्रीको रूपमा लिइएको छ । उक्त अध्ययनले सुरुमा महिला सत्ताले पितृसत्ताको समर्थन गरेको तर अन्त्यमा विचार परिवर्तन भई पितृसत्ताको विरोध गरी स्वअस्तित्व सहित बाँच्ने प्रयास गरेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा उपन्यासको भाषिक दृष्टिले विश्लेषण गर्दा धेरै ठाउँमा ठेट नेपाली मौलिक भाषाको प्रयोग गरिएको र पुरुषले महिलाका लागि निम्न आदरको प्रयोग गरिएको पाइयो । साथै पुरुषहरूले नारीलाई आफ्नो आवश्यकता अनुसार उपभोग्य वस्तु वा मेसिन बनाउने प्रवृत्तिप्रति विद्रोह गरेको निष्कर्ष निकालेको पाइयो । सशक्तीकरणको दृष्टिबाट हेर्दा महिलाहरू महिलाबाटै प्रोत्साहित भई सशक्तीकरण तर्फ उन्मुख भएको, उपन्यासमा नारी पुरुषबाट मात्र प्रताडित नभएर महिलाहरू महिलाबाटै प्रताडित बनेको, उपन्यासभित्र महिला पात्रहरूको चिन्तनमा पनि पितृसत्ताको प्रवृत्ति हावी भएको निष्कर्ष निकालिएको छ ।

जोशी (२०७३) द्वारा '*ताप* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । जसमा *ताप* उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, *ताप* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *ताप* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरू समावेश गरिएको छ । उक्त शोधमा सामग्री सङ्कलन कार्यमा पुस्तकालयीय अध्ययन प्रक्रियालाई अवलम्बन गरी वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । प्राथमिक सामग्रीको रूपमा साङ्ग्रिला बुक्सद्वारा प्रकाशित शारदा शर्माको *ताप* उपन्यासलाई लिइएको छ भने लैङ्गिक विषयसँग सम्बन्धित पाठ्यपुस्तक, शोध प्रतिवेदन पत्रपत्रिकामा प्रकाशित लेख रचना आदिलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । *ताप* उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक भूमिकामा समानता पाइए तापनि अनुत्पादक, सामाजिक, आध्यात्मिक, धार्मिक,

राजनीतिक भूमिकामा महिलाको सहभागिता कम भएकाले असमानता पाइएको उल्लेख गरिएको छ । पात्रका रूपमा महिला भन्दा पुरुष पात्र बढी रहेको, समानताका दृष्टिले हेर्दा पुरुष पात्रभन्दा महिला पात्र बढी स्वतन्त्र र आत्मनिर्भर भएको निष्कर्ष निकालिएको छ । यस उपन्यासमा अन्य उपन्यासहरूमा भन्दा महिलालाई बढी मात्रामा स्वतन्त्र निर्णय गर्न दिई त्यसबाट तापको सिर्जना भएको कुरा उल्लेख गरिएको छ । सात अध्यायमा संरचित प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधको परिचय, अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप, अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चार, पाँच र छमा शोधमा राखिएका उद्देश्यहरूको विश्लेषण तथा अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिताहरू प्रस्तुत गरिएको छ ।

कोइराला (२०७४) द्वारा '*छाउघर* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । जसमा *छाउघर* उपन्यासमा प्रयुक्त समाजको अवस्था पहिचान गर्नु, छाउघर उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *छाउघर* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्य राखिएको छ । प्रस्तुत शोधमा पुस्तकालयीय विधि तथा अध्ययन विश्लेषणमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिहरूको प्रयोग गरिएको छ । *छाउघर* उपन्यासमा सुदूरपश्चिमको समाजमा पुरुष वर्गले महिलामाथि गरेका अन्याय, विभेद, धर्म, संस्कृतिको नाममा गरिने विभेद, पितृसत्तात्मक मानसिकता नारीमाथिको कुसंस्कार पात्रहरूमा प्रतिशोधको भावना, अधिकांश पात्रहरू रूढिवादी मानसिकताबाट ग्रसित रहेको, लैङ्गिक दृष्टिकोणले महिला र पुरुषलाई फरक फरक तवरले हेरिएको पितृसत्तात्मक सोच र अन्धविश्वासमा जकडिएको समाजका कुसंस्कार र नारीप्रतिको कुदृष्टिलाई प्रतिकार गर्दै स्वअस्तित्वसहित स्वतन्त्रवताको बाटो अँगाली विद्रोह गर्न सकिने कुरा प्रस्तुत शोधमा निष्कर्ष निकालिएको छ ।

माथि उल्लेखित शोधपत्रहरूको अध्ययन अनुसन्धान गर्दा लैङ्गिकतासँग सम्बन्धित भएर अध्ययन गरेको पाइयो । यी विभिन्न अनुसन्धानहरूले लैङ्गिकता सम्बन्धी अध्ययन गर्न सहयोग पुऱ्याएको छ । यस अध्ययन पश्चात् विद्यार्थीहरूमा लैङ्गिक क्षमता अभिवृद्धिमा सहयोग पुगेको छ । विभिन्न शीर्षकहरूमा शोधकार्य सम्पन्न भए तापनि *योगमाया* उपन्यासमा लैङ्गिकता सम्बन्धी अध्ययन अनुसन्धान नभएकोले यो अनुसन्धान उपयोगी बन्ने अपेक्षा गरिएको छ ।

## २.२ पूर्व अध्ययनको महत्त्व

कुनै पनि शोधकार्य सम्पन्न गर्नुअघि सम्बन्धित विषयमा यसपूर्व के कति मात्रामा र के कस्ता कार्यहरू सम्पन्न भए भनी विधिपूर्वक समीक्षात्मक अध्ययन गर्नु नै पूर्व अध्ययन हो । यस्तो अध्ययनले अनुसन्धेय विषयलाई उपयुक्त मार्गनिर्देश गर्न मद्दत गर्दछ । पूर्व अध्ययनका आधारमा शोध समस्या र शोध शीर्षकको चयन गर्न सघाउ पुग्दछ । आफूले अध्ययन गर्न लागेको विषयसँग सम्बन्धित रहेर सैद्धान्तिक ज्ञान प्राप्त गर्न आधारभूत ज्ञान पाप्त गर्न र नयाँ अध्ययनका लागि मापदण्ड निर्माण गर्न जस्ता कार्यमा पूर्वकार्यको अध्ययनले सहयोग गर्दछ । पूर्वकार्यको अध्ययनले सम्बन्धित शोधार्थीलाई निम्न कार्य गर्न मार्गनिर्देश गर्दछ :

(क) अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न, अध्ययन विधि र पद्धति छनोट गर्न तथा सामग्री सङ्कलनमा सहयोग पुऱ्याउँछ ।

(ख) अनुसन्धानमा नवीन धारणा तथा सिद्धान्तको खोजी गर्दछ ।

(ग) पहिले गरेका अध्ययनहरूको विश्लेषण गरी भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउँदछ ।

(घ) अनपेक्षित पुनरावृत्तिलाई हटाउन र अध्ययनको निष्कर्षलाई व्याख्या गर्न सहयोग गर्दछ ।

(ङ) पूर्व अध्ययनको पुनरावलोकनले समस्यालाई गहिरिएर बुझ्न र परिस्थितिको विश्लेषण गर्न सहयोग गर्दछ ।

## २.३ लैङ्गिक अध्ययनको सैद्धान्तिक प्रारूप

लैङ्गिक अध्ययनले महिला र महिलाजन्य व्यवहारको मात्र अध्ययन नगरी महिला र पुरुष दुबैका विभिन्न भूमिका, व्यवहार, दृष्टि, आदर्श, आस्थाको अध्ययन गर्दछ । सामान्यतया लिङ्ग र लैङ्गिकतालाई एउटै अर्थमा प्रयोग गरिएको पाइन्छ तर यी दुई धारणा नितान्त बेग्लै छन् । यी दुई अवधारणालाई समान अर्थमा बुझ्ने प्रयत्न गरेमा महिला र पुरुषबिचको सम्बन्ध, भूमिका र समाजमा उनीहरूको स्थितिलाई बुझ्न सकिँदैन । त्यसैले लिङ्ग र लैङ्कितालाई दुईवटा अवधारणामा राखेर बुझ्ने प्रयत्न गरियो भने बढी स्पष्ट हुन सक्छ । लिङ्ग र लैङ्गिक शब्दलाई अङ्ग्रेजी भाषामा सेक्स र जेन्डर भनिन्छ । जसमा सेक्सलाई

प्राकृतिक लिङ्ग र जेन्डरलाई सामाजिक लिङ्ग अन्तर्गत राखी यी दुई अवधारणाहरू बिचमा रहेको विभेदलाई छुट्टाउन सकिन्छ (आचार्य, २०७४ : २) । यसरी महिला र पुरुषको बिचमा रहेको प्राकृतिक र सामाजिक भिन्नतालाई छुट्याएका छन् । त्यसैले लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रहबाट माथि उठेर मानव हित खोज्ने विषय हो । यसरी लैङ्गिक अध्ययन मानवतामुखी समतामूलक अध्ययन हो ।

### २.३.१ लैङ्गिकताको परिचय

महिला र पुरुषलाई लिङ्गको आधारमा गरिने सामाजिक, सांस्कृतिक, धार्मिक आदि विभिन्न किसिमले गरिने विभेदलाई लैङ्गिकता भनिन्छ । लैङ्किगताका आधारमा गरिने विभेदकारी र अन्यायपूर्ण व्यवहार एवम् परम्परित मान्यताबाट निर्माण गरिएका लैङ्गिक भूमिकाहरूमा समान तथा न्यायपूर्ण अवस्थाको खोजी गर्नु लैङ्गिक चेतना हो (खनाल, २०७५ : १) । यसरी लिङ्गका आधारमा समाजले हेर्ने दृष्टिकोण नै लैङ्गिकता हो ।

समाजमा महिला र पुरुषको छुट्टाछुट्टै पहिचान हुन्छ तर यस्ता पृथक् पहिचानहरू जैविकीय मात्र नभई ती सामाजिक, सांस्कृतिक रूपले पनि निर्धारित भएका हुन्छन् । महिला र पुरुषका बिच छुट्टाछुट्टै पहिचान हुन्छ । त्यसैले यसलाई पृथक् पृथक् तरिकाले बुझ्नुपर्दछ भन्ने मान्यताको विकास केबल १९ औँ शताब्दीको अन्त्यतिरबाट मात्र भयो । यस्ता पहलहरू स्वाभाविक रूपले महिला र पुरुषबिचका सम्बन्धमा पितृसत्तात्मक समाजको स्वरूप र महिलावादसँग पनि सम्बन्धित हुने गर्दछन् (आचार्य, २०७४ : १) । लिङ्गका आधारमा महिला र पुरुषको भूमिकामा भिन्नता रहन्छ र रहनुपर्दछ भन्ने सामाजिक मूल्य मान्यताको समष्टिगत रूपलाई नै लैङ्गिकता भनिन्छ । जैविक भिन्नताले नभई समाजले सिर्जना गरेको भिन्नता नै लैङ्गिकता हो । हाम्रो समाजमा महिला र पुरुषबिच अनगिन्ती असमानताहरू रहेको पाइन्छ । लैङ्गिक अध्ययनको सम्बन्धमा धेरैजसोले लिङ्ग र लैङ्गिकतालाई एउटै रूपमा अर्थ्याएको पाइन्छ, तर यो एउटै कुरा नभई पृथक् कुरा हो । यहाँ लिङ्ग र लैङ्गिकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.३.२ लिङ्ग

महिला र पुरुषको शारीरिक परिचय नै लिङ्ग हो । महिला र पुरुषका कतिपय कुराहरू समान हुन्छन् भने कतिपय कुराहरू असमान रहेका हुन्छन् । यसरी भएको असमानताबाट नै यो महिला हो त्यो पुरुष हो भनी छुटाउन सकिन्छ । लिङ्ग स्थिर प्राकृतिक

तथा नैसर्गिक हुन्छ । भाले र पोथी अर्थात् पेनिस र भेजिनालाई लिङ्ग निर्धारण तथा भिन्नताका केन्द्र मानिन्छ । यस्तो प्रकृति विश्वभर एकनास पाइन्छ । यसलाई स्वभाविक र स्वीकार्य मानिन्छ तर अहिलेको विज्ञान र प्रविधिको चमत्कारले प्राकृतिक लिङ्ग, जिन तथा हर्मोन आदि जैविक गुणहरू समेत परिवर्तन गरी यस्तो प्राकृतिक लिङ्गलाई पनि परिवर्तन गर्ने गरेको पाइन्छ (खनाल, २०७५ : ३९) । महिला र पुरुषमा विभिन्न हर्मोनहरूको उत्पादनले गर्दा नै उनीहरूको मनोविज्ञान र जैविक भिन्नताहरू फरक फरक हुने गर्दछ । लिङ्गका आधारमा महिला र पुरुषका विशेषताहरू निम्नानुसार रहेका छन् :

**तालिका नं. १**

**महिला र पुरुषमा रहेको शारीरिक भिन्नता**

| पुरुष | | महिला | |
|---|---|---|---|
| १. | बच्चा जन्माउन नसक्ने | १. | बच्चा जन्माउन सक्ने |
| २. | गर्भधारण गर्न नसक्ने | २. | गर्भधारण गर्न सक्ने |
| ३. | दारी जुङ्गा र छातीमा रौँ हुने | ३. | दारी जुङ्गा र छातीमा रौँ नआउने |
| ४. | स्तन नहुने र स्तनपान गराउन नसक्ने | ४. | वक्ष हुने र बच्चालाई स्तनपान गराउन सक्ने |
| ५. | शारीरिक बनावटमा लिङ्ग हुने | ५. | शारीरिक बनावटमा लिङ्ग नभई योनी हुने |
| ६. | रुद्रघण्टी हुने | ६. | रुद्रघण्टी नहुने |
| ७. | शुक्रकिट उत्पादन गर्ने | ७. | शुक्रकिट उत्पादन नगर्ने |
| ८. | विशिष्ट शारीरिक गुणहरू जस्तो Maleness, masculinity, Prostate Tests, xy chromosome आदि रहनु । | ८. | विशिष्ट शारीरिक गुणहरू जस्तो Femaleness, feminity uterus, ovaries, xy chromosome आदि रहनु । |

(आचार्य, २०७४ : २)

माथिको तालिकाका आधारमा प्राकृतिक लिङ्गमा हुने विशेषताहरूका आधारमा पुरुष गुण र स्त्री गुण छुट्टिने गर्दछन् ।

### २.३.३ लैङ्गिकता

लैङ्गिकता वा जेन्डर सामाजिक सांस्कृतिक व्यवस्थाबाट निर्धारण हुन्छ । समाजले नै महिला र पुरुषलाई के गर्ने, के नगर्ने भन्ने बारे पद तथा भूमिकाको निर्धारण गरेको हुन्छ । त्यसैले महिला र पुरुषको भिन्न सामाजिक परिचय नै लैङ्गिकता हो । हरेक समाज गतिशील एवम् परिवर्तनशील हुने भएकाले समय अनुसार सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक पक्षहरूद्वारा प्रभावित हुन्छ । लैङ्गिकता भन्नाले समाज, समुदाय तथा सामाजिक सांस्कृतिक इकाइहरूद्वारा महिला र पुरुषले सम्पादन गर्ने भनिएका काम र जिम्मेवारीको समष्टि रूप हो । उदाहरणका लागि छोरी नम्र लजालु घरायसी कार्यमा सिपालु हुनुपर्दछ भन्ने कुरा सिकाइन्छ भने आधुनिक समाजमा छोरीमा यी गुणहरू हुनैपर्छ भन्ने जरुरी छैन । समाजको कारण छोरीलाई सानैदेखि घाँस काट्न, पुतलीसँग खेल्न, भाँडाकुँडा खेलाउन दिइन्छ भने छोरालाई बन्दुक, गाडि, हवाइजहाज जस्ता सामग्री खेलाउन दिइन्छ । यस्तो फरक व्यवहारले गर्दा बच्चा देखिनै छोरा र छोरीबिचको विभेद र सामाजिकीकरणको व्यवहारले गर्दा महिला र पुरुषले फरक फरक लैङ्गिक भूमिका निर्वाह गर्दछन् (अर्याल, २०६८ : ३-४) । लैङ्गिकताको आधारमा पुरुष र महिलाको सामजिक प्रभावलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**महिला र पुरुषमा हुने सामाजिक गुण**

| महिला | पुरुष |
|---|---|
| अरूमा भर पर्ने | प्रभुत्वशाली |
| कमजोर | निर्णायक |
| भावुक | स्वतन्त्र |
| घरायसी काम गर्ने | शक्तिवान् |
| आड दिने | तार्किक |
| शान्ति गराउने | कमाउने |
| रुचि नदेखाउने | नेता |
| विषयगत | बहादुर |

| | |
|---|---|
| स्याहार सुसार गर्ने | रिसाउने |
| भलादमी | तत्परता |
| उत्तेजक | वस्तुगत |
| सहने | जिद्धिवाला |
| हँसिलो | बलियो |
| मिलनसार | नेतृत्व लिने |
| विस्तारै बोल्ने | हक्की |
| पछि लाग्ने | प्राप्ति गर्ने |
| कमलो | प्रतिस्पर्धी |
| कामुक | कम कामुक |
| तथ्यपरक | सुरक्षा प्रदान गर्ने |
| लामो कपाल | छोटो कपाल |
| गहना लगाउने | गहना नलगाउने |

(आचार्य, २०७४ : ४) ।

माथिको तालिकाका आधारमा महिला र पुरुषमा हुने सामाजिक गुणहरू छुट्टिएका छन् ।

### २.३.४ लिङ्ग र लैङ्गिकता बिचको फरक

महिला र पुरुषमा भएको शारीरिक भिन्नता लिङ्ग हो भने महिला र पुरुषलाई समाजले हेर्ने दृष्टिकोण लैङ्गिकता हो । लिङ्गले बाहिरी यौन अङ्गको आधारमा महिला र पुरुषलाई छुट्टाउने गर्दछ । लिङ्ग प्राकृतिक वा जैविक कुरा हो भने लैङ्गिकता समाज, परिवार, व्यक्ति र सामाजिक मूल्य मान्यता अनुसार महिला र पुरुषबिचको सामाजिक संरचना र महिला र पुरुषका भिन्न भिन्न सामाजिक छवि नै लैङ्गिकता हो । समग्रतामा लिङ्ग र लैङ्गिकतालाई निम्नानुसार देखाउन सकिन्छ ।

तालिका नं. ३

लिङ्ग र लैङ्गिकता बिचको फरक

| लिङ्ग | लैङ्गिकता |
|---|---|
| प्राकृतिक | सामाजिक |
| विवादरहित | विवादास्पद |
| सबै काल, स्थान, परिस्थितिमा एक समान | देश, काल, परिस्थिति अनुसार फरक फरक |
| पुरुष र महिला बिच एक अर्कासँग साटासाट गर्न नमिल्ने | महिला र पुरुष बिच एक अर्कासँग साटासाट गर्न सकिने |
| अपरिवर्तनीय | परिवर्तनीय |

(भद्रा, २०७० : १०) ।

लिङ्गकै आधारमा महिला र पुरुषबिचको भूमिका निर्धारण हुने भएकाले पुरुष प्रधान समाजमा महिलाहरू पछि परेको पाइन्छ । विभिन्न सामाजिक, सांस्कृतिक, मूल्य, मान्यता, परम्पराका आडमा पनि महिला र पुरुषको बिचमा भूमिका निर्धारण गरिएको हुन्छ । जसमा प्रायः सबै समाजमा महिलाको अवस्था न्यून रहेको पाइन्छ । जैविकीय आधारमा नै महिला सक्षम र पुरुष असक्षम वा पुरुष सक्षम र महिला असक्षम हुन्छन् भन्ने मान्यता गलत रहेको छ । यस्ता मान्यताहरू धर्म, संस्कृति प्रचलन, परम्परा तथा संस्कारका आडमा गरिएका हुन्छन् । वास्तवमा सामाजिक र पारिवारिक आवश्यकतालाई ध्यान दिँदै घर बाहिर र घर भित्रका सबै कार्यमा आवश्यकताको सिद्धान्त अनुरूप भूमिका निर्धारण गरियो भने समाजमा लैङ्गिक सन्तुलन हुन्छ ।

### २.३.५ लैङ्गिक अध्ययनको क्षेत्र

सामान्यतया लैङ्गिक अध्ययन भन्नाले महिला र पुरुषको सामाजिक, सांस्कृतिक, राजनैतिक भूमिकाको अध्ययनलाई बुझिन्छ । लैङ्गिक अध्ययन सामाजिक विज्ञानअन्तर्गत पर्दछ । लैङ्गिक अध्ययन एउटा बृहत पाटो हो । लैङ्गिक अध्ययनले मानव अस्तित्वका हरेक क्षेत्रमा लैङ्गिक स्थितिको अध्ययन गर्दछ । लैङ्गिक अध्ययनको क्षेत्र व्यापक र बृहत् हुने हुँदा सीमाङ्कन गर्न कठिन भए तापनि निम्नलिखित क्षेत्रहरू लैङ्गिक अध्ययनसँग सम्बन्धित हुने गर्दछन् ।

- पितृसत्तात्मक व्यवस्था र यसले लैङ्गिक सम्बन्धमा पारेको प्रभाव ।
- सामजिक-सांस्कृतिक संरचना, मूल्य, मान्यता, पहुँच, शिक्षा, हैसियत, इज्जत, प्रथा आदि लैङ्गिक अध्ययनसँग सम्बन्धित हुन्छ ।
- नारीवाद, पुरुषत्व, यौनिकता, लैङ्गिक विभेद, लैङ्गिक हिंसा पनि लैङ्गिक अध्ययनको क्षेत्र अन्तर्गत पर्दछ ।
- परिवार, विवाह, पारिवारिक तथा वैवाहिक सम्बन्ध, संस्कार, जाति, जातियता, कानुनी  संरचना आदि लैङ्गिक अध्ययनका क्षेत्र हुन् ।

### २.३.६ लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू

लैङ्गिक अध्ययन सामाजिक अध्ययनको शाखा हो । यसले महिला र पुरुषको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, शैक्षिक अवस्थाको अध्ययन गर्दछ । प्रत्येक समाजमा समाजको नियम अनुसार महिला र पुरुषको आ-आफ्नै कर्तव्य र भूमिका हुन्छ । दुबैको भूमिका आ-आफ्नै रहे तापनि पुरुषप्रधान समाजमा महिलाहरू पछाडि परिरहेका छन् । समाजमा हरेक कार्यहरू गर्ने वा योजना निर्माण गर्ने हक पुरुषहरूलाई दिने गरिन्छ । समाजका सामाजिक कार्यहरूमा महिला अग्रसर भएको नराम्रो नजरले हेरिन्छ । पुरुषप्रधान समाजमा महिला र पुरुषबिच असमान शक्ति सम्बन्ध रहेको हुन्छ । यस्ता शक्ति सम्बन्धलाई समानान्तर अवधारणामा रूपान्तरण गर्न महिलाहरूको संरक्षण गर्नुपर्दछ । महिलाहरूको पहुँच वृद्धि गर्ने विशेष कार्यक्रमहरूलाई प्राथमिकतामा राख्नुपर्दछ । सामाजिकीकरण प्रक्रियामा असमान भएकाले उनीहरूले फरक ढङ्गले कार्य गर्दछन् । समाजमा उनीहरूका दृष्टिकोण फरक हुन्छन् । समाजले महिला र पुरुषलाई फरक ढङ्गले हेर्दछ । महिला र पुरुषको जीवन फरक फरक हुन्छ (अर्याल, २०६८ : १३) । लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू लिङ्ग जैविकीय र जेन्डर सामाजिक रूपमा संरचित हुन्छ । जेन्डर मानव इतिहासदेखि संरचित हुन्छ । जेन्डर सामाजिक सम्बन्ध र संस्थाहरूसँग सम्बन्धित हुन्छ । महिला दमनको स्रोत पितृसत्ता हो, समय र स्थान अनुसार जेन्डर फरक हुन्छ । यो अध्ययन महिला र पुरुषको भेदभाव शोषण र दमन विरुद्ध हुन्छ । जेन्डरको भूमिका महिला र पुरुषको सहमति अनुसार परिवर्तन हुन्छ ।

### २.३.७ लैङ्गिक भूमिका

स्त्री र पुरुषले गर्ने विभिन्न कार्यहरू जसलाई समाजले प्रत्यक्ष वा परोक्ष निर्धारण र वर्गीकरण गरेको हुन्छ । त्यस्ता कार्य नै लैङ्गिक भूमिका अन्तर्गत पर्दछ । सामाजिक र सांस्कृतिक विभिन्न एकाइ वा संस्थाहरूले यो र यस्ता कार्यहरू पुरुषले गर्ने, यी र यस्ता कार्यहरू महिलाले गर्ने भनेर निर्धारण र वर्गीकरण गरेका हुन्छन्, ती कार्यहरूमा स्त्री र पुरुषले निर्वाह गर्ने भूमिकालाई नै लैङ्गिक भूमिका भनिन्छ । प्रत्येक समाजमा रहेको विभिन्न परम्परा, मूल्य, मान्यता तथा विश्वासका आधारमा महिला तथा पुरुषले परिवार र समाजमा फरक फरक भूमिका सम्पन्न गरेको हुन्छ । प्राकृतिक आधारमा गर्नुपर्ने भूमिकाहरू जस्तोः शुक्रकीट उत्पादन गर्नु, डिम्ब उत्पादन गर्नु, पाठेघरमा बच्चा हुर्काउनु, बच्चा जन्माउनु तथा दुध चुसाउनु आदि कार्यहरू, स्वाभाविक र प्राकृतिक मानिन्छन् । यस्ता कार्यहरूलाई मूलतः लैङ्गिक भूमिका अन्तर्गत राखिँदैन (खनाल, २०७५: २६) । यसरी प्रकृतिले छुट्याएको लिङ्गका आधारमा समाजले नै लैङ्गिक भूमिका निर्धारण गर्ने गर्दछन् । समाजमा महिला र पुरुष विभिन्न क्षेत्रमा संलग्न रहेका हुन्छन् । उनीहरूले आफ्नो कार्यक्षेत्र अनुसार फरक-फरक भूमिका निर्वाह गर्दछन् । यस्तो नारी र पुरुषका बिचमा भएको भूमिकालाई नै लैङ्गिक भूमिका भनिन्छ ।

#### २.३.७.१ उत्पादन भूमिका

उत्पादक भूमिका भनेको आयआर्जनका लागि गरिने भूमिका हो । यस अन्तर्गत खेती, किसानी, पशुपालन, जागिर, मजदुरी, बेचबिखन, सामान उत्पादन, वितरण आदि पर्दछन् । यस्ता भूमिकाले आर्थिक महत्त्व राख्दछन् । यसरी उत्पादनशील भूमिका निर्वाह गर्दा आयआर्जन हुने हुँदा यो भूमिकालाई राम्रो मानिन्छ । उत्पादनशील भूमिकामा महिला पुरुषको समान सहभागिताको अवस्था छैन पुरुषको बढी ज्याला, रोजगारी, आयआर्जनमा पहुँच हावी छ भने महिलालाई समान काममा पनि निम्न ज्याला हुने क्षेत्रमा सीमित गर्दछन् (खनाल, २०७५ : २७) । यसरी समान भूमिकाका लागि पनि पुरुषलाई बढी मान्यता दिनु समाजमा रहेको विभेदयुक्त लैङ्गिक दृष्टिकोण नै हो । यस्ता विभिन्न उत्पादक कार्यमा पुरुषसरह महिलाको भूमिकालाई प्रवर्धन गर्दै लगेमा मात्र लैङ्गिक भूमिकामा सन्तुलन कायम गर्न सकिन्छ ।

### २.३.७.२ पुनरुत्पादक भूमिका

जुन कार्यबाट प्रत्यक्ष आर्थिक लाभ प्राप्त हुँदैन वा आर्थिक प्रतिफलका रूपमा रूपान्तरण गर्न नमिल्ने कार्यहरू अनुत्पादक भूमिका अन्तर्गत पर्दछन् भन्ने परम्परागत मान्यता हो । पछि यस्तो भूमिकालाई पुनरुत्पादक भूमिका भनेर पनि प्रस्ट्याइएको पाइन्छ । गर्भाशयमा बच्चा हुर्काउने, बच्चा जन्माउने र दूध चुसाउने कार्य सामाजिक लिङ्गभन्दा प्राकृतिक लिङ्ग अन्तर्गत पर्ने हुनाले तत् सम्बन्धी कार्यलाई सामाजिक दृष्टिकोण अन्तर्गतको लैङ्गिक भूमिकामा नराखी फरक मूल्याङ्कन गर्नुपर्ने धारणा पनि विकसित भएका छन् । पुनरुत्पादक भूमिका अन्तर्गत घरायसी कार्य, लुगा धुने, खाना पकाउने, गोठ तथा गाइवस्तुको स्याहार गर्ने, घाँस दाउरा सङ्कलन गर्ने, पारिवारिक चाँजो मिलाउने, सरसफाई गर्ने, बालबालिका तथा वृद्धवृद्धाको हेरचाह गर्ने आदि कार्य पुनरुत्पादक भूमिका अन्तर्गत पर्दछन् (खनाल, २०७५: २७) । यस्ता कार्यहरूबाट आर्थिक लाभको अपेक्षा गर्न सकिँदैन । तर पनि यो कार्यहरू मानव जीवनमा अपरिहार्य छन् ।

### २.३.७.३ सामुदायिक भूमिका

सामाजिक, सांस्कृतिक, राजनैतिक वा सामुदायिक प्रतिष्ठा प्राप्त गर्ने कार्य, आपसी सहयोग तथा सम्बन्ध बढाउने कार्य, समाजको भलाई र प्रगति हुने कार्य प्राकृतिक स्रोत, साधन तथा सम्पादनको संरक्षण सम्बर्धन गर्ने कार्य, राजनीतिक नेतृत्व गर्ने कार्य आदि कार्यहरू सामुदायिक भूमिका अन्तर्गत पर्दछन् (खनाल, २०७५ : २७) । यस्ता कार्यहरूमा विशेषतः पुरुषको भूमिका उल्लेख्य रहेको हुन्छ भने महिलाहरूलाई खासै सरिक गराइँदैन । उनीहरू समाज विकास तथा उत्थानमा सशक्त छैनन् भन्ने परम्परावादी सोचका कारण महिलाहरूलाई घरपरिवारमा मात्र सीमित गराएको पाइन्छ ।

जेहोस् नेपालको राजनैतिक परिवर्तनसँगै जनतामा बढेको चेतनाको लहरका कारण समाजको हरेक कार्यमा महिला सहभागिता वृद्धि भएको देखिन्छ । नेपालको राष्ट्र प्रमुख जस्तो गरिमामय पदमा महिला हुनु यसको ताजा उदाहरण हो । आगामी दिनमा लैङ्गिक विभेद अन्त्यका लागि परिवर्तन आउनु आवश्यक छ ।

उपर्युक्त आधारहरू मूलतः सामाजिक क्षेत्र अन्तर्गत पर्दछन् । यस्तै लैङ्गिक समालोचनाका सन्दर्भमा जैविक, आधार, भाषिक आधार, यौनमनोविज्ञानका आधारमा समेत विश्लेषण गर्न सकिन्छ ।

### २.३.८ लैङ्गिक समानता

लैङ्गिक समानता भनेको सामाजिक सांस्कृतिक रूपमा महिला र पुरुष बिचमा विभेद हुन नदिनु हो । आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, कानुनी आदि आधारमा महिला र पुरुषबिचमा देखापरेका खाडल एवम् विभेदहरूको अन्त्य गरी दुवैका बिचमा समान दृष्टिकोण कायम राख्नुलाई लैङ्गिक समानता भनिन्छ । लैङ्गिक आधारमा कुनै विभेदविना हरेक क्षेत्रमा स्त्री र पुरुषलाई उत्तिकै सहभागी बनाउनु नै लैङ्गिक समानता हो । कार्यकक्ष सुविधा, प्राप्ति, भूमिका, दायित्व, अधिकार आदि यावत सरोकारका क्षेत्रमा स्त्री र पुरुषको समान प्रतिनिधित्व, सक्रियता हैसियत तथा अवसरहरू उपलब्ध गराइनु नै लैङ्गिक समानताको अवस्था हो । पितृसत्ताकेन्द्री समाज भएकाले समाज र संस्कृतिले तोकेका तथा अपेक्षा गरेका व्यवहारहरू अधिकांशतः पुरुष प्रधान र स्त्री गौण अवस्थामा रहेको पाइन्छ । यदि मातृसत्ताकेन्द्री समाज छ र त्यहाँ स्त्री प्रधान तथा पुरुष गौण अवस्थामा रहँदा पनि लैङ्गिक समानता हुन सक्दैन । लैङ्गिक समानता कायम गर्न शिक्षाको समान अवसर, चेतनामा अभिवृद्धि सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक क्षेत्रमा समान संलग्नता र प्राविधिक ज्ञान तथा सिपमा दक्षता बढाउनु आवश्यक हुन्छ .(खनाल, २०७५ : २४) । लैङ्गिक समानता भन्नाले महिला, पुरुष, तेस्रो लिङ्गी सबैलाई समान मानवको रूपमा मान्यता दिनु हो ।

### २.३.९ लैङ्गिक समता

समानता ल्याउन गरिएको विशेष प्रयास नै समता हो । लैङ्गिक समता भन्नाले महिला र पुरुष बिचका जैविक तथा सामाजिक भिन्नताहरूलाई राम्रोसँग केलाइ महिलाको विशेष तथा प्रतिकुल अवस्थाको पहिचान गरी सोही अनुरूप आर्थिक, सामाजिक र राजनैतिक अवसरहरूको विशेष व्यवस्था र पहल भन्ने बुझिन्छ । विश्वको ऐतिहासिक सन्दर्भलाई हेर्दा पुरुषलाई बढी अवसर, अधिकार तथा स्वामित्व र सम्मान उपलब्ध गराइएको देखिन्छ । फलतः स्त्रीहरू पछाडि परेका छन् । समताले त्यस्ता पछाडि पारिएका स्त्रीहरूलाई न्यायंपूर्ण विशेष अधिकार तथा अवसरहरू दिएर सशक्तीकरण गर्दै मूल प्रवाहमा समाहित गर्नुपर्ने देखिन्छ । तर समता भन्ने वित्तिकै महिलालाई विशेष सुविधा मात्र भन्ने बुझ्नु हुँदैन । जो जसलाई उपेक्षा गरी दमन गरिएको छ, पछाडि पारिएको छ, उनीहरूलाई अग्राधिकारको व्यवस्था गर्ने स्थिति हो भन्ने बुझ्नु पर्दछ । अल्पसङ्ख्यक र सीमान्तकृत

समुदाय, जाति, वर्ग, लैङ्गिकता, यौनिकता, विशेष शारीरिक र मानसिक क्षमता भएका व्यक्तिहरू आदि सबै पक्षमा उनीहरूको अवस्था क्षमता तथा सामर्थ्य अनुसारको विशेष व्यवस्थालाई समग्रमा समता भन्ने बुझिन्छ (खनाल, २०७५ : २५) । जबसम्म सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक रूपमा महिलाहरूले कार्य गर्न वातावरण पाउँदैनन्, उनीहरूलाई अवस्था अनुसार अवसर दिइँदैन, तबसम्म समान अधिकार दिएर पनि समान किसिमले उपयोग र पहिचान गर्न सक्दैनन् । त्यसैले यस्ता अवसरहरूको सदुपयोग गर्न उनीहरूको क्षमता सशक्तीकरण गरिनुपर्दछ । महिलाकेन्द्रित कार्यक्रमको सञ्चालन गरिनुपर्छ भन्ने मान्यता समताले राख्दछ । तसर्थ सामाजिक, आर्थिक, राजनीतिक स्रोत साधनमाथि महिला र पुरुषको आवश्यकता बमोजिम समान पहुँच एवम् निर्णायक सहभागिताको प्रयास नै लैङ्गिक समानता हासिल गर्ने माध्यम हो ।

### २.३.१० सशक्तीकरण

सशक्तीकरण शब्द अङ्ग्रेजी भाषाको इन्पावरमेन्ट भन्ने शब्दको नेपाली रूपान्तरण हो । सशक्तीकरण शब्दभित्र शक्ति पनि अन्तर्निहित रहेकाले शक्ति र शक्तिगत प्रक्रियालाई बुझाउँदछ । शक्ति प्रत्येक व्यक्तिभित्र अन्तर्निहित हुन्छ । शक्ति सबै व्यक्तिमा एकनासको हुँदैन, कुनै शक्ति जन्मजात रूपमा लिएर आएको हुन्छ भने कुनै शक्ति आर्जन गरेको पनि हुन्छ । वंशानुगत तथा वातावरणबाट विभिन्न व्यक्तिलाई शक्तिशाली बनाउनु नै सशक्तीकरण हो । विविध समस्या वा अवरोधका कारण नियन्त्रित अवस्थामा रहेको शक्तिलाई उजागर गराउनु नै सशक्तीकरण हो । महिला र पुरुष बिचमा रहेका विभिन्न विभेदहरूलाई हटाउँदै न्याय र समानतामा आधारित समाजको निर्माण गर्ने विकास प्रक्रिया सशक्तीकरण हो । साथै लैङ्गिक समानताको प्रक्रिया र विकास प्रक्रिया पनि सशक्तीकरण हो (अर्याल, २०६८ : ४७-४८) । यसरी सशक्तीकरणले आम्दानीको सिर्जना, जागरण वृद्धिमा महिलाको पहुँच पुऱ्याउँदै विभिन्न किसिमका दमन र शोषणबाट मुक्त हुन सहयोग पुऱ्याउँछ ।

सशक्तीकरण समानतामूलक समाज निर्माणको महत्त्वपूर्ण आधार र प्रक्रिया हो । निर्णयमा सहभागी तुल्याउनु, नयाँ सम्भावनालाई प्रश्रय दिनु, सामाजिक गतिशीलता बढाउनु, सचेत र शिक्षित तुल्याउनु, विभिन्न अवसरहरू प्रदान गर्नु, प्राथमिकता दिनु, आत्मबल बढाई प्रोत्साहित गर्नु, प्रतिष्ठा र सम्मान दिनु, नेतृत्व  दिनु, ज्ञान र सिप प्रदान गर्नु जस्ता कार्यहरू सशक्तीकरणका प्रक्रिया हुन् । लैङ्गिक रूपमा पछाडि पारिएका वा

नियन्त्रणमा परेका व्यक्तिलाई सक्षम बनाउनुलाई लैङ्गिक सशक्तीकरण भनिन्छ । पुरुष वा पितृसत्ताबाट महिलाहरू विभिन्न स्रोत र साधनमा नियन्त्रित छन् । त्यस्ता महिलाहरूलाई अग्राधिकारसहित सबल र सक्षम तुल्याउने कार्यलाई लैङ्गिक सशक्तीकरण भनिन्छ । पृथक् लिङ्गीबाट समलिङ्गी वा अन्य लिङ्गी व्यक्तिहरू नियन्त्रित छन् र त्यस्ता नियन्त्रणबाट मुक्त गरी उनीहरूलाई सक्षम तुल्याउनु पनि लैङ्गिक सशक्तीकरण हो (खनाल, २०७५ : ३१-३२) । महिलाहरुलाई उपेक्षित वा मूलधारबाट पछाडि पारिएका छन् । उनीहरूलाई हरेक कार्यमा निपूर्ण बनाउन गरिने सबलीकरणको प्रक्रियालाई नै लैङ्गिक सशक्तीकरण भनिन्छ ।

नेपालको सन्दर्भमा सशक्तीकरण प्रक्रियालाई आर्थिक अवसरहरू तथा स्रोतहरूमा महिलाको पहुँच वृद्धि गर्ने, रोजगारी, प्रविधि, शैक्षिक, स्वास्थ्य, तालिम जस्ता सुविधाहरूमा महिलाको पहुँच वृद्धि गर्ने, आत्मविश्वासी बनाउनेसँग सम्बन्धित छ । यसरी समग्रमा सशक्तीकरण भनेको कुनै पनि अधिकार अवसर तथा सामाजिक मूल्य मान्यताबाट वञ्चित गराइएकाहरूलाई विशेष अवसर र सहुलियत सहित उनीहरूको आत्मसम्मानमा वृद्धि गरी सम्पूर्ण स्रोत साधनमा पहुँच पुऱ्याएर अधिकार सम्पन्न बनाउन र सक्षम तुल्याउने कार्य गर्नु सशक्तीकरण हो भने लैङ्गिकताका आधारमा पछाडि पारिएका र नियन्त्रणमा परेकाहरूलाई शक्ति सम्पन्न गराउने प्रक्रियालाई लैङ्गिक सशक्तीकरण भनिन्छ ।

### २.३.११ लैङ्गिकताको भाषा

भाषा विचार व्यक्त गर्ने माध्यम हो, जहाँ प्रत्येक व्यक्तिले आफ्ना विचारहरू आदान प्रदान गर्दछन् । भाषा परिचय तथा पहिचानको सङ्केत जनाउने माध्यम पनि हो । त्यसैले लैङ्गिकता र भाषाबिच सम्बन्ध छ । लैङ्गिकता प्रकट गर्ने माध्यम पनि भाषा हो । भाषाविनाको लैङ्गिक पहिचान निर्माण हुन सक्दैन । सामाजिक सांस्कृतिक व्यवहारहरू र मानवीय सम्बन्धको विकास तथा सञ्चरणका लागि पनि भाषा नै चाहिन्छ । महिला तथा पुरुषको लागि पनि भाषा नै चाहिन्छ । महिला तथा पुरुषले गर्ने भाषिक प्रयोग, विपरीत लिङ्गी तथा समलिङ्गीले गर्ने भाषिक प्रयोग, तिनीहरूको परस्पर र भिन्न भिन्न परिचय तथा पहिचानका लागि प्रयोग गरिने भाषालाई लैङ्गिकताको भाषा भनिन्छ (खनाल, २०७५ : ३२-३३) । यसरी लैङ्गिकताको भाषा भन्नाले लैङ्गिक आधारमा प्रयोग हुने अथवा महिला र पुरुषलाई सम्बोधन गर्ने भाषा भन्ने बुझिन्छ ।

लैङ्गिकतासँग सम्बन्धित सम्पूर्ण भाषिक सन्दर्भहरूलाई लैङ्गिकताको भाषाका रूपमा लिइन्छ । महिला तथा पुरुषलाई प्रयोग गरिएको शब्दावलीको विशेष अर्थ रहेको हुन्छ । विश्व सामाजिक तथा सांस्कृतिक परिवेश, विभिन्न परम्परागत संस्कार, वेद, उपनिषद्, पुराण तथा धर्म ग्रन्थहरूका प्रभावबाट विकसित हुँदै आएको पाइन्छ । जसका आधारमा महिलाहरूलाई प्रशंसा सँगसँगै निन्दा पनि गरिएको पाइन्छ । प्रशंसा यस आधारमा गरिन्छ, जतिबेला महिलाहरूले समाजले चाहेका आदर्श मूल्यमान्यता, नम्र स्वभाव, लज्जालु, सहनशील, रूपवती, दुःख, कष्टमा समेत नबोल्ने, घरपरिवारको सेवामा जीवन समर्पण गर्न सक्ने आदर्श महिलाका रूपमा लिई उच्च प्रशंसा गरेको पाइन्छ । यस्तो अवस्थामा महिला माथि हुने दमन तथा शोषणलाई समाजले महसुस गरेको देखिँदैन । यसरी नै युगौं युगदेखि चलिआएको कुसंस्कार तथा कुरीतिको कारणले महिलाको विकासमा अवरोध खडा गरेको देखिन्छ ।

सामाजिक साहित्यिक क्षेत्रमा पनि महिलाहरूलाई विभेद गरेको पाइन्छ । हरेक क्षेत्रमा महिलालाई कमजोर, सहायक र उपेक्षित पात्रको रूपमा र पुरुषलाई मुख्य बलियो पात्रको रूपमा उभ्याउनु पनि लैङ्गिक विभेद नै हो । त्यसैले सबै ठाउँमा महिला र पुरुष समान हुनुपर्छ भन्ने विचार लैङ्गिकताको भाषामा राखिन्छ । लैङ्गिक विभेद हरेक क्षेत्र र समाजमा व्याप्त भएकोले यसलाई अन्त्य गर्नु आजको टड्कारो आवश्यकता हो । परम्परागत रूपमा प्रयोग गर्ने भाषाले वर्तमान समयमा पनि बोल्दै र प्रयोग गर्दै आएकाले ती शब्दहरूले लैङ्गिक विभेदहरू सिर्जना गर्न सहयोग पुऱ्याएको छ, त्यसकारण लैङ्गिक विभेद अन्त्य गर्नका लागि ती शब्दको सट्टा नयाँ शब्दहरूको प्रयोग गर्न थालिएको छ । लैङ्गिक दृष्टिले महिला र पुरुषको प्रयोग गर्ने भाषामा समानता हुनुपर्दछ र उनीहरूलाई हेर्ने दृष्टिकोण पनि सकारात्मक हुनुपर्दछ ।

# अध्याय तिन

# शोधविधि र प्रक्रिया

शोधकार्यलाई व्यवस्थित, प्रभावकारी, वैध, विश्वसनीय र वस्तुनिष्ट बनाउन अवलम्बन गरिने प्रक्रियालाई अध्ययन विधि भनिन्छ । अध्ययन अनुसन्धानको विभिन्न स्वरूप संरचना तथा बनोट हुने गर्दछ र त्यसै बनोट अनुसार अध्ययन विधि छनोट गर्नुपर्ने हुन्छ । अनुसन्धानका लागि आवश्यक पर्ने सामग्रीको स्रोत, सङ्कलन र त्यसको विश्लेषणसम्म उपयोग गरिने प्रक्रिया वा तरिकालाई अध्ययन विधिका रूपमा लिन सकिन्छ । अनुसन्धान खासगरी एक औपचारिक एवम् व्यवस्थित कार्य भएकाले यस विषयसँग सम्बन्धित निश्चित विधिको उपयोग गरिएको छ । यस अध्ययनलाई पूर्ण बनाउनको निम्ति पुस्तकालयीय अध्ययन, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन *योगमाया* उपन्यासको लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा लैङ्गिक भूमिका अन्तर्गत उत्पादक, पुनरुत्पादक र सामुदायिक भूमिका र लैङ्गिक समानता कायम गर्न उपयुक्त  सुझावहरू प्रस्तुत गरिएको छ ।

## ३.१ शोधको ढाँचा

कुनै पनि कार्यलाई सिलसिलाबद्ध रूपमा अगाडि बढाउनका लागि एउटा निश्चित अध्ययन विधिको खाँचो पर्दछ । त्यस्तै गरी अनुसन्धानका लागि पनि निश्चित विधिको आवश्यक पर्दछ । अनुसन्धान कुन तरिकाले कसरी गरिँदै छ भन्ने कुरा अध्ययन विधि अन्तर्गत पर्दछ । अनुसन्धानलाई उद्देश्यमुखी बनाउन अध्ययन विधिको उपयुक्त ढङ्गबाट छनोट गर्नुपर्दछ । यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउँन मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ भने सङ्कलित सामग्रीलाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरू

अनुसन्धानमा सङ्कलित तथ्यलाई तथ्याङ्क भनिन्छ । तथ्याङ्कलाई तथ्य र सामग्री पनि भनिन्छ । अनुसन्धानमा तथ्याङ्क सङ्कलनको विशेष महत्त्व रहेको हुन्छ । यस अध्ययनलाई सही गन्तव्यमा पुऱ्याउनका लागि लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तकहरू, लेख, पत्रपत्रिका र शोधपत्रहरू सङ्कलन गरी सो सामग्रीहरूको अध्ययन गरी

शोधकार्यलाई अगाडि बढाइएको छ । यस अध्ययनमा सामग्री सङ्कलनका दुईओटा स्रोत रहेका छन् :

### ३.२.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य *योगमाया* उपन्यासको लैङ्गिक अध्ययनसँग सम्बन्धित हुने भएकाले प्राथमिक स्रोत अन्तर्गत नीलम कार्की निहारिकाद्वारा लिखित *योगमाया* उपन्यासलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ ।

### ३.२.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा द्वितीयक सामग्रीको रूपमा शोध शीर्षकसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, समालोचनात्मक कृति, शोधपत्र, खोजमूलक लेख र शोध निर्देशकको सल्लाह सुझावलाई समेत आधार सामग्रीका रूपमा लिइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका विधि

पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनलाई व्यवस्थित र वैज्ञानिक बनाउनका लागि लैङ्गिक अध्ययनसँग सम्बन्धित पाठ्यपुस्तक, शोधपत्र, लेख, समालोचनात्मक कृति आदिबाट सामग्री सङ्कलन गरिएको छ । विशेषतः पुस्तकालयीय अध्ययन विधि र अंशतः व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

## ३.४ विश्लेषण प्रक्रिया

जुनसुकै अनुसन्धानात्मक कार्यलाई प्रभावकारी रूपमा विश्लेषण गर्नका लागि खास किसिमको प्रक्रियाको अवलम्बन गर्नुपर्ने हुन्छ । प्रस्तुत अनुसन्धानलाई निश्चित उद्देश्य र निष्कर्षमा पुऱ्याउन प्राथमिक स्रोत सामग्री अन्तर्गत *योगमाया* उपन्यासलाई विश्लेषणको प्रमुख आधार बनाइएको छ । यस शोधलाई विश्वसनीय बनाउनको लागि सैद्धान्तिक आधारहरू निर्माण गरी त्यसकै आधारमा उपन्यासलाई विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यमा नीलम कार्की निहारिकाद्वारा लिखित *योगमाया* उपन्यासमा प्रस्तुत गरिएको लैङ्गिक स्थितिबारे अध्ययन गरिएको छ । *योगमाया* उपन्यासमा लैङ्गिकताको भाषा, सशक्तीकरण, हिंसा, लैङ्गिक, समानता र समता, सामुदायिक, पुनरुत्पादक भूमिका आदि निर्माण गरी तिनैको आधारमा कृतिको विश्लेषण गरेर मूल्याङ्कनसहित निष्कर्ष निकालिएको छ । यस शोधपत्रमा लैङ्गिकताको अवस्था प्रतिविम्बन गर्ने संवाद लिइएको छ । यसका लागि २० जनाको लैङ्गिक सन्दर्भमा केन्द्रित संवादलाई लिई विश्लेषण गरिएको छ ।

# अध्याय चार

## *योगमाया* उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्था

*योगमाया* उपन्यास ऐतिहासिक उपन्यास हो । यस उपन्यासमा आधारित घटनाक्रमहरू सत्य घटनामा आधारित छन् । यसको परिवेश पितृसत्तात्मक सोचले जगडिएको नेपाली समाज हो । यस उपन्यासमा प्रयुक्त पात्रहरूले पितृसत्तात्मक सोच राख्ने, पुरुषले जे गरेपनि हुने र महिला सधैँ समाज र पुरुषकै अधिनमा बाँच्नुपर्ने कुरा अङ्गालेका छन् । अन्याय, अत्याचार, विभेद, महिलामाथि हुने हिंसाले एउटा नारीमाथि आएको समाज सुधारको चेतनालाई यस उपन्यासले समेटेको छ । उपन्यासमा वर्णित समग्र घटनाक्रमलाई हेर्दा हाम्रो समाजले नारी माथि ठूलो विभेद, अन्याय र अत्याचार गरेको देखिन्छ । उपन्यासमा अशिक्षा र चेतनाको कमीले गर्दा र पितृसत्तात्मक सोच राख्ने पात्रहरूको कारणले गर्दा लैङ्गिक विभेद, अन्याय र अत्याचारको सिकार महिला भएको पाइन्छ । उपन्यासमा प्रयुक्त केही पुरुष र स्वयम् महिलाले पनि पितृसत्ताका लागि आत्मसमर्पण गरेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा योगमायाले भोगेका जीवनका कथा, व्यथाहरू र उनले समाज र राष्ट्रका निम्ति दिएको योगदानको बारेमा चर्चा गरिएको छ । एउटा सामान्य परिवारमा जन्मेकी मायादेवी अर्थात् योगमायाले आफ्नो जन्मघरबाट बिदा भएर कर्मघर गई त्यहाँ विभिन्न अन्याय, अत्याचारको प्रकोपबाट प्रताडित भई उक्त घरबाट भागेर माइत पुग्दा घरकाले तिन रात बाहिर बसेकीलाई नस्वीकार्ने भन्दै अड्डा अदालत जान तयार भएको र माइतीमा पनि बाबाको आँखाको तारो भएर धेरै दिन बस्न नसकी आसामतिर गइन र त्यतै अर्को बिहे गरी छोरी पाएर छोरी आठ वर्षकी भएपछि आफ्नो जन्मभूमि फर्किएर आइ समाजमा भएको कुप्रथा र कुसंस्कारको विरुद्धमा लडि अन्त्यमा धर्मराज्य स्थापनाका लागि योगमाया सहित छैसट्ठी जनाले अरूणमा आत्मदाह गरेका छन् । योगमायाको यो बलिदानले समाज परिवर्तनको माग राखेको थियो ।

*योगमाया* उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्थालाई यसप्रकार प्रस्तुत गरिएको छ :

चालीस पुग्न लागी, गाजर काटी ल्याउने ढङ्ग भने छैन मेरी बैनीको । (पृ. १४)

बार्बरा निम्रीसँग पारिजातले आफ्नी बैनी चालिस पुग्न लागेपनि गाजर काटेर ल्याउने ढङ्ग छैन भनेकी छिन् । यहाँ उमेरको परिपक्वतासँग महिलामा पनि परिपक्व व्यवहार आउनुपर्छ भन्ने कुरा देखाउन खोजिएको छ । हाम्रो नेपाली समाजमा महिलाले केही कार्य गर्न नजाने ढङ्ग नभएकी र पुरुषले त्यस्तै गरे छोरो मान्छे भएकाले केही फरक नपर्ने कुरा स्विकारेको पाइन्छ । यहाँ पारिजात आफैँमा साहित्यकार भएकोले यस्तो अभिव्यक्ति उपयुक्त देखिएको छैन ।

"सुस्तरी हिँड । केटी मान्छेले पैतला बजाको निको होइन" (पृ. २९) ।

माथिको प्रसङ्गले पितृसत्तात्मक सोचका कारण छोरा मान्छे जसरी हिँड्दा पनि फरक नपर्ने र छोरी अलि ठूलो आवाज निकालेर हिँडेपछि पैतला बजाको भनी संज्ञा दिने कुरालाई देखाइएको छ । यहाँ तुलसाकी आमा गङ्गाले आफ्नी छोरी भऱ्याङमा आवाज निकालेर हिँडेपछि केटी मान्छेले पैतला बजाउनुहुँदैन भनेर विभेदजन्य व्यवहार गरेकी छिन् । छोरो गिरी त्यसरी हिँड्दा केही नहुने र छोरी हिँड्दा राम्रो नमान्ने परम्परालाई बढावा दिएकी छिन् ।

"दिदीलाई माथि चौकीमा बोलाएर मसँगै भान्छा नगराउनु । उही दिन जितेले देखिसक्यो । खानेबेला कोही आएर देखे वित्यास पर्छ" (पृ. ६५) ।

माथिको प्रसङ्गले मायादेवी ब्राह्मण कुलमा जन्मे पनि दुई ठाउँमा बिहे गरेको र जात खसेर जैसिनी भएको भन्दै मायादेवीको भाई अग्निधरले आफ्नी दिदीलाई आफूसँगै चौकामा राखेर खाना नखुवाउनु भन्दै आफ्नी श्रीमती गङ्गासँग भनेका छन् । यहाँ पितृसत्तात्मक मानसिकता हावी भएको देखिन्छ । अशिक्षा र अज्ञानताको कारण पनि यस्तो विभेद भएको देखिन्छ ।

"माटैमा खेलेर माटैमा हुर्किएकी हुँ म पनि । जन्मेदेखि आजसम्म खेलेकै माटो न हो । हामी छोरी जाति अक्षरसँग खेल्न पाइएन के गर्नु ?" (पृ. ७१) ।

यस प्रसङ्ग गङ्गाले मायादेवीसँग बारीमा मकै गोड्दा भनेकी हुन् । उनले छोरी जाति भएकै कारण अक्षरसँग खेल्न नपाएको र आफ्ना दाजुभाइले पण्डित भई बेद पढ्दै हिँड्ने गरेको कुरा गरेकी छन् । यसरी छोराले मात्र पढ्नुपर्दछ, छोरीले पढेर के काम अर्काको घरमा जाने जात भन्ने जस्ता कुराहरू समाजले गर्ने र छोरा र छोरीमा भेदभाव गर्ने हाम्रो परम्परागत नेपाली समाजको पनि चित्रण गरिएको छ । छोरीलाई पनि शिक्षा दिई

छोरालाई जस्तै अवसर दिइयो भने छोराभन्दा कम हुँदैनन् तर यहाँ अज्ञानताको कारणले लैङ्गिक विभेद भएको पाइयो ।

"हेर ढङ्ग । सबै छरियो । पोइको घर खानेबेला भइसक्यो, ढङ्ग भने यस्तो छ । कस्ती आमाले हुर्काएकी छोरी होली भन्ने अबगाल आउने मलाई त हो पछि (पृ. ७५) । तुलसाले एकमुठा हरिया पात ल्याएर चौकामा फाल्दा पात सबै छरिएका कारणले तुलसाको आमा गङ्गाले आफ्नी छोरीलाई कराएकी छिन् । छोरीको जात अर्काको घरमा जाने जात र माइतीमै सबै काम सिकाएर निपूर्ण बनाएर पठाउनुपर्ने त्यसो नभए आमालाई नै आरोप लाउने नेपाली समाजको प्रवृत्ति रहेको पाइन्छ । पितृसत्तात्मक सोचका कारण पनि हाम्रो समाजमा छोरा र छोरीबिच यस्ता विभेदका खाडलहरू यथावत नै रहेको पाइन्छ । योगमायाको बिहे भएको घरमा उनीमाथि भएको अन्याय, अत्याचार सहन नसकी राति नै भागेर माइत हिँड्दा र बाटो बिराउँदै तिन दिनमा आफ्नो जन्मघर सिम्ले पुग्दा बडीआमाले उनलाई सम्झाउँदै यस्तो भने कि छिन् : "किन भागी हिँडेकी ? दिएकी छोरी, कसैलाई नभनी घर बाहिर पाइला राख्नुहुन्छ ? तैँले आफ्ना खुट्टामा बञ्चरो हानिस् नानी" (पृ. ९४) । यहाँ दिएको घरमा जति अन्याय अत्याचार भएपनि सहेरै बस्नुपर्ने र कसैलाई नसोधि घरभन्दा बाहिर पाइला पनि राख्न नहुने कुरा व्यक्त गरिएको छ । छोरा मान्छे जहाँ जाँदा जे गर्दा पनि हुने छोरी मान्छे भने आफ्नो जन्मघर आउँदा पनि अपराधीलाई जस्तो व्यवहार गर्ने समाजलाई देखाइएको छ । कसैलाई नसोधी आउँदा आफ्नो खुट्टामा बन्चरो हानेको जस्तो हुने कुरा अभिव्यक्त भएको छ ।

"हामी आइमाई मान्छे आफ्नो डोली भित्रिएको घरबाट बिदा नपाई निस्कनु भनेको कात्रोमा बेरिँदा मात्रै हो । नत्र जे परे पनि सहेरै बस्नुपर्छ देका घराँ" (पृ. ९६) । मायादेवी धोद्लेको घर छोडेर माइत आउँदा बडिआमाले उनलाई दिएको घरबाट बिदा नपाई निस्कने दिन भनेको कात्रोमा बेरिँदा वा मरेपछि मात्रै हो, त्यसैले तैँले बिदा नलिई भागेर आएकीले ठूलै विराम गरिस् भनी सम्झाएकी छिन् । यहाँ यस वाक्यांशले सम्पूर्ण नेपाली नारीहरूले बाबाआमाले दिएको घरमा जस्तोसुकै अन्याय अत्याचार भएपनि सहेरै बस्नुपर्छ, कसैलाई नसोधी घरबाट बाहिर खुट्टा हाल्नु हुँदैन, भनी नेपाली नारीहरूको अधिनतालाई देखाएको छ । नेपाली समाज पुरुषप्रधान सोचबाट ग्रसित भएको हुँदा आजको समयसम्म पनि नारीहरू हिंसामुक्त हुन सकेका छैनन् ।

योगमायाले पटकपटक खबर पठाउँदा पनि आफ्ना बाबाआमा आफूलाई लिन नआएको र घरका सदस्यसँग बिदा माग्दा पनि माइत जाने अनुमति नदिएपछि उनी भागेर माइत जाँदा बडिआमा, बाबा र गाउँकै मुखियाले समेत उनलाई यस्तो भनेका छन् । "न्यास्रो लाग्यो भन्दैमा बुहारी मान्छे सुटुक्क घर छोडेर भाग्छन् ? घर सम्हाल्ने मानमर्यादा राखेर रायसल्लाहमा पो हो घर माइत गर्ने (पृ. ९८) । यसरी बिहे भइसकेकी छोरी आफू जन्मिएको घरमा आउँदा पनि अपराध नै गरे जसरी हाम्रो नेपाली समाजले व्यवहार गर्दछ । परम्परागत व्यवहारलाई बढावा दिँदा पनि यस्ता खालका लैङ्गिक विभेदहरू समाजमा उत्पन्न हुन्छन् ।

"हेर छोरी घर खान सजिलो हुँदै हुन्न । बुहार्तन सहन नपर्ने कुन बुहारीलाई होला ? सबैको उस्तै हो । भए बिस उन्नाइस । अब आइन्दा यस्तो गल्ती कहिले नगर्नु । टिकेर बस्नुपर्छ बाबै देका घराँ" (पृ. १०३) । यस प्रसङ्गमा मायादेवीलाई उनकी आमाले सम्झाउँदै छोरीलाई पराइ घर गरिखान सजिलो हुँदैन, सबैले बुहार्तन सहनु पर्छ तँ पनि सहेर बस्नु र अब यस्तो भागेर आउने गल्ती कहिल्यै नगर्नु भनेकी छिन् । यस्तो भनाइबाट पितृसत्तात्मक सोच हाम्रो समाजमा पुरुषहरूमा मात्र नभई नारीहरूमा पनि पुरुषवादी सोचको वर्चस्व रहेको देखिन्छ ।

"आउँदा आउँदै बाले भन्नुभो खत्तम भो ! नाश भो ! सकियो : सबै सकियो । नाक काटियो ! तिन दिन हराएकीलाई हामीले बुहारी भनेर घरमा भित्राउने छैनौँ । लड्न परे अड्डा जान्छौ भने कोइराला खलकले" (पृ. १०३) । योगमाया माइत आएपछि उनको बाबा कोसेली लगेर छोरीलाई केही दिनपछि ल्याउने वाचा गर्न गएको बेला योगमायाको घरका मान्छेहरूले उनलाई नस्वीकार्ने बरु जे गर्न पनि तयार छौँ भन्दै अड्डा जान तयार भएको कुरा घरमा आई आमा र योगमायासँग भन्दछन् । तिन दिन हराएकी भनेर नस्वीकारेको कारणले आफ्नो छोरीको केही गल्ती नहुँदा पनि नाक काटियो, सबै सकियो, इज्जत नै गयो भन्ने जस्ता अभिव्यक्तिबाट नेपाली समाजमा छोराले जे गर्दा पनि हुने तर छोरीले घरभन्दा बाहिर खुट्टा हालेमा दोषी कहलाउनाले हाम्रा समाजमा अझै पनि पुरुषहरूको सत्ता प्रबलता रहेको देखिन्छ ।

"भनिराका हुन्थे आउनेहरूले एक्लो गोठमा त्यसरी आइमाई मान्छे भोकभोक तपस्यामा बस्नु सानो कुरा हो ? एक छाक खान ढिलो भो भने त हाम्लाई रिँगटा चल्छ" (पृ. १४६) । योगमाया एक महिनाको कठोर तपस्याबाट बाहिर निस्केपछि उनलाई भेट्न आउने

मान्छेहरूले माथिको वाक्य भनेका छन् । यस अभिव्यक्तिले पुरुषहरूभन्दा महिला कमजोर हुने भन्दै आइमाई मान्छे भोकभोकै तपस्यामा बस्न जो कोही नसक्ने भनिएको छ । योगमायाले आफूले भोगेको जस्तो अन्याय, अत्याचार अब कसैले पनि भोग्न नपरोस भनी धर्मको मार्गमा चली समाज परिवर्तनको उद्देश्य राखी तपस्या गरेकी थिइन् ।

तुलसालाई घर पठाउने कुरामा गङ्गा र अग्निधरको बिचमा भनाभन हुन्छ । यसै क्रममा गङ्गा र तुलसा रुन्छन्, त्यहीबेला अग्निधरले भनेका छन्, "आइमाईको जात रोइदिएपछि सबै काम फत्ते हुन्छ भन्ने सोच्दा हुन् । ऊ बेला दिदी पनि त देको घर धोद्ले छोडेर आएपछि यसरी रोएर माइती बसेकी हुँदी हुन् । त्यसको परिणाम सामुन्ने छ । अहिले आएर यो गाइँ-गाइँ" (पृ. १६६) । गङ्गाले आफ्नी छोरी घर नपठाउने भनेर रोइरहेकी थिइन् तर अग्निधरले भने छोरीलाई घर पठाउने भनेका हुन्छन् । अग्निधरलाई तुलसा योगमायाको कुटीतिर गएको मन पर्दैन र भोलि छोरीको पनि आफ्नी दिदीको जस्तै घर बिग्रेला भन्ने मनसायले गङ्गालाई गाली गर्दछन् । अग्निधरलाई योगमायाले तपस्या गरेको गाउँका पुरेतहरूसँग वेदको विषयमा विवाद गरेको मन परेको हुँदैन । यहाँ अग्निधरमा पनि पुरुषत्वको प्रभाव देखिन्छ ।

## ४.१ भूमिकापरक अध्ययन

लैङ्गिक आधारमा प्रत्येक समाजले महिला र पुरुषको भूमिका निर्धारण गरेको हुन्छ । समाजले निर्धारण गर्ने भूमिकाहरू उक्त समाजको धर्म, संस्कृति, परम्परा, मूल्य, मान्यता आदिका आधारमा फरक-फरक हुने गर्दछन् । महिला र पुरुषले आफ्नो कार्यक्षेत्रको आधारमा पनि फरक-फरक भूमिका निर्वाह गरेका हुन्छन् । लिङ्गका आधारमा महिला र पुरुषको भूमिकालाई लैङ्गिक भूमिका भनिन्छ । लैङ्गिक भूमिका समयको परिवर्तनसँगै परिवर्तित हुँदै जान्छ ।

*योगमाया* उपन्यासमा भूमिकापरक अध्ययन गर्दा महिला र पुरुषले गर्ने कार्यका आधारमा विश्लेषण गरिएको छ । यस उपन्यासमा धेरै ग्रामीण परिवेश थोरै मात्रामा सहरिया परिवेश प्रस्तुत गरिएको छ । यस उपन्यासमा शिक्षित पात्रहरू न्यून रहेका छन् भने अशिक्षित पात्रहरूको बाहुल्यता बढी छ । योगमायाले आफ्नो कुटीमा भजन, किर्तन र विभिन्न योगवाणीको माध्यमबाट समाजको अन्धकारलाई चिर्दै ज्योति फिँजाएकी छिन् । उपन्यासमा योगमाया, गङ्गा न्यौपाने, दुखुना, नैनकला, तुलसा, नरमाया, इन्द्रमाया, काइँली

कमिनी, खड्किनी आमै, जिम्मालनी आमै, निरौलाकी बुहारी, खनालनी, सुवेदीको बुहरी, कौशिल्या, मिश्रिनी, देउती माया, मनमाया बस्नेत, चमेली धर्तिनी, मनमाया, बालुमाया, नन्दकुमारी, इन्द्रमाया, रम्भा, भद्रमाया, देवकी  गौतम, कोकिला, शिवमाया, कान्छी थापा, यदुकुमारी, चन्द्रकुमारी, दिव्येश्वरी, अन्नपूर्ण, अम्बिका कृष्णकुमारी, सेती, सुब्बा बाइवा, बार्बरा निम्री अजिज, पारिजात, कान्छी तामाङ, पूर्णमाया मुखेनी, ढुङ्गेल्नी, कटुवाल्नी, माहिली नेवार्नी, कालीमाया, चूडाकुमारी, देवीथापा, भजिनी, जोगिनी, कमलादेवी, महेश्वरी गिरी, भजन कीर्तनमा आउने महिलाहरू आदि महिला पात्रहरूको उपस्थिति देखिन्छ । त्यस्तै पुरुष पात्रहरूमा अग्निधर, महानन्द भण्डारी, प्रेमनारायण भण्डारी, महेश्वर, गिरी, रघुनाथ, पद्मलाल, नरे, जिते, योगमायाको बा, टेकबहादुर बस्नेत, षडानन्द गुरु, डिल्लीबहादुर बस्नेत, मुरारी अर्याल, नरेन्द्रबहादुर, गन्जबहादुर, सूर्यबहादुर, रत्नमान, पहलमान, रामहरि कुमाल, जङ्गबहादुर, चापागाई बाजे, भीमबहादुर, बलभद्र, जमान सिंह, पहलमान, नन्दसिंह स्ववितमान, मोतीबहादुर, धनपति, रघुनाथ, रघुनाथ तिवारी, लोचननिधि तिवारी, कविप्रसाद गौतम, सापे दमै, गोपीकृष्ण, गोविन्द उपाध्याय, जम्दार बलभद्र, गैंडे, काठमाडौंका राजा, श्री तिन महाराजहरू, पण्डितहरू, शेरबहादुर राई आदि विभिन्न पुरुष पात्रहरूको उपस्थिति रहेको पाइन्छ । *योगमाया* उपन्यासको भूमिकापरक अध्ययन निम्नानुसार व्याख्या विश्लेषण गरिन्छ :

### ४.१.१ पुनरुत्पादक भूमिका

महिलाहरूको प्राकृतिक पुनरुत्पादक भूमिका अन्तर्गत गर्भधारण गर्ने, बच्चा जन्माउने, स्तनपान गराउने आदि कुराहरू पर्दछन् भने अनुत्पादक भूमिका अन्तर्गत खाना बनाउने, बालबच्चाको स्याहार गर्ने, परिवारका सदस्यहरूको हेरचाह गर्ने, सरसफाइ गर्ने, आदि कार्यहरूका साथै दैनिक रूपमा गरिने सबै कार्यहरू पर्दछन् । यस्तो कार्यहरूमा पुरुषको सहभागिता न्यून रहेको पाइन्छ । *योगमाया* उपन्यासमा रहेको पुनरुत्पादक तथा अनुत्पादक भूमिकालाई यसरी देखाइएको छ ।

गङ्गाले आफूले पहिलेका दुई सन्तानलाई जन्म दिँदा त्यति गाह्रो नभएको र तेस्रो सन्तानलाई जन्म दिने बेला पाएको दुःखको यसरी बयान गरेकी छिन् : “तुलसा र गिरी पाउँदा त्यति विधि गाह्रो भाथेन मलाई । तर त्यो पछिल्लो बेला भने निकै साह्रो भो रगत बगिरहन्थ्यो । हातखुट्टा दाउराजस्ता भाका थे । शरीर पहेँलै हलेदोझैँ । टाढा हिँड्डुल गर्न

नहुने, सास फुल्ने । महिना पुग्ने बेलामा पनि खान केही नहुने उभै निक्लिहाल्ने । निकै नै कमजोरी थकाइ लागिरहने" (पृ. २०२) । यहाँ दुःख कष्ट सहेर एउटा नारीले मानव संसार बचाइराखेको कुरा उल्लेख भएको छ । यहाँ गङ्गाले सम्पूर्ण नारीहरूको पीडा बोलिरहेकी छिन् ।

दुखुना रोइरहेको र दुखुनासँग घरको अरू जिम्मेवारीहरू पनि बहन गरेको कुरा गङ्गाले यसरी व्यक्त गरेकी छन् : "दूध चुसाउन लागेपछि भने दुखुना रुन छाडी । चुस्दै काखमा निदाई । ज्यान परेकी थिई, बोकी हिँड्न गारो । म बसेकै निर उसलाई सुताएँ र एक बटुको ढकनी गिरीलाई खान दिई आफू काममा लागे" (पृ. २१५) । यसरी गङ्गाले छोराछोरी सँगै घरको सम्पूर्ण कार्यहरू सम्हालेकी छन् ।

गङ्गाको काइँली भाउजुलाई बेथा लागेको कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ । "काइँली भाउजुलाई बेथा लागेको छ भनी माथि सिम्लेबाट झरेकाले खबर लिएर आए" (पृ. १६८) ।

"आमाको दुध चुस्ने नानीहरूसँग आमा नै गोठभित्र थे" (पृ. ३३०) । शीतलामाईले गाउँका बच्चादेखि बुढासम्म बिरामी परेका थिए । ठूलाको भन्दा साना बच्चाको ज्यान शीतलामाईले लिइरहेको थियो । गङ्गाको छोरी तुलसा र गिरीलाई पनि शीतलामाइले लग्यो । यसको उपचारका लागि ठूलीहजुरको पहलमा तुम्लिङटारबाट वैध बोलाइएको थियो र विरामीलाई उपचार गर्न एउटा गोठ बनाइएको थियो । उक्त गोठमा आमाको दुध चुस्ने नानीहरू आफ्नै आमासँग गोठभित्र नै थिए ।

### ४.१.२ अनुत्पादक भूमिका

अनुत्पादक भूमिका भनेको आयआर्जनका लागि गरिने भूमिका हो । यस अन्तर्गत खेती, किसानी, पशुपालन, जागिर, मजदुरी, बेचबिखन, सामान उत्पादन, वितरण आदि पर्दछन् । यस्ता भूमिकाले आर्थिक महत्त्व राख्दछन् । यसरी उत्पादनशील भूमिका निर्वाह गर्दा आयआर्जन हुने हुँदा यो भूमिकालाई राम्रो मानिन्छ । उत्पादनशील भूमिकामा महिला पुरुषको समान सहभागिताको अवस्था छैन पुरुषको बढी ज्याला, रोजगारी, आयआर्जनमा पहुँच हावी छ भने महिलालाई समान काममा पनि निम्न ज्याला हुने क्षेत्रमा सीमित गर्दछन् । यसरी समान भूमिकाका लागि पनि पुरुषलाई बढी मान्यता दिनु समाजमा रहेको विभेदयुक्त

लैङ्गिक दृष्टिकोण नै हो । यस्ता विभिन्न उत्पादक कार्यमा पुरुषसरह महिलाको भूमिकालाई प्रवर्धन गर्दै लगेमा मात्र लैङ्गिक भूमिकामा सन्तुलन कायम गर्न सकिन्छ ।

अनुत्पादक भूमिका अन्तर्गत खाना बनाउने, बालबच्चाको स्याहार गर्ने परिवारका सदस्यहरूको हेरचाह गर्ने, सरसफाई गर्ने आदि कार्यहरूका साथै दैनिक रूपमा गरिने सबै कार्यहरू यस अन्तर्गत पर्दछन् । यस्तो कार्यहरूमा पुरुषको सहभागिता न्यून रहेको पाइन्छ । *योगमाया* उपन्यासमा रहेको अनुत्पादक भूमिकालाई यसरी देखाइएको छ ।

“खाइसकेर सबै जुठा भाँडा टिपी गग्रेटानिरको डेक्चीमा जम्मा पारेँ । ग्वालीबाट गोबर ल्याएर जुठो लोटाएँ र अघिका भाँडा खोलेनी गरेँ । अनि चुलोबाट तातो खरानी निकालेर गग्रेटोनिरै भाँडा मस्काएँ” (पृ. २८) । यस प्रसङ्ग गङ्गाले आफ्ना परिवारका सदस्यहरू सबै खाना खाएर सुत्न गइसकेपछि उनले गरेको कार्यको वर्णन गर्दा आएको हो । यहाँ घरायसी काममा महिलाको सहभागिता धेरै रहेको र यस्ता कामले उत्पादनमा टेवा नपुऱ्याएको माथिको प्रसङ्गबाट प्रष्ट भएको छ ।

“तुलसाको बा दिदी लिन गएपछि, बाहिरभित्रका सबै काम मेरै थाप्लामा थे । खेतबारी, गाई-ग्वाली, घर-आँगन, पानी-पँधेरो र बालबच्चा सबै आफ्नै जिम्मेवारी, भ्याई-नभ्याई । हरेक दिन असारको पन्ध्रजस्तो ! (पृ. ४३) । गङ्गाको श्रीमान् दिदी लिन गएपछि गङ्गालाई सहयोग गर्ने कोही नहुँदा र सबैतिर एक्लै गर्नुपर्दा माथिको वाक्य गङ्गाले भनेकी हुन्छिन् । माथिको वाक्यले काममा व्यस्त भएपनि उत्पादन गरी आम्दानी नहुने हुँदा, यस प्रसङ्ग अनुत्पादक भूमिका अन्तर्गत पर्दछ ।

“बस्नुभाउ चराउन नलगेर ग्वालीमा नै घाँसपराल हालिदिने गरेकी थेँ । घाँस काट्न पनि धेरै टाढा जान मन हुन्थेन । त्यस दिन घरबारीको तल्लो छेउको खनियाँ झारेँ” (पृ. ४६) । अग्निधर दिदीलाई लिन गएको धेरै दिन भएको थियो । गङ्गाले आफ्नो श्रीमान् र दिदीलाई कुर्दै बसेकी थिइन् र उनलाई घरको काममा धेरै मन लागेको थिएन । यहाँ गङ्गाले गरेको कार्य अनुत्पादक भूमिका अन्तर्गत पर्दछ ।

“तातोमा चिसो मिसाएर पानी र अम्खोरा लगेर ग्वालीपछाडि दाउराको कुनिउँनिर ठीक पारिदिँ । रिठ्ठो राख्दैं एउटो बटुकामा । दिदीले आफै माथि गएर आफ्ना फेर्ने धोती ल्याउनुभो । एउटा हातमा ढुङ्गाजस्तो डल्लो थ्यो । उहाँको नुहाउने-धुने साबन रैछ त्यो” (पृ.५८) । घरको कामको सम्पूर्ण जिम्मेवारी गङ्गामाथि नै रहेको हुन्छ । छोराछोरी र

घरपरिवारको सेवा गर्ने काम उनैले गरेकी हुन्छिन् । माथिको प्रसङ्गमा पनि उनले आफ्नी दिदी योगमायाको सेवा गरेकी छिन् । यस प्रसङ्गले पनि अनुत्पादक भूमिका निर्वाह गरेको छ ।

"चार घोगा मकै नाङ्लामा छोडाएँ र अगेनामा हाँडी बसाले । बाहिर छानामा सिउरिएका बाँसका कप्टेरा ल्याएर दुई घान मकै भुटें र सानो डालीमा खन्याएँ । त्यतिन्जेल तुलसाका बाले  गोठको काम निप्टाएर दूध दुहेर ल्याई ढुङ्ग्रोलाई सिँगोरोमा झुन्डाइदिए । मैले अगेनामा कुँडे बसालेर ढुङ्ग्रोको दूध खन्याएँ । एक पानी पखालेर कुँडेमै खन्याई पहिलेकै ठाममा झुन्डाएँ रित्तो ढुङ्ग्रो" (पृ. ३२-३३) । यहाँ गङ्गाले आफूले गरिरहेको काम भनेकी छिन् । उनको काममा उनको श्रीमान्ले पनि सघाएका छन् । यो उपन्यासमा रहेको अनुत्पादक भूमिका अन्तर्गत पर्दछ ।

### ४.१.३ सामुदायिक भूमिका

सामुदायिक भूमिकामा समुदायको प्रगति र भलाइका लागि गरिने कार्यहरू पर्दछन् । यस अन्तर्गत समुदायको स्रोत र साधनको संरक्षण, सम्बर्द्धन गर्ने जस्ता कार्यहरू पर्दछन् । समाजमा सामूहिक रूपमा गरिने चाडपर्व, पूजाआजा, भोजभतेर, भजनकीर्तन आदि जस्ता कार्यहरू सामुदायिक भूमिका अन्तर्गत गर्दछन् ।

*योगमाया* उपन्यासमा योगमायाका अनुयायीहरूले निकै ठूलो सामुदायिक योगदान दिएका छन् । योगमाया पहिलोचोटी ध्यान गर्दा हराएको भनी खोज्दा उफ्रौलीटार शङ्खेश्वर मन्दिरमा तपस्या गरेको भनी पत्ता लगाउँछन् । त्यसपछि गाउँका योगमायाको भलो चाहने व्यक्तिहरूले उनलाई त्यहाँबाट  निकालेर बाँकीको तपस्या गर्नको लागि कप्परगोठ बनाइदिने कुरा यसरी व्यक्त गरेका छन् : "हामी कप्परगोठ बनाइदिन्छम् । महिनाको अब बाँकी दिन त्यहीँ पूरा गर्नुस्" (पृ. १४४) । योगमायाले हुन्छ भनेपछि यसरी कप्परगोठ तयार पारेको कुरा गङ्गाले व्यक्त गरेकी छिन् : "कप्परगोठाँ बस्न राजी हुनुभो दिदी । दिदीको शुभ चिताउनेहरू सबैले मनदेखि जाँगर गरे दिदी पहिला बसेभन्दा अलिमाथि मझुवाबेँसीमै साँझ नपर्दै कप्परगोठ बन्यो" (पृ. १४४) । यसरी गाउँका मान्छेले मिलेर योगमायाको लागि कप्परगोठको निर्माण गरेका थिए ।

योगमायाले कप्परगोठमा तपस्या सकेपछि साँझमा हरिभजन हुन थाल्यो । योगमायाले समाज सुधारक वाणीहरूको वाचन पनि गर्न थाल्नुभयो । नबुझेकालाई बुझाउने

र अन्याय र अत्याचारमा पिल्सिएकालाई उद्धार गरी सही मार्ग देखाउने कार्य योगमायाले गरेको पाइन्छ । हरेक दिन साँझ कुटीमा हरिभजन हुने कुरा गङ्गाले यसरी व्यक्त गरेकी छिन्: "हरेक साँझ दिदीका कुटीमा हरिभजन हुन लाग्यो । छिटो छिटो घरधन्दा सकेर भान्छा उठाई राँका बालेर माथिमाथि गाउँबाट समेत भजनमा आउन लागे भक्तहरू" (पृ. १४९) । कुटीमा जातभात, उचनिच, छुवाछूत, लिङ्गभेद कसैले गर्दैनथे । एकदिन काइँली कमिनी डराईडराई कुटीमा आइन् । योगमायाले सबै बराबरी हो, जात कामको आधारमा मान्छेले नै निर्माण गरेको हो भनी काइँली कमिनीलाई पानी लिन पठाइ, उसले छोएको पानी खान हुन्छ भनिन् । त्यसपछि काइँली कमिनी डराएर यस्तो भनेकि छिन् : "मुँखेनी ' पानी छोएँ । सजाय हुने त होइन मलाई ?" (पृ. १६३) । कुटीमा आउने भक्तजनहरूले मिलेर प्रसाद पकाउने, ज्ञानगुनका कुरा सिक्ने र सिकेको कुरा अरूलाई सिकाउने गर्दछ । योगमाया, नैनकला, गङ्गा, प्रेमनारायण, दुखुनाजस्ता धेरै पात्रहरूले समुदायको हितका लागि काम गरेका छन् ।

गाउँमा शीतलामाईको प्रकोपको बेला योगमायाको पहलमा तुम्लिङ्टारबाट वैध बोलाई विरामी बालबालिकाहरूको उपचार गरेको कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ, "तुम्लिङटारबाट वैध बोलाइएको थ्यो । टारबारीमा लामै गोठ हालेर । भकारोले घेरेर गाउँका थुप्रै केटाकेटीलाई त्यहीँ जम्मा पारिएको थियो । बाहिर हुँदो निस्कन डुल्न मिल्दैनथ्यो भित्रका कोही । तिनका लागि गोठबाहिर अलिवरै बडे बडे खड्कुँलोमा गहत, भात, जाउलो पकाइरहेका थे लोग्ने मान्छेहरू" (पृ. ३३०) ।

योगमाया र उनका अनुयायीहरूले समाजमा भइरहेको अन्याय, अत्याचारको विरुद्ध आवाज उठाउँदै समाजमा सबै धर्म, जातजाति, लिङ्गका बिचमा समानता आउनुपर्छ, ठूला र सानाको बिचमा रहेको पर्खाल हटाउनुपर्छ, छोरी जातिले पनि वेद पढ्न पाउनुपर्दछ । छुवाछूत हटि धर्मराज्य स्थापना हुनुपर्दछ भनी बारम्बार श्री ३ महाराजहरूलाई भेट्दा पनि सुनुवाइ नभएपछि, योगमाया आफै काठमाडौँ पुगेर श्री ३ लाई बिन्ति बिसाउँदा पनि उनीहरूको मागको सम्बोधन हुन नसकेपछि, न्यायका लागि अग्निदाह गर्ने निधो गर्दछन् तर अग्निदाहको तयारी गरिरहेकै बेला माथिको आदेशमा उनीहरूलाई कैद गर्न सेनाहरु पठाउँछन् र महिलालाई पाटीमा कैद र पुरुषहरूलाई जेलमा हालिन्छ । तर सत्यको मार्गमा उठेको आवाजले हार मान्ने अवस्था थिएन । कैदमुक्त भएपछि धेरै हल्ला नगरी योगमाया र उनका अनुयायीहरूले अरूणमा आत्मदाह गर्ने निधो गरे र १९९८ असार, हरिशयनी एकादशीको दिन बिहानै योगमाया सहित छैसट्ठी जनाले आत्मदाह गरेको कुरा दुखुनाले यसरी

व्यक्त गरेकी छिन् : “मैले पीपलको बोटतिरबाट गन्न लागेँ-  ठूलीहजुर एक । सानीहजुर दुई । दुई-तीन-चार-पाँच . . . तीस-तेत्तीस-चवालीस-उन्पचास-पचास-साठी-बैसट्ठी-पैँसट्ठी अनि आफैलाई जोडेँ अन्तिममा छैसठ्ठी । पैंसट्ठी जनाका पाइलाहरू अगाडि बढ्दै छन् । गड्गडाइरहेको अरूणतर्फ हिँड्दैछ । उज्यालोको लस्कर । एउटै छ आवाज- अधर्मको नाश होस् ।

धर्मराज्य स्थापना होस् ।

अरूणको त्यो ठूलो ढुङ्गामा पहिला ठूलीहजुर उक्लिनुभो ।

अनि सानीहजूर ! आवाज अझ बुलन्द छ -

अधर्मको नाश होस् ।

धर्मराज्य स्थापना होस् ।

अधर्मको अन्त्य हुनेछ ।

धर्मको उदय हुनेछ ‼

अब म पनि समाएको कलमलाई यहीनिर विश्राम दिने हतारोमा छु । सबैसँग बिदा माग्दै यहीँनिर बिट मार्दै छु । मेरो लागि भनेर राखिएको टपरीको जूनले मलाई नै पर्खिरहेको छ । म पनि जाँदै छु पछि पछि, उहीँ आस्था विश्वासका साथ !” (पृ. ५१६) ।

यसरी योगमाया लगायत छैसठ्ठी जनाले देशकै आमूल परिवर्तनको लागि बलिदान दिएका छन् । समाज परिवर्तनका साथै देशको परिवर्तनका लागि उठाएको उक्त कदम शिरोधार्य छ ।

## ४.२ लैङ्गिक हिंसा

*योगमाया* उपन्यासमा वर्णित पात्रहरूमध्ये महिला पात्रहरू लैङ्गिक हिंसाको सिकार बनेका छन् । योगमाया स्वयम्ले हिंसाको सामना गर्नु परेको कुरा यसरी व्यक्त गरेकी छिन् : “घरकाले भेटेर फर्किन पर्‍यो भने झन् के हाल पो गर्नेछन् । सम्झँदा मात्र पनि गोडा काप्थे । लाग्थ्यो छाला काढेर साँच्चै नै नुनचुक लगाउनेछन् ! फेरि भित्र राखेर खुर्सानी धुवाँर्ने छन् ! दुई-चार छाक भोकै राख्नेछन् । बाखाको खोरमा थुन्नेछन्” पृ. ८३) ।

यसरी योगमायालाई आफ्नै परिवारका सदस्यहरूले अत्याचार गरेका छन् । योगमायाले आफ्नो परिवारले गरेको अत्याचार सहन नसकी माइतीमा भागेर आउने बेला मथिको प्रसङ्ग सम्झिएकी छिन् । उनी बाटोमा कोही मान्छेको आवाज सुन्ने बित्तिकै आफ्नै घरतिरका कोही हुन् कि भनी डराउँछिन् । र अब यहाँ आदि बाटोबाट भेटाएर फर्काएर लगेभने मलाई भित्र राखेर खुर्सानी धुर्वार्ने छन्, छाला काढेर नुनचुक दल्नेछन् र बाखाको खोरमा थुन्नेछन् भन्दै डराउँदै आफ्ना पाइला अगाडि बढाएकी छिन् ।

योगमायालाई घरमा सबैले काम मात्रै लगाउने र भोकलागेको बेला खान नदिने जस्ता व्यवहार गरि हिंसा गरेका छन् । पितृसत्तात्मक मानसिकताका कारण बिहे गरेर ल्याएकी बुहारीलाई आफ्नो घरको सदस्य नठानी पशुवत् व्यवहार गर्ने समाजको चित्रण गरिएको छ । योगमायाले आफूले पाएको दुःख, पीडा र भोगेको अत्याचार आफ्नी आमासँग यसरी व्यक्त गरेकी छिन् : “भोकका बेला खान दिन्नन्, काम मात्रै गराउँछन्, भाले नबास्दै उठाउँछन् । लिपपोत, पानी पँधेरो, घाँस दाउरा, मेला पात, गोठालो सबै गर्नुपर्छ । बिरामी भए पनि आज सन्चो छैन भन्न पाइन्न । गोरुझैं जोतिने हो । उठ्दै अल्छिनी बस्दै अल्छिनी भन्छन् । भैंसीले दुध कम दिए मेरो आँखा लाको रे । गोरु मरे पनि मेरै दोष रे । यो भित्राको दिनदेखि कहिले राम्रो भएन भन्दै जे भए पनि मेरै टाउकामा लाउँछन् । म त्यो घरँ जान्न आमा, बरु मर्छु” (पृ. १०१) । यसरी योगमायाले आफ्ना बालापनमा नै भोग्नुपरेको अन्याय आमालाई सुनाएकी छिन् तर छोरी यस्तो अवस्थामा भएको थाहा पाउँदा पाउँदै पनि पितृसत्तात्मक सोचका कारण योगमायालाई घर पठाउन तयारी गर्दछन् ।

आइमाई मान्छेको नमर्दासम्म घर ठेगान हुन्न भन्थे हो र’छ (पृ. १३३) । यस प्रसङ्ग योगमाया केही दिनको लागि छोरीलाई लिएर तिर्थ गएकी थिइन् । त्यसै बेला उनलाई सम्झिने दुई थरीका मान्छेहरू थिए गाउँमा । कसैले राम्रो मानेर कहिले आउने होला भन्थे भने कसैले अब यो गाउँमा नफर्किए हुन्छ, अरूण धमिलाउन भन्थे । नफर्किए राम्रो मान्नेहरूमा पर्दथे ठूला पुरेत उनैले ‘आइमाई मान्छेको नमर्दासम्म घर ठेगान हुन्न भन्थे हो र’छ भन्दै होच्याएका छन् । पितृसत्तात्मक रूढिवादी मानसिकता भएको समाजका कारण पुरुषले जतिओटी बिहे गर्दा पनि राम्रो मान्ने महिलाले अन्याय, अत्याचारमा रेटिदा समेत सहेर बस्नुपर्ने, एउटा बाट दुईओटा घर भएमा महिलालाई नै नराम्रो मान्ने समाजको विम्ब पनि यसमा देखाइएको छ । योगमायाको बारेमा गाउँमा अनेक कुराहरू गर्थे । योगमायाले वेद छोरी जातिले पनि पढ्न पाउनुपर्छ भन्ने कुरा गर्थिन र गरुड पुराणको पनि विरोधी

भएको हुनाले पुरेतहरूले उनलाई देखि सहँदैनथिए । "उही बेला बुद्धि नबिगारेको भए, संघार ननाघेको भए घरकाले नभित्राए पनि माइतीलाई त पाल्न कर लाग्थ्यो । पाल्न त उही बेला आफ्नै बा आमाले एक्लो ज्यान पाल्दा हुन् । अहिले यसरी माउ बाच्छी पाल्न परिरा'छ भाइका पालाँ । "नकचरी फुपू भदाको माइत भन्थे । यही हो लाज हराएपछि" (पृ. १३३) । यसरी योगमाया गाउँमा आएर सत्य र धर्मको कुरा गर्दा उनैलाई गाउँमा नराम्रो मान्ने पनि छन् । पितृसत्तात्मक सोचको हावी भएका कारण समाजमा यस्ता खालका हिंसाहरू हुने गर्दछन् ।

"अर्काका वचन सुनेर, उठ्दै बस्दै अपमान सहेर कलङ्कको टीको लाएर बाँच्नुभन्दा खसमसँगै जिउँदै जलेर मर्नु निको ठान्ने पनि थे" (पृ. १७६) । सती जाने र जबरजस्ती सती जानैपर्ने बाध्यताको विषयमा कुरा चल्दा सेती आमैले माथिको प्रसङ्ग भनेकी हुन् । श्रीमान् मरेपछि सती जानुपर्ने नियम राणाकालमा राणाहरूले बनाएका थिए तर पछि वीरशमशेरले जबरजस्ती सती बनाउन नपाउने नियम बनाएका थिए । यति हुँदाहुँदै पनि गाउँगाउँमा जबरजस्ती सती जान बाध्य बनाउने प्रचलन थियो । यदि कोही जबरजस्ती सती जान मानेन भने समाजले अपमान गर्ने र त्यस्तो अपमान सहेर बस्नुभन्दा आफ्नै खसमसँगै जिउँदै जलेर मर्नु राम्रो मानी जिउँदै जल्न तयार हुन्थे । ठूला महाराजहरूले बाँचुञ्जेल मोजमस्तीको लागि आठ दश ओटा श्रीमति बटुल्ने र आफू मरेपछि कोहीमा विवाद नपरोस् भनी सती प्रथाको सुरु गरे तर यसले देशकै सम्पूर्ण महिलाहरुलाई जिउँदै जल्नुपर्ने बाध्यात्मक परिस्थितिको सृजना गऱ्यो । यसरी महिलामाथि परम्परादेखि नै अनेकौ हिंसा हुँदै आइरहेको पाइन्छ । पुरुषले श्रीमति मरे पछि अर्की विहे गर्न हुने तर महिला जिउँदै चितामा जल्नुपर्ने । सदियौंदेखि महिलाहरूले विभिन्न किसिमका हिंसाको सिकार भोग्दै आउनु परेको छ र आजको समयमा आइपुग्दा पनि हिंसाको स्वरूप फेरिए पनि हिंसा रोकिएको छैन । कतै दाइजोको निहुँमा जिउँदै जलाइएका छन्, कतै अस्मिता लुटिएका छन् ।

"पौवा, पाटी, मन्दिर जे भए त्यसैमा र सो नभए घरको झुपडी बनाएर भक्ति भनाउँदीलाई त्यसैमा राखी कैद पऱ्यो भनी सुनाइदिनू । अरूलाई धनकुटा झ्रेलखानामा थुन्नु" (पृ. ४२९) । १९९५ सालको हरिबोधिनी एकादशीका दिन योगमाया र उनका अनुयायीहरूले राणाशासनको अन्त्य र धर्मराज्य स्थापनाको माग गर्दै अग्निदाह गर्ने निर्णय गरेका थिए र त्यसको तयारी पूरा गरिसकेका थिए । तर हरिबोधिनी एकादशीका अघिल्लो दशमीको दिन धनकुटाबाट फौज लिइ माथिको आदेशमा बडाहाकिम आएर उनीहरूको

ज्यानको रक्षा भन्दै सबै खाल्डा पुरी घ्यू फालिदिएका थिए  त्यसैबेला माथिको आदेश पढेर बडाहाकिमले सुनाएका थिए ।

यसरी बषौंदेखि महिलाहरू हिंसाको सिकार बन्दै आइरहेको पाइन्छ । समाजले जति पनि अन्याय, अत्याचार र हिंसा गरेको छ त्यसको भागिदार महिला नै हुनुपरेको नेपाली समाजको तितो यथार्थ रहेको छ ।

## ४.३ लैङ्गिक विभेद

*योगमाया* उपन्यासमा पितृसत्तात्मक मनस्थिति, अन्धविश्वास, रुढिवादी परम्पराले गर्दा महिलाहरूलाई विभेद गरेको पाइन्छ । महिलालाई पुरुषले मात्र विभेद नगरी स्वयम् महिलाले नै विभेद गरेका छन् । गङ्गाले आफ्नो छोरो गिरी र तुलसामा पनि विभेद गरेको पाइन्छ । अशिक्षा र अज्ञानताको कारणले यस्तो खालको विभेद गरेको पाइन्छ : “यसो सघाउली भनेको सानोभाइ जसोजसो गर्छ उसैउसै खोज्छे छोरी भएर” (पृ. २८) । यहाँ गङ्गाले आफ्नी छोरी तुलसालाई छोरी भएर आमालाई सघाउनुपर्छ, सानो भाइ जस्तो गर्नुहुँदैन भनेकी छिन् । छोराले चाहिँ आमालाई सघाउन नपर्ने तर छोरी भाइसँग खेल्दा पनि छोरी भएर आमालाई सघाउली भनेको भाइ जस्तै गर्छे भन्दै छोरा र छोरीको बिचमा विभेद गरेकी छिन् । परम्परागत रुढिवादी मान्यताको कारण छोरीले घरको काम गर्ने आमालाई सघाउने जस्ता कार्य  गर्नुपर्छ भनिएको छ । यस वाक्यले सिङ्गो नेपाली समाजलाई प्रतिनिधित्व गरेको छ ।

“कति फोहोर राखेको यो । आमा हुँदा कति टल्कन्थे । यतिका आइमाई मान्छे घराँ भएर हेर यसको गति” (पृ. ११७) । यस प्रसङ्गले घरको काम महिलाले मात्र  गर्नुपर्छ भन्ने पुरषवादी सोच र हैकम चलाउने व्यवहार गङ्गाको श्रीमान्ले दर्शाएका छन् । उनले आम्खोरा फोहोर भएको भन्दै आमा हुँदा कति टल्कन्थे भन्दै यतिका आइमाई घरघरी भएर भाँडा फोहोर भन्दै रिसाइ पुरुषप्रधान समाजको प्रतिनिधित्व गरेका छन् । गङ्गाको श्रीमान् गाउँमा गएको बेला गाउँका ठूला पुरेतले उनलाई योगमायाको विषयलाई लिएर सुनाएका हुन्छन्, त्यही रिसले आएर आफ्नी श्रीमती र दिदीमाथि खनिएका छन् । यहाँ पनि पुरुष र महिलामा विभेद उत्पन्न भएको छ । घरको काम महिलाले गर्ने, महिलालाई सधैं पुरुषको घर सम्हाल्ने साधनका रूपमा सम्झने र पितृसत्तात्मक सोचले विभेदको सृजना भएको पाइन्छ ।

"छोरो पाए पो कुल बढाइँ छोरी पाए ?" (पृ. ३६३) । काठमाडौँ जाने तयारीमा हुन्छन्, योगमाया र उनका अनुयायीहरू । त्यसै क्रममा मनमाया खड्काले कुम्लो लिएर निस्किन लाग्दा आफ्नो छोरी अम्बिकालाई पनि सम्झिएकी हुन्छिन् । त्यसै क्रममा छोरी दुई ज्यानकी भएको थाहा पाउँछिन् र उनले छोरो पाए पो कुल बढाइ तर छोरी पाए भन्छिन् । यस भनाइले मनयाले छोरा र छोरी बिचमा विभेद गरेकी छिन् । छोरा पाए कुल बढ्ने र आमाबाबु पाल्ने पिण्ड दिने तर छोरी अर्काको कुलमा जाने भन्दै यहाँ छोरा र छोरीको बिचमा विभेद गरिएको छ । पितृसत्तात्मक सोचका कारण छोरा र छोरीलाई हेर्ने दृष्टिकोण हाम्रो समाजमा पृथक् रहेको छ । छोरालाई बढी मान्यता र अवसर प्रदान गर्ने तर छोरीलाई छोरालाई जस्तै अवसरबाट वञ्चित गराउने पितृसत्तात्मक मानसिकताका कारण यहाँ विभेद उत्पन्न भएको देखिन्छ ।

"मेरा छोरी छोरी भए भनेर घराँ ससुराहरूले पनि चिन्ता गर्नुभा'छ । माहिलो देवरका जायजन्म छैन । जेठो छोराको पनि छोरा नभएपछि अब के कसो भन्ने भा होला । मेरा पो अब के हुने हो ? भाग्यकै भर छाड्ने त होला !" (पृ. ४८१) । यस प्रसङ्गमा महेश्वरकी श्रीमति तुलसाले ठूलीहजुरसँग आएर भनेकी हुन्छिन् । यहाँ पनि छोरा र छोरीको बिचमा विभेद गरेको पाइन्छ । छोरीछोरी पाएको भनेर तुलसालाई घरमा ससुराहरूले पनि भनेका थिए । त्यतिबेला तुलसा दुई ज्यानकी थिइन् । उनलाई अब पनि छोरी भए कसो गर्ने होला भन्ने चिन्ता थियो र भाग्यकै भर छोड्ने कुरा गरेकी थिइन् । उनले अज्ञानता र अशिक्षाको कारण छोरा पाउन भाग्यकै भर छाड्ने कुरा गरेकी छिन् । हाम्रो समाज छोरा पाए खुसी र छोरी पाए दुःखी हुने प्रवृत्तिको रहेको छ । यहाँ पितृसत्तात्मक सोचका कारण छोरा र छोरी बिचमा विभेद भएको पाइन्छ ।

## ४.४ अधीनता

*योगमाया* उपन्यासले नेपाली समाजको यथार्थ घटनालाई समेटेको हुँदा यहाँ पुरुषवादी सोचका कारण पुरुषहरूले महिलाहरूलाई अधीनमा राखेको पाइन्छ । घाँस दाउरा गर्न जङ्गल गएका छोरी बुहारीहरूले आफूहरू अधीनमा रहेको कुरा यसरी व्यक्त गरेका छन्: "लोग्नेमान्छेले जे गरे पनि सधैँ उनकै मनखुसी, स्वास्नी सधैँ तिनकै अधीनमा ? न दुई मान्छे उभिएका ठाममा मनमा लागेका दुई कुरा बोल्नु छ न आफ्ना मनमा लागेको केही गर्नु नै छ । उनैले बसालेको नियम : उनैले बसालेको रीतिमा हिँड्नुपर्ने आइमाई जातलाई ?"

(पृ. १२३) । यस प्रसङ्गले पुरुषवादी समाजमा महिलाले जहिले पनि पुरुषकै अधीनमा बस्नुपर्ने र पुरुषले बनाएको नियममा चल्नुपर्ने, महिलाको केही नचल्ने देखाएको छ । गाउँका दिदी बहिनी भेट भएको बेला आफ्ना दुःखेसो पोख्ने गरेका छन् । अधीनमा बस्नुपर्ने हुँदा चिन्ता छ तर समाजको अगाडि बोल्ने हिम्मत कसैको छैन । दिदी बहिनी भेट भएको बेला पनि वरीपरी कोही छ कि छैन भनी हेरर मात्र कुरा गरेको र आफूहरू अधीनमा रहेको कुरा यसरी व्यक्त गरेका छन् : “माइतीमा केही भनुम् पुजेर देको ज्वाइँ हो, मानेर बस् भन्छन् । अनि उनले उठ्भन्दा उठ्, बसभन्दा बस् । जसो भने त्यही-त्यही गर्नुपर्ने । न भित्रबाट हाँस्नु छ न लागेको बोल्न नै ! हामी हाँस्न र अलि ठूलो स्वरले बोल्ने यसरी दिदी-बहिनी मात्रै भा’ बेलाँ त हो (पृ. १२३) । यसरी त्यहाँको समाजका महिलाहरू पुरुषको अधीनमा बस्नुपरेको कुरा माथिको भनाइबाट प्रस्ट भएको छ । पितृसत्तात्मक सोच, पुरुषवादी समाज र महिलालाई सधैं पुरुषको भन्दा तल्लो दर्जामा राख्ने प्रचलनले गर्दा समाजमा महिलाहरू पुरुषको अधीनमा बस्नुपरेको छ ।

“गाउन बरा अब बिहे भएपछि यस्ता दिन जान्छन् । कहाँ भाका हाली गाई बस्न पाइदो हो अर्काका घराँ” (पृ. १३८-१३९) । यस प्रसङ्ग नैनकलाको बिहेभन्दा अगाडि चलेको हो । बिहे पक्का भएको थियो, नैनकला करेसामा बसेर गाईरहेकी थिइन् । त्यतिबेला गङ्गाको जेठानी पर्नेले बिहेको बेला के भएको यस्तो भन्छिन् । गङ्गाले गाउनुहुन्छ, भान्जीले भन्दै गाउन बरा अब बिहे भएपछि अहिले जस्ता दिन आउँदैनन् अर्काको घरमा गीत गाउन पाइँदैन भनेकी छिन् । यस प्रसङ्गबाट प्रस्ट हुन्छ कि हाम्रो नेपाली समाजमा छोरी बुहारी भएपछि गीत गाउनसम्म पाइँदैन र घरकाको अधीनमा बस्नुपर्छ । माथिको वाक्यले महिलाहरू घर परिवारको अधीनमा बस्नुपर्ने बाध्यात्मक अवस्था देखाएको छ ।

“त्यही समय उनकी एउटी रानीले ठूलो थाली बोकेकी सुसारेलाई इसारा गरेको देखियो । ढाकेको रुमाल झिकेर ठूलीहजुरको पाउनिर थाली भरी असर्फी राखी त्यो सुसारेले” (पृ. ३९०) । योगमाया र उनका अनुयायीहरू धर्मराज्यको माग गर्न काठमाडौं श्री ३ लाई भेट्न गएका थिए । त्यसैबेला पशुपतिमा श्री ३ र उनका रानीहरू योगमायालाई भेट्न आएका थिए, त्यसै समयमा रानीको इसारामा सुसारेले थालीभरीको असर्फी ठूलीहजुरको पाउनिर राखेकी थिइन् । यस प्रसङ्गमा लैङ्गिक अधीनता नभई राजनैतिक अधीनता देखाएको पाइन्छ । उनीहरूको मागलाई अधीनमा राख्न यहाँ असर्फीको प्रयोग गरिएको पाइन्छ । हाम्रो नेपाली समाजमा यस्ता प्रकारका अधीनताहरू प्रशस्त भेटिन्छन् ।

## अध्याय पाँच

## योगमाया उपन्यासमा प्रयुक्त लैङ्गिक चेतना

### ५.१ लैङ्गिक समानता

उपन्यासकार नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासमा समाजमा महिलामाथिको अन्याय, अत्याचार, शोषणजस्ता कुराले जरो गाडेको अवस्थामा परम्परागत नारी विरोधी सामाजिक संरचनामा सुधार, नौलो समतामूलक समाजको स्थापना गर्न संघर्ष गर्नतर्फ प्रेरित गरिएको छ । प्रस्तुत उपन्यासले समाजमा नारीमाथि गरेको अन्याय, अत्याचरा, दमन, शोषणको सामना गर्दै समाज परिवर्तनको लागि आहुति दिन समेत पछि नपरेको कुरा उल्लेख गरेको छ । योगमायाले समाजमा रहेको लिङ्गभेद, वर्गीय विभेद, जातीय विभेद आदि विभेदहरूलाई समानताको धारमा ल्याउने कार्य गरेकी छिन् ।

योगमाया गाउँबाट आसाम गएपछि दोस्रो विहे गरेकी छिन् । त्यहाँ बिहे गरे पनि गाउँघरकाले उनलाई सत् छोडेर पोइल हिँडेकी भनेर घोच्दथे । त्यसैक्रममा उनका श्रीमान्ले सबैलाई जवाफ दिन्थे : "त्यही कुरा मर्दानाले गरे जायज हुने जनानाले गर्दामा नाजायज ? जनानाले दुनियाको घोचपेच सहेर रोएरै ज्यान फाल्नुपर्ने ?" (पृ. ११३) । यहाँ योगमायाको श्रीमान्ले महिला र पुरुषलाई समानताको दृष्टिले हेरेका छन् ।

"कति अत्याचार मर्दानाले मन लाग्दो गर्न हुने । मोजमस्तीको लागि आठ दसवटी जति जोई राख्न हुने । जनानाले भने मर्नभन्दा बहुलाउन निको ठानेर एकबाट दुई भो भने बिग्रिएकी हुने ?" (पृ. ११८) । यस प्रसङ्गले योगमायाले महिला पुरुष सबैलाई समान दृष्टिले हेरुन् भन्ने चाहन्थिन्, तर समाजमा त्यस्तो थिएन । महिलामाथि अत्याचार भइरहेको थियो । पुरुषले दशओटा विहे गर्दा पनि सहने समाजले महिलाले एक्लै बस्न नसकी दोस्रो विहे गरेमा अनेक उपनाम दिने गर्दछ । यसलाई परिवर्तन गरी समानतामूलक समाज निर्माणको कार्यमा योगमायाले योगदान दिएकी छिन् ।

"लोग्नेलाई भगवान् नमान्ने भए, विहान विहान किन खान्छौँ तिनका गोडाका जल ? किन खान्छौ जुठोपुरो, तिनको पुरो नखाइ नअघाउनेले ठूला कुरा गर्छौं" (पृ. १२५) । यो प्रसङ्ग गाउँका दिदी बहिनी घाँस काटेर आइ पँधेरामा बिसाएर गरिएको कुराकानीमा आएको हो । उनीहरूलाई लोग्नेलाई भगवान् मान्ने र उनीहरू भगवान् समान हुन् भन्दा

उनीहरू भगवान भए हामी महिला पनि त भगवती हुनुपरो भन्छन् । भगवान नमान्ने भए किन गोडाका जल खान्छौ भन्दा चलेको चलन भनेका हुन्छन् । यहाँ पुरुषवादी समाजमा महिलामा पनि समानताको चेतना रहेको पाइन्छ ।

गङ्गा र योगमाया कोदालो र फाली बनाउन आरन तिर हिँडेका थिए । बाटोमा पहिला गौचरण थियो तर अहिले नदेखेपछि गङ्गासँग सोधेकी हुन्छिन् योगमायाले, गङ्गाले आमाले भन्नुभएको नापी आएर पुराना गौचरण जति सबै मुखिया जिम्वालले आफ्नो बनाए ।' भने पछि त्यहाँ मुखेनी बस्नेतनी पनि आइपुग्छिन् र ठूलाले सानालाई दबाएको र सानोको बोली कसैले पनि नसुनेको भन्दछिन् । चोट लागे पनि दुख्यो भन्न पाइँदैन, यसरी नै बाँचियो अब यसरी नै मरिन्छ भन्छिन् । योगमायाले समानताको स्वर यसरी व्यक्त गरेकी छिन् : "यसरी बाँच्नु पनि के बाँच्नु र ? मरेको जुनी भएन ? अन्यायको जाँतोमा पिसिनुभन्दा ढुङ्गै जाँतोमा पिसिनु बेस" (पृ. १२८) । यहाँ योगमायाले अन्याय र अत्याचारको विरुद्धमा र धनी र गरिबको बिचमा समानताको कुरा गरेकी छिन् ।

"छोराहरूको बिहे गर्ने बेला आफूले बटुल्दै हिँड्न हुने अनि उनैले हाम्री दिदीले नाक काटिन भन्दै हिँड्ने । भकभकी रगत उम्लेर आउँछ सुन्दा पनि" (पृ. १४६) । गङ्गाको जेठानीले आफ्नो श्रीमान्ले बिहे गर्दै हिडेको कुरा गङ्गालाई भनेकी छिन् । छोराहरूको बिहे गर्ने बेला उनले आफैले बिहे गर्दै हिँडेका हुन्छन् तर तिनैले आफ्नी दिदीले दोस्रो बिहे गरेकोमा नाक काटिन भन्दै हिँडेका छन् । यहाँ पुरुषवादी समाजमा महिला र पुरुषका बिचमा समानता नरहेको कुरा उल्लेख गरिएको छ ।

"हामी सबै ईश्वरका सन्तान हौं र हौं हामी सबै एकै जाति । मानव जाति । यहाँ सबै समान छौँ । कोही उचनिच छैन । बरोबर । म मान्छु, शरीरका केही अङ्गले अलिकति छुट्टाएको हुँदा मर्दाना र जनाना गरी दुई जातिका हुन्छन् मान्छे मात्र दुई जात जनाना र मर्दाना । नभए एक समान" (पृ. १५८) । यस प्रसङ्ग ठूलीहजुरले काइँली कमिनी कुटीमा आएको र त्यहाँ बस्न डराइरहेको अवस्थामा भनेकी हुन् । योगमायाले समाजमा रहेको जातीय, वर्गीय असमानताको खाडललाई ज्ञानको ज्योती फिँजाइ समानताले भर्ने कोसिस गरेको बेला माथिको प्रसङ्ग आएको हो । यहाँ योगमायाले जातभात मान्छेले नै बनाएको र मान्छे सबै ईश्वरका सन्तान भएकाले मानव जाति सबै बराबरी हो भनी समाजमा समानताको सन्देश दिएकी छिन् ।

"ज्ञान छैन जानेका त र'छौ । हाम्रो माग पनि त त्यही हो । छोरी र हरेक जातिले वेद पढ्न पाउनुपर्छ" (पृ. १९१) । योगमायाले सबैलाई समान नजरले हेर्ने गर्थिन् । महिला र पुरुष बराबरी हो भन्थिन् । विधुवाले बिहे गर्न हुन्छ भनेर ज्ञान नभएका हाम्रो छोरी बुहारीलाई भड्काउने भन्दै योगमायासँग दिङ्लाका पुरेत कराएका थिए । त्यसकै जवाफमा योगमायाले माथिको प्रसङ्ग भनेकी हुन् । ब्राह्मण पुरुषले मात्रै वेद पढ्न पाउने नियम योगमायालाई मन परेको थिएन त्यसको विरोध गर्दै छोरी र अन्य जाति पनि वेद पढ्न पाउनुपर्दछ भन्दै समावेशी समाज निर्माणको कार्यमा अघि सरेकी थिइन् ।

हिउँको चिसो ठाउँमा बसेर तपस्या गर्ने कुरा योगमायाले गरेपछि मोतीबहादुरले यस्तो चिसोमा यो उमेरमा अलि मुस्किल पर्ला नि ठूलीहजुर भनेका छन् । त्यसैबेला पण्डित प्रेमनारायणले 'कल्पवास बस्नु, पञ्चाग्नि ताप्नु कि पुसमा जलमा डुबिरहनु . . . मर्दानालाई पनि हम्मे हम्मे पर्ने कठोर तपस्या गरिसक्नुभो ठूलीहजुरले भनेका छन् । यस्तो जनाना र मर्दाना भनी असमान व्यवहार गरेको योगमायालाई मनपर्ने थिएन । प्रेमनारायणको कुरा सुनेपछि ठूलीहजुरले क्रोधमा भनेकी थिइन "तपस्यामा जनाना र मर्दानाका कुरा कहाँबाट पण्डितजी ? (पृ. ३३७) । यहाँ ठूलीहजुरले महिलाले पनि पुरुष बराबर कार्य गर्न सक्ने र कुनै पनि कार्यमा महिला र पुरुष भनी छुट्टाउन नमिल्ने कुरा व्यक्त गरेकी छिन् । माथिको योगमायाको भनाइमा समानताको दृष्टिकोण रहेको छ ।

"मलाई मात्र होइन सबै मान्छेलाई पहिला लिङ्ग नछुटाई मान्छेकै रूपमा हेर्नु । फेरि पनि जातमै अड्कियौँ होइन हामी ? कि त उपल्ला ठूला जात, तल्ला साना जात । कि मर्दाना ठूला, जनाना साना । भिन्नता ज्यूँका त्युँ ! तिमी हामी त त्यही ठूला साना जातमा अड्किएका छौं भने कतिलाई बुझाइएको होला । कतिले बुझेका होलान् । रुनु त यसमा छ ! यहाँ मान्छेको जात मान्छे, न कुनै वर्ण न कुनै लिङ्ग" (पृ. ३३७) । यस प्रसङ्गले योगमायाले समाजमा भएको जातीय, वर्गीय, लैङ्गिक असमानतालाई समानतामा ल्याउन योगदान दिएको बुझ्न सकिन्छ । पितृसत्तात्मक सोचका कारण यस्ता खालका असमानताका सोच आउने र त्यसलाई जरैदेखि उखेलेर फालेमा मात्र समाजमा समानता ल्याउन सकिने कुरा उल्लेख गरिएको छ ।

"यो भक्तले आराधना तपस्या गर्ने पवित्र ठाम हो । यहाँ आउनु सबैलाई छुट छ । जातभात उचनीच, धनी गरिब, जनाना, मर्दाना कोहीमा बन्देज छैन । लिङ्गभेद गर्दौनौं ।

जाति र वर्ण विभाजनको पनि घोर विरोधी हौँ । अत्याचराका दुस्मन हौँ हामी धर्मका हिमायती" (पृ. ३७१) । योगमाया र उनका अनुयायीहरू धर्मको मार्गमा हिँडेका थिए । उनीहरु जातीय, वर्गीय, लैङ्गिक विभेद पनि गर्दैनन् र समाजमा कसैले गरे त्यसको विरोध पनि गर्दछन् । योगमायाको कुटीमा बस्न दुई जना साधु आएका र काइँली कमिनीलाई छुवाछूतको व्यवहार गरेकाले ठूलीहजुरले उनीहरूलाई माथिको प्रसङ्ग भनेकी हुन् । माथिको प्रसङ्गमा योगमायाले समानताको कुरा व्यक्त गरेकी छिन् ।

## ५.२ वैचारिक परिवर्तन

*योगमाया* उपन्यासमा योगमायाको बाल्यकालमा विवाह हुन्छ । घरमा अन्याय, अत्याचार र हिंसा सहन नसकी माइतीमा आउँछिन् । तिन दिन हराएकीलाई घर नभित्राउने भने घरकाले, माइतमा बस्दा पनि बाबा आमाको आफ्नै कारणबाट झगडा परिरहने भएकाले उनको विचारमा परिवर्तन आएको छ र कमाउन आसाम जाने सोचका साथ कँडेलसँग यस्तो भनेकी छिन् : "बाहिर कतै काम गरी ज्यान पाल्ने मन छ मेरो पनि । दिएकी छोरी बाआमाको लागि अझै ठूलो भारी भइने र'छ । कति यसरी बसुँ ? काम पाइन्छ त्यता ?" (पृ. १०९) । यसरी योगमायाको जीवन भोगाइमा वैचारिक परिवर्तन आएको पाइन्छ ।

"धन कमाउन पल्केकाले कता धर्म कमाउन सोच्दा हुन् ? धन कमाए यो जुनीमा अहिले यहाँ मात्र खाने हो : धर्म कमाए भोग गर्ने पछि पछि अर्को जुनीलाई पनि हो ।" (पृ. २११) । यस प्रसङ्ग पुरेतले भनेका हुन् । पितृसत्तात्मक सोचमा जगडिएको समाजमा रहेको पुरेत पनि सुरुमा योगमायाको विरोधी भए पनि पछि उनको अनुयायी बनेका छन् । यहाँ पुरेतको विचारमा पनि परिवर्तन आएको पाइन्छ । ठूलीहजुरले पुरेतलाई आफैले बुझेका रहेछौ त हाम्ले भन्नै नपर्ने भनेपछि पुरेतले भन्छन्, "बुझ्दै नबुझेको काँ हो र? बुझेर मात्र हुँदैन र'छ । अरूले बुझ्ने होइनन् : बोले आफू अर्घेलो । बाउ बाजे हिँडेको बाटो फेर्न त्यति सजिलो छैन ठूलीहजुर" (पृ. २१२) । यसरी पुरेतको विचारमा परिवर्तन त आएको छ तर समाजको डर भने पुरा हराइसकेको छैन ।

"बाँच्दैमा मिलेर प्रेम बाँड, जे गर्नु छ मान्छे जीवित हुँदै गर । मृत्यु भएपछि उसको नाममा गरिने कर्मकाण्डले सन्तान दरसन्तानलाई ऋणको दलदलमा गाड्ने मात्र हो ।" (पृ. २२१) । गङ्गाको श्रीमान् अग्निधरको मृत्यु पछि गरुडपुराण चलिराको बेला योगमायाले विरोध जनाइन । मरेपछि सकि नसकि ऋणमा डुबेर दान दिएमा ढोका खुल्नेछ र स्वर्गको

बास पाउनेछन् भन्ने भ्रमको विरुद्धमा योगमायाको विचार विरोधको थियो । उनले उक्त कुराहरूलाई मान्दैनथिन् । योगमायाको गरुड पुराण लाउने, आफ्नो मात्र भलो सोच्ने पुरेतप्रतिको विचार फरक थियो ।

"छोरीको मनबुझी उचित वर खोजेर बिहे गरिदिँदा हुन्छ" (पृ. १२४-१२५) । योगमायाको विचार विधवा छोरीले पनि बिहे गर्न पाउनुपर्छ भन्ने थियो । यदि छोरीचेलीले बिहे गर्न मन गरेपछि बिहे गरिदिँदा हुन्छ भन्थिन् तर यसकै कारण उनलाई नराम्रो मान्ने पनि थे गाउँमा । पुरुषले श्रीमती मरेपछि अर्को बिहे गर्न हुने तर महिला भने सधैँ विधवा नै बस्नुपर्ने, नियममा योगमाया असन्तुष्ट थिइन् । विधवा छोरीले पनि बिहे गर्न पाउनुपर्दछ भन्ने उनको र उनका अनुयायीको माग पनि थियो ।

*योगमाया* उपन्यासमा प्रयोग भएका पात्रहरू धेरैको जीवनमा योगमायाको ज्ञानले वैचरिक परिवर्तन आएको पाइन्छ । सुरुसुरुमा योगमायाको विरोधीहरू पनि पछि विचार परिवर्तन भएपछि उनकै अनुयायी बनेको पाइन्छ । योगमाया स्वयम्को जीवनमा पनि निकै वैचारिक परिवर्तन आएको पाइन्छ । त्यसैगरी गङ्गाको जीवनमा पनि वैचारिक परिवर्तन देखिन्छ । गाउँका अन्य र योगमायालाई देख्न नचाहनेको पनि पछि योगमायाले दिएको ज्ञानको कारण विचारमा परिवर्तन आइ उनकै अनुयायी बनेका छन् ।

## ५.३ उपन्यासमा सशक्तीकरण

*योगमाया* उपन्यासमा महिलाहरूमाथि अन्याय, अत्याचार र हिंसा भएको छ । महिलाहरू भित्रभित्रै पिल्सिएका छन् । अन्याय, अत्याचारको सामना गर्दै महिलाहरूले आफ्नो र समाजको लागि सशक्तीकरणको आवाज उठाएका छन् । विशेष गरी उपन्यासमा योगमायाले महिला सशक्तीकरणका लागि कार्य गरेकी छिन् । समाजमा भएको अन्याय, अत्याचार, कुरीति, कुसंस्कारको विरुद्ध आवाज उठाउँदै योगमायाले महिलाहरूलाई पनि समान धारमा ल्याउने प्रयत्न गरेकी छिन् ।

"कसले बनायो यो चलन ? जस्तो कर्म गरे पनि ब्राह्मणको घरमा जन्मदैमा ऊ ब्राह्मण ? बनाउनुथ्यो त कर्मको आधारमा बनाउनुथ्यो । जन्मजात कोही ब्राह्मण, कोही शुद्र हुन्छ ? म ज्यान गए मान्दिनँ यस्ता अन्यायी कुरा" (पृ. ११८) । योगमायालाई धर्म विरोधी, जैसिनी भनेर गाउँका ब्राह्मणहरूले भन्ने गर्दथे । एकदिन अग्निधरलाई पनि गाउँका सबै ब्राह्मणले सुनाए । उनी घरमा आएपछि दिदीसँग भनाभन हुन्छ । यसै क्रममा योगमायाले

चलेको चलनप्रति विरोध जनाउँदै सशक्तीकरणको आवाज उठाएकी छिन् । ब्राह्मणको घरमा जन्मदैमा ब्राह्मण हुँदैन, कर्मको आधारमा हुन्छ । मान्छे जन्मिँदा ब्राह्मण वा शुद्र हुँदैन । यो मान्छेले नै चलाको चलन हो भन्दै जातीय विभेद अन्त्य हुनुपर्ने भन्दै सशक्तीकरणको आवाज बुलन्द पारेकी छिन् ।

"ब्राह्मणहरूले धर्मको नाममा निकै अन्धविश्वास फैलाएका छन् । खोक्रो बनाएका छन् समाजलाई नै" (पृ. ११९) । अग्निधर श्राद्धको निम्तो मानेर घरमा आई सुनाउँछन् पुरोहित आउन ढिलो गरेकाले श्राद्ध गर्ने छोराले भोकभोकै पर्खेर बस्नुपरेको कुरा । त्यसको जवाफमा योगमायाले माथिको प्रसङ्ग भनेकी छिन् । उनलाई ब्राह्मणले धर्मको नाममा लुट्ने गरेको पटक्कै चित्त बुझेको हुँदैन, गैरीखेत ब्राह्मणलाई दान दिए पुर्खाले मसिनो भात खान पाउने रे, घोडा दिए मरेका पितापुर्खा घोडा चढेर हिँड्न पाउँछन् रे जस्ता अन्धविश्वास ब्राह्मणहरूले फैलाएका थिए तर योगमाया यसको विरोधमा थिइन् । पितापुर्खा तार्ने नाममा सकी नसकी दान गराउनु हुँदैन भन्दै समाजले चलाएको परम्परालाई परिवर्तन गर्नुपर्दछ भन्दै सशक्तीकरणको आफ्नो आवाज व्यक्त गरेकी छिन् । जन्म दिएकी छोरी अर्काको घरको नासो सम्झेर बा आमाले मारे पाप पाले पुण्य भनेर अर्काको हात पठाउने र आफूले पनि जन्माएर फेरी छोरीलाई त्यसैगरी अन्माउने आफूले सहेको बुहार्तन भोलि छोरीले सहनैपर्छ भन्ने जस्ता चलन समाजमा थियो । यस प्रकारको चलन फेरिनुपर्छ भन्ने आवाज योगमायाको भएको कुरा गङ्गाले यसरी व्यक्त गर्दछिन् : "त्यही त्यसरी चल्न भएन । फेरिन पऱ्यो भन्ने कुरा दिदीका । कोहीले कसैलाई अन्याय गर्न भएन भन्नुहुन्छ । आफ्नो लागि त के बोल्नु भा'छ र कतिका अपगाल सहेर पनि अर्काका लागि त बोल्दै हिँड्नुभा'छ" (पृ. १२५) । यस प्रसङ्गमा योगमायाले नारीहरूलाई आफ्नो हकअधिकारका लागि अगाडि आउन पर्छ भन्दै चलेको चलनलाई बदल्नुपर्ने भन्दै नारी सशक्तीकरणका कुरा गरेकी छिन् ।

"जे भएपनि मेरा आँखाले पनि सही देख्छ अहिले मायादिदी हिँडेका बाटा सुन्दा खरो सुनिन्छन् तर सोह्र आना सत्य छन् सम्झी ल्याउँदा । पोइले भुतल्दा चाल पाउली पोइको अघि गएर यही कुरा भन् त । जसका छन् पोइ आगा, उसका छन् कुरा यस्ता । 'अब भनिन्छ । डगिन्न" (पृ. १२५-१२६) ।

पँधेरामा कुरा चल्दा गाउँका बुहारीहरूसँग गङ्गाले आफ्नी दिदी हिँडेको बाटो ठिक भएको भन्छिन् । सुन्दा खरो सुनिने तर सत्यको बाटो हिँडेको भन्दै योगमायाको समर्थन

गरेकी छिन् तर त्यहाँकै एकजना महिलाले तिम्रो श्रीमान्‌को अगाडि भन्न सक्छौँ ! यस्ता कुरा, भुतल्छन् तिम्रा पोइले भन्दा गङ्गाले अब भनिन्छ । डगिन्न भनेकी छिन् । यस प्रसङ्गबाट अब पुरुषको अधीनमा नबस्ने भन्दै उनैसँग भन्न परे पनि पछि नहट्ने बताई सशक्तीकरणको आवाज उठाएकी छिन् ।

"अन्याय सहेर बाँच्नुभन्दा न्यायको निम्ति रेटिनु बेस" (पृ. १२८) । योगमाया समानता र न्यायको लागि लडेर, ज्ञान नभएको मान्छेलाई ज्ञान दिँदै सशक्तीकरणका संरक्षण र समर्थन गरेकी छिन् । गाउँको गौचरण जति मुखिया जिम्वालले लगेको र अब गाउँमा त्यस्ता गौचरण नभएको कुरा थाहा पाएपछि योगमायाले मुखेनी बस्नेतनीसँग सशक्तीकरणको कुरा यसरी व्यक्त गरेकी छिन् : "ईश्वरसँग डराउँला मान्छेसँग डराउने होइन म । ईश्वरसँग पनि गल्ती गर्दा मात्र न हो डराउनु पर्ने, नबिराउनु, नडराउनु । केही गर्नैपर्छ भनी कम्मर कसेँ आमै । अब पछि हट्दिनँ, कोहीले खुट्टा तान्दैमा, कोहीले खै गर्दैमा" (पृ. १२८) । यसरी योगमायाले समाजमा भएको अन्याय, अत्याचार, शोषण, दमन, रुढिवादी परम्पराको विराध गर्दै सशक्तीकरणको आवाज बुलन्द बनाएकी छिन् ।

"के राखेको छ जातभातमा ? ईश्वर हामी सबैको साझा होइनन् ? उनै साझा ईश्वरको भजन गाउँदै यसरी सम्झिनु सबैको अधिकार होइन र ?" (पृ. १५७) । यस प्रसङ्ग काइँली कमिनी भजन भइरहेको ठाउँमा आएर एक छेउबाट हेरिरहेकी हुन्छिन् र मान्छेले देखेपछि जदौ गर्दै राम्रो लागेर सुनेकी हुँ, टाढैबाट भन्छिन् मैले बिराएकी भनी सोध्दा योगमायाले के बिराको कस्तो माफी भनी सोधेपछि, म सानो जातकी अछुत भन्छिन् । यहाँ जातीय विभेद रहेको कुरा प्रस्ट हुन्छ तर योगमायाको कुटीमा कोही कसैलाई पनि विभेद थिएन । योगमायाको विचार थियो सबै बराबरी यसरी ईश्वर सम्झिनु सबैको अधिकार हो भनेकी छिन् । यहाँ समाजमा जरा गाडेर रहेको जातीय विभेद हटाउन योगमायाले सशक्तीकरणको भूमिका निर्वाह गरेकी छिन् ।

"अधिकार आफैले पनि खोज्नुपर्छ भन्नु आफ्ना इष्टमित्रमा । आज तिमरुको काम छोइँदैन, श्रम छोइदैन अनि तिमीहरू छोइने ?" (पृ. १६३) । यहाँ योगमायाले अधिकार आफैले पनि खोज्नुपर्छ, कसैले नदिए भन्नु सबैलाई भनी काइँली कमिनीलाई भनेकी छिन् । यहाँ अछुत भनी हेला गरेको जातलाई आफैले पनि अधिकार खोज्नु पर्दछ, तिमीहरूको काम नछोइने तिमीहरू छोइने भन्दै सशक्तीकरणको कार्य गरेकी छिन् ।

“हिँड्ने बाटा अप्ठ्यारा छन् भनेर डराउने पक्षमा छैनौँ । अत्याचारको विरोध गर्छौ । धर्मको नाममा लुट्ने र शोषण गर्ने हाम्रो लक्ष्य होइन । ईश्वरका भजन गाउँछौँ र गाउँछौ अत्याचारको विरोधमा गीत पनि । ईश्वर आराधना गर्दै समाज सुधार हाम्रो प्रमुख ध्येय हो” (पृ. २१२) । यहाँ पुरेतले हिँड्ने बाटा अप्ठ्यारा छन् । बाउबाजेले चलाको चलन चट्टै छोड्न नसकिने रहेछ, भन्दा ठूलीहजुरले अब हामी डराउँदैनौ, अत्याचारको विरोध गर्छौं । धर्मको नाममा फैलाएको शोषण अन्त्य गर्छौ भनी समाजलाई सशक्तीकरणको मार्गमा डोऱ्याउने कार्य गरेकी छिन् ।

“ब्राह्मणलाई दान दिँदैमा भएभरका पाप पखालिने भए, झन् अधर्मी बढ्नेछन् । तिमी पाप गर, तिमीले जति पाप कर्म गरे पनि सन्तानले दान गरेपछि ती पखालिन्छन् । यही हो सार यसको ? अब यो सुनेर कोरा बसेका किरियापुत्री र यिनले बुझ्ने भनेको जसरी भए पनि आफ्नो पति पितालाई तार्नलाई दान गर्नुपर्छ” (पृ. २१८) । यस प्रसङ्गमा ठूलीहजुरले गरुड पुराणको विरोध गरेकी छिन् । किरियापुत्रीलाई झन् शोकमा डुबाउने, त्रास देखाउने र सकीनसकी दान गर्न लगाउने यो गरुड पुराणको सार यति हो भन्दै गरुड पुराण बन्द गर्न लगाएर, स्वच्छ समाज निर्माणमा सशक्तीकरणको भूमिका निर्वाह गरेकी छिन् ।

“हुन त सौता हाल्न एक दुई तिन दिन्न दिन्न भन्नु त भा’छ सासूले” (पृ. ४८२) । यस प्रसङ्ग तुलसाको छोरी छोरी भए भनेर ससुराहरूले चिन्ता गरेको भन्दै अब पनि छोरी पाएपछि अर्को बिहे गर्न लाउनेहुन् की भन्ने चिन्ता ठूलीहजुरसँग देखाएकी छिन् तर उनको सासूले सौता हाल्न नदिने कुरा गरी महिलाको अधिकार रक्षाको लागि सशक्तीकरणको आवाज उठाएकी छिन् ।

## अध्याय छ

## *योगमाया* उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा

उपन्यासकार नीलम कार्की निहारिकाद्वारा लिखित *योगमाया* उपन्यासमा विशेषगरी भोजपुर जिल्लाको रहनसहन र त्यहाँको भाषाशैली प्रयोग गरी लेखिएको छ । उपन्यासको परिवेशलाई हेर्दा भोजपुरदेखि काठमाडौँ र आसामसम्म त्यसैगरी प्यूठानको स्वर्गद्वारी जस्ता विविध ठाउँको परिवेशलाई पाउन सकिन्छ ।

भाषा विचार विनमियको माध्यम हो । भाषा बिना उपन्यासलाई अगाडि बढाउन नसकिने हुँदा यहाँ धेरैजसो भोजपुरतिरको ग्रामीण भाषाको प्रयोग गरिएको पाइन्छ । उपन्यासमा छोटा र छरिता वाक्यगठनहरू रहेको पाइन्छ । गा'छ, भा'छ, रोटी पोल्ने जस्ता स्थानीय भाषाको प्रयोग पनि पाइन्छ । *योगमाया* उपन्यासमा सुरुमा बढी विभेदमूलक र हिंसाजन्य भाषाको प्रयोग भएको पाइन्छ भने पछि बढी समानताकेन्द्री, सन्तुलित भाषाको प्रयोग भएको पाइन्छ ।

### ६.१ हिंसाजन्य भाषा

“जे भने पनि सुनेर बस्नू : मुख पटक्कै नफर्काउनु । कडै मिजासका छन् तेरा बा ! दुई चार थप्पड खान परे पनि सहनू । विराम त गरेकै होस्” (पृ. ९६) । यो प्रसङ्ग योगमाया घर छोडी भागेर माइत आउँदा घर जान डराएर बडिआमाकोमा बसेकी हुन्छिन् र बडीआमाले योगमायालाई आफ्नो बाको अगाडि नबोल्नु, बरु थप्पड खान परे पनि सहनू भन्दै हिंसाजन्य भाषाको प्रयोग गरकी छिन् । माइती आउँदा पनि ठूलै गल्ती गरेको ठानी थप्पड नै खान परे पनि सहेर बस्नु तैले गल्ती गरेकै होस् भनी बडीआमाले हिंसाजन्य भाषा प्रकट गरेकी छिन् ।

“घरकाले भेटेर फर्किन पर्‍यो भने झन् के हाल पो गर्नेछन् । सम्झँदा मात्र पनि गोडा काट्थे । लाग्थ्यो छाला काढेर साँच्चै नै नुनचुक लगाउने छन् । फेरि भित्र राखेर खुर्सानी धुवाँर्ने छन् । दुई चार छाक भोकै राख्नेछन् । बाखाको खोरमा थुन्ने छन्” (पृ. ८३) । यस प्रसङ्गमा योगमाया माइत आउँदा बाटोमा आफ्ना घरकाले उनीमाथि गरेको हिंसालाई सम्झिएकी छिन् । उनले घरमा आफूले सहनुपरेको बुहार्तन अत्याचार र हिंसालाई सम्झिदा यहाँ हिंसाजन्य भाषाको प्रयोग गरिएको छ । यहाँ पुरुषवादी स्वार्थी समाजले र स्वयम्

महिलाले पनि महिलालाई नै कठपुतली समान तुल्याएको कुरा माथिको वाक्यबाट प्रस्ट हुन्छ ।

“मरे उतै डोली गएकोतिर गएर मरोस् । घर खान नसकेर मर्नेलाई रोक्न सकिएला ?” (पृ. १०५) । योगमाया माइत आएपछि घर नपठाउने र भोली केही गरी छोरी झुन्डिएर मरेपछि के हुन्छ भनेर योगमायाको आमाले भनेकी हुन्छिन् । छोरीलाई त्यति टाढा नदिम् भन्दा टेरेको होइन । म जाबी आइमाईको के चल्छ । छोरी मरी भने आँसु नचुहाउनुहोला छोरीका शोकाँ । भन्दा योगमायाको बाले मरे घरै गएर मरोस् भन्दै हिंसाजन्य भाषाको प्रयोग गरेका छन् । पितृसत्तात्मक सोचले हावी भएको समाजमा आफ्नो मान, मर्यादा र इज्जत जाने डरले छोरीलाई जसरी नि घर पठाउनुपर्ने भन्दै घर खान नसकेर मरे पनि घरमै मरे हुने जस्ता अभिव्यक्ति माथिको वाक्यमा पाइन्छ । यसरी एउटा नारीलाई स्वतन्त्र जिउन नदिइ सधैँ अरूकै अधीनमा बस्नु पर्ने कुरा माथिको अभिव्यक्तिले जनाउँछ ।

“म धोद्लेबाट कोही केटासँग पो भागी हिँडेकी थिएँ रे । देख्ने ज्यूदै रे ! हात समाएर हिँडेकी थिए रे ओरालोमा । उसैसँग रात बसेरे” (पृ. १०६) । योगमाया धोद्लेबाट एक्लै तिन दिन लगाएर माइत पुगेकी हुन्छिन् तर उसलाई केटासँग भागेर हिँडेको भन्ने आरोप लागेको छ । मन लाग्दो कहानी बनाएर एउटी नारीको अस्मितामा दाग लगाउने भाषाको प्रयोग माथिको वाक्यमा गरिएको छ । पितृसत्तात्मक मानसिकताका कारण महिलाहरू एक्लै हिँड्न नसक्ने र उनीहरूलाई पुरुषको सहयोग नै चाहिने जहिले पनि पुरुषलाई भन्दा महिलालाई कमजोर ठान्ने प्रवृत्तिले गर्दा एक्लै आए पनि अर्कै पुरुषसँग आएको भनेर लान्छना लगाएको छ ।

“तेरी छोरी तलको आसामे कँडेलसँग सल्किएकी छ अरे । वन जङ्गलाँ मात्रै कतिले भेटिसके रे ! बाँधेर राख तेरी छोरी होइन भने नाम्लो डोरी दिएर पठा भिरतिर” (पृ. १०७) । महिला र पुरुषलाई सँगै हिँडेको देख्न नसक्ने समाजले महिला र पुरुष बोले हाँसेको देख्दा पनि नाम जोडेर बदनाम गर्ने प्रचलन छ । योगमायाको बाको मानसिकता पनि त्यस्तै रहेको पाइन्छ । छोरी पुरुषसँग हिँड्ने बोल्ने गरेमा मान, प्रतिष्ठा र इज्जत जाने भन्दै छोरीलाई बाँधेर राख भन्ने अभिव्यक्ति योगमायाका बाले दिएका छन् । यहाँ महिला र पुरुषसँगै हिड्नुलाई नराम्रो दृष्टिकोणबाट देखाउन खोजिएको छ ।

"सारा ब्राह्मण चिढिएका छन् । कति नै पुरान लाउने ब्राह्मणलाई समेत ज्ञान दिने भएकी । दुईचार ठाम के देखेकी फूर्ति लाउँदै हिँड्ने ? तेरी दिदीलाई सम्झाएर राख् भने ठूला पुरेतले मलाई" (पृ. ११७) । योगमायाले गरुड पुराण ले गरिबहरूलाई ऋणमा डुबाउने मात्रै हो भन्थिन्  वेद छोरी र अन्य जातिले पनि पढ्न पाउनुपर्दछ भन्ने गर्दथिन्, त्यसैले उनीसँग सारा ब्राह्मण चिढिएर अग्निधरसँग उनको बारेमा हिंसाजन्य भाषाको प्रयोग गाउँकै ठूला पुरेतले गरेका छन् ।

"यो घरका बारेमा तँ जान्ने भएर बोल्ने होइन अब । आइमाई जान्ने भा'को राम्रो हुन्न । कुखुरी बासेको कहीँ सुहाउँला ? यसै हो कुखुरी बास्दा निमोठेर धुरी कटाउने ?" (पृ. १२२) । नैनकलाले पकाएको भात छोएको निहुमा अग्निधर गङ्गासँग रिसाउँछन् र दुबैको बिचमा भनाभन हुन्छ ।  गङ्गाले दिदी र नैनकलाको पक्षमा बोल्दा अग्निधरले माथिको वाक्य भनेका छन् । यहाँ घरका बारेमा बोल्ने अधिकार पुरुषको मात्र हुन्छ तँ जान्ने नहो भन्दे । महिला बोल्दा कुखुरी बासेको भन्दै महिलालाई कुखुरीको संज्ञा दिएका छन् अग्निधरले । आफ्नी श्रीमतीलाई घरका बारेमा बोल्न नदिने र आफूले भनेको नै हुनुपर्ने मानसिकता अग्निधरको रहेको छ ।

"एक-दुई जादु-टुना जस्तो देखेर कसैले शक्तिमाता पनि भने । त्यसैले दिन दिन तिम्रो हिम्मत बढ्दैगो । बिचरा ती सबै भक्तलाई के थाहा बिहे गर्दै छोड्दै हिँडेकी जात गएकी जैसिनीको वास्तविक कुरा" (पृ. २२०) । अग्निधरको मृत्युपश्चातको बेला गरुडपुराण सुरु भएको थियो । योगमायाले गरुडपुराणको विरोध गर्दा माथिको वाक्य ब्राह्मणले भनेका छन् । अब हामीलाई धर्म अधर्म, पुण्यपाप सिकाउन आइन् यी जैसिनी, आफूलाई साक्षात् देवी नै ठान्न लाग्यौ ? भन्दै ब्राह्मणले हिंसाजन्य भाषाको प्रयोग गरेका छन् ।

"यो गर्भसँग छ भन्ने थाहा पाएपछि यसका घरकाले जबर्जस्ती केरा खान दिएर हुन्छ कि, कटर खान दिएर हुन्छ कि, सुडेनी लाएर हुन्छ कि यसका गर्भ तुहाउन गर्नु कोसिस गरेछन् । नसकेपछि हाम्रा बाको गर्भ हुँदै होइन भनेर तिनका छोराहरूले बखेडा सुरु गरे रे ! अनि जन्मेपछि पञ्च भलादमी राखेर पहिलाको कमारोका खोक्रा लगेर हुलिदिए" (पृ. २५३) । दिङ्लाबाट छोरीलाई अन्याय भएको भन्दै ठूलीहजुरसँग न्याय माग्न आएका छोरीको बाउले माथिको वाक्य भनेका हुन् । छोरीको घरकाले छोरीमाथि गरेको अन्यायलाई उनले हिंसाजन्य भाषामा प्रस्ट पारेका छन् । छोरीको पेटमा बच्चा रहेको बेला उनको श्रीमान्को मृत्यु भएको

र घरकाले बच्चा नस्वीकारेर कमाराको घरमा हुलिदिएको कुरा व्यक्त गरेका छन् । ठूलीहजुरलाई भनेर आफ्नो इज्जत जोगाउन आएका थिए त्यहाँ उसका बाउआमा । यहाँ अशिक्षा र पितृसत्तात्मक सोचक कारण यस्तो घटना घट्न पुगेको छ ।

"कोरले लानुपर्ने हात / दुई टुक्रा होस् ठूलीहजुरलाई छुने हात । ठूलीहजुर जैसिनी रे । त्यसमाथि सबै जात सरोबर बस्ने खाने हुँदा यताका सबैलाई जात काढ्ने कुरो गर्दैथे । अनि तिनका पुराण लाउने चौकामा चढेर ठूलीहजुरले कसिएर विरोध गर्नुभो । हाम्रा मूल पुरेत बस्ने ठाम्मा किन चढेकी भनी हात छोड्न आइहाले षडानन्द गुरुका आश्रमका बटुक । यताका पनि चुप लागेर बस्ने कुरो भएन । हाम्रा हातमा दही जमेका थे र ?" (पृ. २५९) । ठूलीहजुर षडानन्द गुरुका आश्रममा गएर पुराणको विरोध गरेपछि त्यहाँ हात हालाहाल भएको कुरा भीमबहादुर र देउती मायाले गरेका छन् । यहाँ भीमबहादुर र देउती मायाले हिंसाजन्य भाषाको प्रयोग गरेका छन् ।

"ब्राह्मणले गरिखाको देख्न नसक्ने । धर्मविरोधी ! संस्कार नमान्ने ? कुन मुखले यहाँ पशुपतिमा आएकी ? दुनियाँलाई मोहजालमा पारेर अन्धभक्त बनाएकी छस् ? आफ्ना नामको भजन गाउने, गोडा धुने गराएकी छस् ? पापिनी तँ ब्राह्मण विरोधी । घर-माइतीको इज्जतको ख्याल नभएकी पोइछोड्वी, पोइटोकुवी, अलच्छिनी, पतीता, जैसिनी । अरूण धमिलाइस् अब यता आएर बाग्मती धमिलाउने सुरमा छस् ?" (पृ. ३८४) । योगमाया र उनका अनुयायीहरू श्री ३ लाई भेटी पत्र बुझाउन र धर्म राज्यको माग गर्न काठमाडौं गई पशुपतिको बज्रघरमा बसेका बेला एक जना ब्राह्मणले योगमायालाई गाली गर्दै हिंसाजन्य भाषाको प्रयोग गरेका छन् ।

## ६.२ विभेदमूलक भाषा

*योगमाया* उपन्यासमा धेरै प्रकारको विभेद रहेको छ । समाजमा रहेको छोरा र छोरी बिचको विभेद, वर्गीय विभेद, जातीय विभेद, धार्मिक विभेद जस्ता सबै विभेदहरू रहेको छ । *योगमाया* उपन्यासको परिवेश राणाकालीन नेपाली समाजको रहेको छ । यहाँ लैङ्गिक विभेदलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

"जा-जा भान्छा पोत्ने चाहिँ ले । होइन यो केटीलाई के भा'को हो आज झन् ?" (पृ. ४०) । यहाँ गङ्गाले आफ्नी छोरी तुलसालाई जुठो लोटाएर भान्छा पोत भनेकी हुन्छिन् । तुलसाले भान्छा पोत्ने पोतेआरी नलिइ अर्कै लिएर आउँदा माथिको वाक्य भनेकी हुन् । यहाँ

गङ्गाले छोरा र छोरीको बिचमा विभेद गरेकी छिन् । छोरालाई केही काम नलगाउने र छोरीलाई घरको काम लगाउँदै विभेदमूलक भाषाको प्रयोग गरेकी छिन् ।

"घर पस्न नपाकी चेली माइती बस्नु परेपछि कति हो कति खेदो नै गरे बात लाए । बात लगाकै कारण बस्न खान नभएर भागेकी हुन माया नानी" (पृ. ४२) । प्रस्तुत वाक्य गङ्गाकी जेठानी पर्नेले गङ्गासँग भनेकी हुन् । योगमाया घर छोडेर माइती आएपछि घरकाले पस्न दिएनन् र माइतीमा बाको वचन, गाउँलेको वचन सहन नसकी मुग्लान पसेको कुरा माथिको वाक्यबाट प्रस्ट हुन्छ । यहाँ लैङ्गिक दृष्टिले हेर्दा विभेदमूलक भाषाको प्रयोग गरिएको छ ।

"आइमाईको भाग्य कसको कसले जान्दो र' छ ? लेखेर आको नभोगेर सुख ?" (पृ. ४४) । यस प्रसङ्ग गङ्गालाई अग्निधरले माग्न गएको बेला योगमायाको कुरा निकालेर बिहेमा भाँजो हाल्ने मान्छेहरूलाई गङ्गाको दिदीहरूले भनेको हो । यहाँ घरको बुहार्तन सहन नसकी हिडेको हो । भाग्य नै त्यसै भएपछि नभोगी हुन्छ भन्दै विभेदमूलक भाषको प्रयोग महिलाहरूले नै गरेका छन् ।

"दिदीलाई भान्छामा मिसाउन मिल्दैन । मायाका काया हाल्न सकिन्न गङ्गा के गर्छेस् । समाजमा बसेपछि यहीँको चलनमा चल्नुपर्छ । दिदीलाई कोही छेत्रिनी मान्छन्, कोही भन्छन् जैसिनी । अब उपाध्यायको भान्सामा तिनलाई बसाल्न मिल्दैन गङ्गा । सरोवर नगर हाम्रो पनि जात काट्न लागे भने के होला ?" (पृ. ६७-६८) । यस प्रसङ्ग अग्निधरले आफ्नी दिदीले दोस्रो बिहे गरेको र जात खसेको भन्दै आफ्नो भान्छामा दिदीलाई मिसाउन नमिल्ने भन्दै विभेदमूलक भाषाको प्रयोग गरेका छन् । पितृसत्तात्मक सोच र अज्ञानता, अशिक्षाको कारण एकै कोखबाट जन्मिएका दिदीभाईको बिचमा पनि यस्तो विभेदको खाडल देखिन्छ । माथिको वाक्यमा लैङ्गिक दृष्टिकोणले पनि विभेदमूलक भाषाको प्रयोग गरिएको छ ।

"एकै कोखका सन्तान भनेर के भन्नु भाइ मेरा पढेका छन्" (पृ. ७१) । प्रस्तुत वाक्य गङ्गाले आफ्नी दिदी योगमायासँग भनेकी हुन् । एकै कोखबाट जन्मिए पनि भाइ पढेर ठूला पण्डित भएको र आफू छोरी भएर नपढेको भन्दै गङ्गाले यहाँ आफ्ना बाबा आमाले विभेद गरेको भन्दै विभेदमूलक भाषाको प्रयोग गरेकी छिन् । पितृसत्तात्मक सोचका कारण छोरालाई पढाएर वेद पढ्न सक्ने बनाउनुपर्दछ तर छोरी अर्काको घर जाने जात पढेर के काम घरको काम सिक्नुपर्दछ भन्ने धारणा रहेकोले नपढाएको माथिको वाक्यबाट प्रस्ट हुन्छ ।

"जे भए पनि पुजेर देका ज्वाइँ, मानेका सम्धी, तैँले मान राख्नुपर्ने । यसरी भागी हिँड्न सुहाउला कुलकी छोरीलाई ? ज्वाइँको मन चटक्क भाचिँदैन होला अब ?" (पृ. ९४-९५) । प्रस्तुत वाक्य बडीआमाले योगमाया भागेर माइती आउँदा भनेकी हुन् । पुजेको ज्वाइँ र मानेका सम्धीको मान राख्नुपर्ने भन्दै उनले कुलकी छोरीलाई भागेर हिँडेको सुहाउँदैन भनेकी छिन् । छोरीले घरकाले बिदा दिएमात्रै माइती आउनुपर्छ भन्दै बडीआमाले विभेदमूलक भाषाको प्रयोग गरेकी छिन् । यहाँ पितृसत्तात्मक सोच र पुरुषप्रधान नेपाली समाजमा ज्वाइँलाई पुज्ने र बुहारीलाई हेला गर्ने चलन रहेको हुँदा पनि यस्तो विभेदजन्य व्यवहार देखिन्छ ।

"कहाँ मरेकी थिइस् यत्तिका दिन ? हाम्रो नाक काटिस् होइन । तँलाई जन्माएर आज यही दिन देख्न थ्यो ?" (पृ. ९७) । योगमाया घर छोडेर माइतीघर पुग्दा उनका बा रिसाएर उनलाई गाली गरेका छन् । यहाँ छोरी भागेर आउँदा नाक काटिस्, हाम्रो इज्जत् फालिस् भन्दै छोरीले घरबाट बाहिर निस्कन नहुने भन्दै विभेदमूलक भाषाको प्रयोग गरेका छन् । पितृसत्तात्मक सोच, कुसंस्कार र कुरितीका कारण छोरीलाई विभेद पारेको पाइन्छ ।

"श्रीलाल नेउपानेका वचन सास रहुन्जेल खेर जाने पनि छैनन् । बस्नै दिने हो भने एकरातलाई मचान तिरै राख्नु । त्यहीँ बस्छे, त्यहीँ खाना पुराइदिनु, त्यतैबाट जान्छे भोलि आफ्ना घर" (पृ. ९९) । घरमा भएको अत्याचार सहन नसकी योगमाया माइती पुग्दा उनका बाले घर भित्र पस्न नदिइ मचानमै बस्न भनेका छन् । भोली घरकाले केही भने भने बाहिरैबाट ल्याएको हुँ भनी कसम खानुपर्दछ भनेका छन् । एउटा छोरी माइती आउँदा समाज र इज्जतको डरले घरभित्र पस्न नदिइ बाहिरै राखी विभेद गरेका छन् तर छोरा त्यसरी नै आएको भए छोरीलाई जस्तो व्यवहार नगर्ने हाम्रो समाजको चलन छ । माथिको वाक्यमा विभेदमूलक भाषाको प्रयोग गरिएको छ ।

"छोरीले बिराई भनी बाबुले झुकेरै माफी पनि माग्नुपरो । यसै पनि हामी माइतीपट्टिको हात सधैँ तल नै हो, अहिले त झन् तलै परेको बेला छ" (पृ. १००) । यस वाक्यमा छोरीले घर छोडेर धेरै ठूलो गल्ती गरेको भन्दै छोरी दिएपछि माइतीले छोरीका घरकाको अगाडि तलै बसेर कुरा गर्नुपर्ने पितृसत्तात्मक सोच प्रकट भएको पाइन्छ । यहाँ योगमायाको हजुरबाले योगमायाको बालाई सम्झाएका छन् । माथिको वाक्यले लैङ्गिक विभेदजन्य भाषा प्रकट गरेको छ ।

"मर्दानालाई जतिपटक बिहे गरेपनि छुट, जनानालाई बन्धन किन ?" (पृ. २६१) ।

माथिको प्रसङ्ग पुष्पलाल नेउपानेले तेस्रो विहे गरेको कुरा चलिराखेको बेला नैनकलाले भनेकी हुन् । पुरुषलाई जतिपटक बिहे गर्दा पनि स्वीकार्ने समाजले महिलाले विधवा भएर वा अन्य कारणले दोस्रो बिहे गरेको नस्वीकार्ने । यहाँ पितृसत्तात्मक सोच, पुरुषवादी समाज, पुरुषले जे गरे पनि महिलाले सहनुपर्ने बाध्यात्मक स्थितिले त्यस्तो विभेद हुन पुगेको छ । समाजमा पुरुषलाई केही कुरा गर्न मन लागे सोचविचार नगरी स्वविवेकले भ्याएसम्मका कामहरू गर्ने छुट छ तर महिलाहरू जस्तो सुकै अवस्था आइपरे पनि एउटैसँग जिन्दगी बिताउनुपर्ने भनेर पुरुषहरूलाई हरेक कुरामा स्वतन्त्रता दिइएको छ भने महिलाहरूलाई अधीनमा राखेको पाइन्छ । यहाँ नैनकलाले प्रयोग गरेको भाषा विभेदमूलक रहेको देखिन्छ ।

## ६.३ सन्तुलित भाषा

नीलम कार्की निहारिकाद्वारा लिखित *योगमाया* उपन्यासको कथावस्तु राणाशासन कालमा समाज सुधारका लागि विद्रोह गरेकी योगमायाको जीवनीमा आधारित छ ।

योगमाया स्वयम् समाजको अन्याय, अत्याचार, शोषणको सिकार भएपछि उनमा आएको चेतनाको कारण समाज सुधारका लागि केही गर्नैपर्छ भन्ने भावना आएर समाजमा भइरहेको रुढिवादी परम्परा, हिंसा, अन्याय अत्याचारको विरुद्धमा आवाज उठाउँदै सबैलाई समान व्यवहार गर्नुपर्दछ भन्दै सन्तुलित भाषाको प्रयोग उपन्यासमा पाउन सकिन्छ ।

"कति अर्काको कुरा गरेका । केको चियोचर्चो हो ? तिमरुलाई अर्काका कुरा नगरी खाको पच्दैन । एक मानो भात अटाउने भुँडीमा एक चिम्टी कुरा अट्दैन क्या हो ?" (पृ. ७७) । योगमायाको बारेमा पँधेरामा पधेर्नीहरूले कुरा गरिरहेका हुन्छन्, त्यसैबेला गङ्गाको हजुरआमा पर्ने पधेराँमा आएर माथिको वाक्य भनेकी हुन् । अर्काको कुरा गर्नुहुँदैन भन्दै हजुरआमाले सन्तुलित भाषाको प्रयोग गरेकी छिन् ।

"यति साह्रै निष्ठुरी नबन्नुस् मायाका बा । छोरी तलमाथि केही भई भने तपैंको जिम्मा । नौ महिना भुँडीमा बोकेर जन्माको त मैले हो । जन्म दिने आमालाई झैँ पीडा बालाई किन हुँदो हो ? कति सजिलरी भन्न सकेको मरे मरोस् भनेर ?" (पृ. १०५) । योगमाया माइत आएपछि घर पठाउने भनेर उनका बाले अनेक उपाय गरिरहेका हुन्छन् तर आमाले घर नपठाउँ माइतमै राखौँ, भोलि छोरी केही भएर मरि भने भन्दा योगमायाका बाले

मरे मरोस् भन्दा उनकी आमाले माथिको वाक्य भनेकी हुन् । यहाँ बाको मन कठोर भएपनि आमाको कमलो मनलाई देखाइएको छ । एउटा आमाले आफ्नो सन्तानलाई छिटो माफ गर्छिन् तर बाले समाजमा इज्जतको डरले पनि आमाले जस्तो गर्न नसक्ने कुरा देखाउँदा माथिको वाक्यमा सन्तुलित भाषाको प्रयोग गरिएको छ ।

"म कुसंस्कृति मान्दिनँ । अब तिमी एक्लै रोएर जीवन काट्नुपर्छ भन्ने पनि छैन । एक्ली अवला जनानालाई बाँच्न दिन्न यो समाज जहाँ जाउँ शान्तिको सास फेर्न पाउँदिनौं । जे पर्छ सामना सँगै गरौंला, हिम्मत गर । फेर यस्ता पहिरन ।" (पृ. ११३) । योगमाया विधवा भएपछि उनलाई मन पराउने उनी काम गर्न बसेको घरको मान्छले योगमायालाई माथिको वाक्य भनेका हुन् । नैनकलाको बाले एउटी विधवा नारीलाई उसको अस्तित्वसँग स्वीकार्ने र उनलाई सम्मान गर्ने कार्य गरेका छन् । श्रीमान् मरेपछि श्रमितीले पनि दोस्रो विहे गरि सम्मानपूर्वक बाँच्न पाउनुपर्दछ भन्ने कुरा माथिको अभिव्यक्तिमा पाइन्छ । समाजको कुसंस्कारलाई हटाउने र नारीलाई सम्मान गर्ने खालको सन्तुलित भाषाको प्रयोग नैनकलाको बाले गरेका छन् ।

"के नाक काट्नु, के कान ? न भाँडाको न भुइँको भा' को बेलाथ्यो । उता घरकाले पस्न नदिने यता बा आफ्ना भन्नेका शङ्काले बस्न खान नदिने रे । त्यो ठाममा आफू भा भए चाल पाउथ्यौ" (पृ. १२४) । पँधेरामा गाउँका बुहारीहरूले योगमायाको कुरा गरिरहेका बेला चापागाइँका बुहारीले 'हिजो त उनले नी माइतीका नाक काटेर हिँडेकी हुन्' भनेपछि माथिको वाक्य सुवेदीनीले भनेकी हुन् । यहाँ चपागाइँकी बुहारीको जवाफमा सुवेदीनीले सन्तुलित भाषाको प्रयोग गर्दै नारी भएर नारीको सम्मान गर्नुपर्ने खालको अभिव्यक्ति दिएकी छिन् । केही महिलाले नै महिलालाई दोष दिने प्रचलनलाई पनि खोतल्दै समाजमा पुरुषले गर्दा ठिक र महिलालाई बन्देज गर्ने खालका कुराहरूलाई सुवेदीनीले सन्तुलित भाषाको प्रयोग गरी स्पष्ट पारेकी छिन् ।

"जाँतोको हातो शोषक सामन्तीले समाउँछन् र घान हामीलाई गराउँछन् । हामीलाई पिस्छन् अत्याचारको जाँतोमा । हो त्यो जाँतो हामीले टुक्राटुक्रा पारेर फोर्नुपर्छ । सहेर बस्ने होइन" (पृ. २५८) । कुटीमा  योगमायासँग विभिन्न समस्याहरू लिएर धेरै मान्छेहरू आएका हुन्छन् । सबैको समस्या सुन्दै जाँदा माथिको वाक्य प्रेमनारायणले भनेका हुन् । ठूलाले सानालाई जता पनि अन्याय, अत्याचार गरेको र सामन्तीहरूले निमुखाहरूलाई जाँतोमा पिस्ने हुँदा प्रेमनारायणले यसको विरोध गर्दै सामन्तीको जाँतो हामीले टुक्रा टुक्रा पारेर

फोर्नुपर्छ अर्थात् सामन्तको शोषणको विरोध गर्नुपर्छ, सहेर बस्ने होइन भन्दै सन्तुलित भाषाको प्रयोग गरेका छन् ।

"विधवालाई विवाहको निम्ति छुट दिनु धर्मसङ्गत छ । ज्वाइँ खसेर एक्लै परेकी छोरीलाई आफ्नै बा आमाले गरिदिनुपर्छ बिहे । तर, करकापमा होइन उनकै राजीखुसी मन्जुरीमा । र, त्यो पनि छोरी आफै जान्ने बुझ्ने भएपछि" (पृ. २६२) । पुरुषलाई जति पटक बिहे गरे पनि छुट हुने तर विधुवालाई बिहे गर्दा समाजले नस्वीकार्ने भन्ने प्रसङ्गमा योगमायाले माथिको वाक्य भनेकी हुन् । योगमायाको विधुवाँले आफ्नो राजीखुसीमा बिहे गर्न पाउनुपर्छ भन्ने माग पनि थियो । योगमाया र उनका अनुयायीहरूले लिङ्गभेद, जातीय, वर्गीय जस्ता विभेद गर्ने थिएनन् र सबैलाई समान व्यवहार गर्ने गर्दथे । माथिको प्रसङ्गमा योगमायाले सन्तुलित भाषाको प्रयोग गरेकी छिन् ।

महिला र पुरुष समान हो । महिला पनि पुरुषभन्दा कम हुँदैनन् । परिआए जे पनि गर्न सक्छन् भन्ने सन्देश योगमायाले यसरी व्यक्त गरेकी छिन् : "हामी जनाना, हामी कमजोर भन्नेजस्तो यस्तो कहिलेकाहीँ आउँछ मनाँ । त्यसैगरी त्यत्रा समय त्यै समाजमा बाँचेपछि त्यो हुन्छ । हामी त्यसलाई जितेर हिँडेका छौँ । कहिले जुर्मुराएर ती कमजोरीले फेरि जित्न खोज्छ । तर, ज्ञान र साहसले थिच्ने न हो । तिमीले चिन्ता नमान म कमजोर, म जनाना भन्ने जस्ता अझ मनाँ जे जति बाँकी छन् त्यसलाई पूरा पूर निकाल्ने कोसिस गर । विकार निकालेझैँ । नत्र कमजोर पार्छ त्यसले नशा खिचेर शक्तिसञ्चय गर म अबला हुँ, जनाना हुँ, विचरा हुँ भन्ने बिर्सन प्रण गर । मैले पनि प्रण गरेको हो । तिमी फेरि पनि सङ्कल्प गर !" (पृ. ३४८) । यहाँ लैङ्गिक दृष्टिले हेर्दा योगमायाले प्रस्तुत गरेको वाक्यमा सन्तुलित भाषाको प्रयोग भएको पाइन्छ ।

काठमाडौँ गएको बेला एउटा ब्राह्मणले योगमायालाई धेरै गाली गर्छ । त्यसको केही दिन पश्चात उसको मृत्यु हुन्छ । त्यो खबर सुनेपछि इन्द्रमायाले ठूलीहजुरलाई रुवाउन खोज्नेको कहिले भलो हुन्न भन्दा योगमायाले यसरी सन्तुलित भाषाको प्रयोग गर्दै सबैलाई ज्ञान दिएकी छिन् : "खै गर्न कसैलाई हुन्न । लाञ्छना लाएर कसैका दिल दुखाउन हुन्न, चाहे मलाई चाहे तिम्लाई । आफूलाई कुभलो चितायो भन्दैमा कहिले कसैलाई मरिहालोस् भन्ने कामना गर्नु पनि राम्रो होइन । त्यो धर्मसङ्गत छैन नत्र के फरक भो तिनीमा र हामीमा ? ज्ञानी र अज्ञानीमा ?" (पृ. ३८६) । यसरी योगमायाले आफ्ना भक्तहरूलाई उपदेश दिँदा सन्तुलित भाषाको प्रयोग भएको छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

नीलम कार्की निहारिकाद्वारा लिखित *योगमाया* उपन्यासले मूलतः ऐतिहासिक सत्य घटनालाई विषयवस्तुको रूपमा अङ्गालेको पाइन्छ । राणाशासन कालको राजनीतिक, धार्मिक, सांस्कृतिक, शैक्षिक आदि पक्षलाई समेटी प्रस्तुत उपन्यासले उक्त समयको सबै किसिमका यथार्थलाई निकै प्रभावकारी रूपमा चित्रण गरेको पाइन्छ । यसका साथै ग्रामीण जीवनशैलीको जीवन्त प्रस्तुति, पात्रको मनोविज्ञान, जीवनदर्शन, नारी चेतना, समाजसुधार, जीवन जगत्लाई हेर्ने सकारात्मक दृष्टिकोण, परम्परित कुसंसकारप्रतिको विद्रोह, क्रान्तिचेतना, मानवतावाद तथा हिन्दूधर्मको पुर्नव्याख्या आदि सबै पक्षलाई उपन्यासले समेटेको छ ।

*योगमाया* उपन्यासको अर्को सशक्त पक्ष भनेको क्रान्ति, चेतना र हिन्दू धर्मको पुनर्व्याख्याको सन्दर्भ हो । समाजमा धर्मका नाममा बढ्दै गएको विकृति विसंगति र कुसंस्कारका विरुद्ध आवाज उठाउन ठूलीहजूरले धर्मको मार्गलाई जुन किसिमले माध्यम बनाएको देखिन्छ । त्यसलाई उपन्यासकारले प्रभावित रूपमा प्रस्तुत गरेकी छिन् । आफ्ना योगवाणीका माध्यमबाट हिन्दू धर्मलाई परम्पराभन्दा पृथक् किसिमले व्याख्या गर्ने ठूलीहजुरले समाजका अन्याय र अत्याचारका खुल्ला रूपले विरोध गरेकी छिन् । वेद पढ्नबाट कोही वञ्चित हुनुहुन्न, धर्मका नाममा कोही कसैलाई ठगिनु हुँदैन, छुवाछुत र उचनीच सबै खारेज हुनुपर्छ र सबैले समान हक अधिकार पाउनुपर्छ भन्नेजस्ता कुरालाई योगवाणीका रूपमा प्रचार गर्ने ठूलीहजुरलाई एउटी भक्तिनीका रूपमा मात्र नदेखाई परिवर्तनकामी चेतनाको अभियन्ताका रूपमा यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

योगमाया नेपाली इतिहासको एक कालखण्डमा एकजना प्रखर र विद्रोही थिइन् । उनलाई आफ्नै जिन्दगी र परिवेशले नै विद्रोही बनाएको थियो । जीवनमा भोग्नुपरेका दुःख, प्रताडना, अपजस, सास्ती, बुहार्तन, सामाजिक लाञ्छना, कटाक्ष, हेलाहोचो आदिले उनलाई गृहस्थी छोडेर धर्मकर्म, तिर्थब्रत र साधु सन्यासीको संगततिर आकर्षित गरेको छ ।

*योगमाया* उपन्यास तीनओटा खण्डमा विभाजित छ। पहिलो खण्ड आरम्भ छ यसमा बार्बरा निम्रिले आफूले प्राप्त गरेका हजुरवाणीहरू पारिजातलाई दिएर ठूलीहजुरको बारेमा लेख्न लगाएकी छिन्। दोस्रो र मुख्य खण्डका रूपमा ठूलीहजुर रहेको छ। दोस्रो खण्डमा ५५ ओटा परिच्छेद छन्। योगमाया सहित छैसठ्ठी जनाले जलसमाधी लिएपछि उपन्यासको तेस्रो खण्ड प्रसङ्गबस छ।

योगमायाको बिहे माइती गाउँबाट धेरै टाढा कुनै कोइराला युवकसँग सानै उमेरमा हुन्छ। जहाँ बुहार्तन बाहेक केही हुँदैन, दुःखको पहाडले च्यापेको मात्र हुन्छ। त्यहाँबाट न माइत जाने अनुमति पाउँछिन न माइतबाट कोही त्यहाँ पुग्छन्। यस्तैमा एक रात हिम्मत गरे उनी भागेर माइत आउँछिन् तिन दिन लगाएर। घर माइत सबैतिर हल्लीखल्ली हुन्छ। उनी कता हराइन भनेर। पछि घरकाले तिन दिनसम्म हराएकी बुहारीलाई घर भित्राउँदैनौ भनेपछि उनी माइतीमै बसेकी हुन्छिन्। पुरुष प्रधान समाजका अनेक तानाबाना र कटाक्ष सुनिरहने उनका पिताले उनलाई निरन्तर केही न केही भनिरहेका हुन्छन्, अपमानको आगोमा घिउ थपिरहेका हुन्छन्। एक दिन आजित भएर उनी गाउँकै कँडेल थरका युवकसित आसामतिर लाग्छिन्। आमाले गर्ने मायाले मात्र उनलाई रोक्न सक्दैन। आसाममा पहिले गारोसारो भए पनि जीवन क्रमशः सामान्य हुँदै गइरहेको र एक छोरी समेत भइसकेको अवस्थामा अचानक उनको पतिको मृत्यु हुन्छ र उनी फेरि एकपटक एक्लो हुन पुग्छिन्। आसाम छँदै उनलाई सांसारिकता भन्दा साधुहरूको संगत न्यानो लाग्न थालेको हुन्छ। आसाम बसेको धेरै वर्ष बितेको अवस्थामा योगमायाले आफ्ना कान्छा भाइलाई आफूलाई लिन आसाम बोलाउँछिन्। भाइ दिदीलाई लिन आसाम जान्छन् र यही प्रसङ्गबाट *योगमाया* उपन्यास सुरु भएको छ।

नेपाल आइसकेपछि माइतमै बसे पनि उनी धेरै कसैसित बोल्दिनन्। मनकामना, स्वर्गद्वारी गएर फर्किन्छिन्। उनको मन ध्यानतिर र पछि तपस्या गर्नेतिर जान्छ। उनी क्रमशः भक्तिमाता, शक्तिमाई, ठूलीहजुर जस्ता नामले पुकारिन्छिन्। आफ्ना कुरामा निडर, हक्की, निर्भिक र हठी पनि देखिन्छिन् र घर छोडेर कुटीमा बस्न थाल्छिन्। कुटीमा रहँदा गीत र भजनमार्फत् समाज सुधारतर्फ अग्रसर हुन्छिन् र पछि राणाहरूको सामू पुगी धर्मराज्य स्थापनाको माग गर्न पछि हट्दिनन्। योगमाया नारीहरूको लागि प्रेरणाको स्रोत बनेकी छिन्। महिलाहरूले चलिरहेको परम्परागत चलन र रुग्ण परिपाटीप्रति नतमस्तक भई अस्तित्व शून्य जीवन रोज्न अब कुनै हालतमा पनि तयार हुनुहुन्न। विद्रोह नै

अस्तित्वप्रतिको शक्ति हो भन्ने सन्देश *योगमाया* उपन्यासमा पाइन्छ । उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक चेतना, उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा आदिको आधारमा अध्ययन, विश्लेषण गरिएको छ ।

## ७.२ निष्कर्ष

*योगमाया* उपन्यासको लैङ्गिक अध्ययनबाट निम्नानुसारको निष्कर्ष निकालिएको छ :

- *योगमाया* उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक, अनुत्पादक, पुनरुत्पादक, सामाजिक, राजनीतिक, साांस्कृतिक, आर्थिक भूमिकामा महिला र पुरुषको समान सहभागिता नरहेको पाइयो ।
- पात्रगत दृष्टिले तुलना गर्दा पुरुष र महिलाको भूमिकामा समान सहभागिता रहेको पाइयो ।
- उपन्यासमा अधिकांश पात्रहरू सुरुमा पितृसत्तात्मक सोच पुरुषवादी मानसिकताबाट ग्रसित भएको र पछि केहीलाई छोडी सबैमा चेतना र ज्ञानको कारण समाजमा सशक्तीकरणको कार्य गरेको पाइयो ।
- उपन्यासका पात्रहरू कोही व्यक्तिवादी प्रवृत्ति अङ्गालेर हिँडेका त कोही समाज र राष्ट्र परिवर्तनको आशा बोकेर वर्गीय, जातीय तथा लैङ्गिक द्वन्द्वको अन्त्य गर्ने मनसाय लिएर अगाडि बढेको पाइयो ।
- भाषिक प्रयोगको दृष्टिकोणले हेर्दा ग्रामीण नेपाली भाषा, कतै उखान टुक्काको प्रयोग, कतै भोजपुरको स्थानीय भाषाको समेत प्रयोग भएको पाइयो । समग्रमा हेर्दा उपन्यासमा प्रयुक्त भाषामा लैङ्गिक समानता रहेको पाइन्छ ।
- लैङ्गिक दृष्टिकोणले हेर्दा उपन्यासको सुरुमा महिला र पुरुषलाई फरक फरक तवरले हेरिएको पाइयो भने उपन्यासको मध्य र अन्त्यतिर महिला र पुरुषलाई समान दृष्टिकोणले हेरिएको पाइयो ।
- पितृसत्तात्मक समाजका कुसंस्कार नारीप्रति कुदृष्टि, महिला हिंसा र समाजको विकृति, विसङ्गति विरुद्ध आवाज उठाएर एउटा महिलाले पनि समाज र देशको आमूल परिवर्तनका लागि उल्लेखनीय कार्य गर्न सक्ने प्रेरणा यस उपन्यासले दिएको छ ।

- लैङ्गिक विभेद, जातीय विभेद, वर्गीय विभेद जस्ता विभिन्न विभेदहरूको विरुद्धमा आवाज उठाउँदै सबैलाई समान दृष्टिले हेर्ने गरेको पाइयो ।
- महिला सशक्तीकरणका दृष्टिकोणबाट हेर्दा पुरुषको तुलनामा महिला बढी सक्रिय भएको पाइयो ।
- सामाजिक हक अधिकारबाट वञ्चित, पुरुषवादी सोचको अन्याय, अत्याचार र अज्ञानतामा असमान जीवन बाँचिरहेका महिलाहरूलाई सशक्तीकरणका माध्यमबाट मूलधारमा ल्याउन सकिने कुरा उपन्यासमा पाउन सकिन्छ ।

## ७.३ उपयोगिता

प्रस्तुत शोधपत्रको अध्ययन पश्चात् यो शोधपत्र निम्नलिखित तहमा उपयोग हुन सक्ने देखिन्छ :

### ७.३.१ नीतिगत तह

- लैङ्गिकता सम्बन्धी सरकारी र गैरसरकारी स्तरबाट नीति, नियम एवम् कार्यविधिहरू निर्माणमा सहयोग पुऱ्याउँछ ।
- लैङ्गिक समानता, असमानता, हिंसा आदिको जानकारी लिन सहयोग पुऱ्याउँछ ।
- लैङ्गिक समानता स्थापनार्थ सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमको विश्लेषण गर्न सहयोग पुऱ्याउँछ ।
- विभिन्न किसिमका लैङ्गिकता सम्बन्धी तालिम तथा प्रशिक्षण दिन सहयोग पुऱ्याउँछ ।
- लैङ्गिकताको क्षेत्रमा लागिपरेका व्यक्तिहरू र जिज्ञासु वर्गका लागि थपज्ञान प्रदान गर्न सहयोग पुऱ्याउँछ ।
- अनुसन्धानको क्रममा भाषिक मूल्याङ्कन गर्न, लैङ्गिक चेतनाको अध्ययन गर्न यस अनुसन्धानले सघाउ पुऱ्याउँदछ ।

### ७.३.२ प्रयोगगत तह

- परम्परागत पितृसत्तात्मक धारणा, कुसंस्कार, कुप्रथा, रुढिवादी परम्परा परिवर्तन गरी, सामाजिक, सांस्कृतिक अन्धविश्वासलाई जरैदेखि निराकरण गराउन सहयोग मिल्छ ।

- समाज परिवर्तनका लागि महिला र पुरुषको समान भूमिका भएकाले महिलालाई पनि पुरुष सरह व्यवहार गर्ने कार्यमा सहयोग पुग्छ ।
- *योगमाया* उपन्यासमा रहेको लैङ्गिकताको अध्ययनले लैङ्गिक समानता, समता र सशक्तीकरणको जानकारी दिई लैङ्गिक विभेदबाट मुक्ति दिलाउने कार्यमा सहयोग मिल्छ ।
- *योगमाया* उपन्यासको लैङ्गिक अध्ययन हालसम्म नभएकाले यो अध्ययनीय विषयका रूपमा रहेको छ ।
- यस अध्ययनबाट भाषिक सिपका उद्देश्य पूरा गर्नका साथै बोली, व्यवहारमा देखिएका कमजोरी सुधार गर्न सहयोग पुऱ्याउँछ ।
- समाजका शिक्षित, अशिक्षित, ग्रामीण, सहरिया परिवेशका व्यक्तिहरूको लैङ्गिकता सम्बन्धी कस्तो धारणा रहेछ भन्ने कुराको जानकारी लिन सहयोग पुग्छ ।
- लैङ्गिक चेतना र दृष्टिकोणका अतिरिक्त भाषिक प्रयोगबाट सिर्जित *योगमाया* उपन्यासको नवीन सौन्दर्य शिल्प उद्घाटन र मूल्याङ्कन गर्नको लागि प्रस्तुत शोधकार्य महत्त्वपूर्ण रहेको छ ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्ग राज र अन्य (२०७१), 'प्रयोगात्मक नेपाली शब्दकोश', काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अर्याल, अनिता (२०७२), '*अनिता* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अर्याल, भोजेन्द्र (२०६८), 'लैङ्गिक तथा महिलावादी अध्ययन', काठमाडौँ : ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०७४), 'लैङ्गिक समाजशास्त्र', काठमाडौँ : नेशनल बुक सेन्टर ।

कार्की, निलम (२०७४), 'योगमाया', काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि., पुतलीसडक ।

कार्की, मञ्जुदेवी (२०७३), '*अर्की आइमाई* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कुँवर, चित्रा (२०७३), '*सहयात्री* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कोइराला, विद्या (२०७४), '*छाउघर* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०६६), '*पहेँलो गुलाफ* कथामा लैङ्गिक चेतना', *सम्प्रेषण,* अङ्क छ, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गैरे, डाल कुमारी (२०७१), '*माइतघर* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जोशी, युजना (२०७३), '*ताप* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पाण्डे, ज्ञानु (२०६९), 'नेपाली उपन्यासमा लैङ्गिकता', काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेश (२०७२), 'माध्यमिक तहका नेपाली पाठ्यपुस्तकहरूमा समाविष्ट चित्रहरूको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), 'भाषिक अनुसन्धान विधि', काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भद्रा, चन्द्रा र अन्य (२०७०), 'लैङ्गिक अध्ययन', काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल एकेडेमी ।

भण्डारी, निरा (२०७१), '*अनुराधा* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रोका, तारा कुमारी (२०७०), 'कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७०), *लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जिल्लास्तरीय प्रशिक्षण,* काठमाडौँ : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

सिलवाल, प्रकाश (२०७२), '*शान्ति* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट

## परिवारका सदस्यहरूले आफ्नो घरमा कुराकानी गर्दै गरेको प्रसङ्ग

पुरुष १ : आरभ मामु खै त ?

पुरुष २ : खै बाबा ! पल्लो घरको अन्टिलाई भेट्न जान्छु भन्दै हुनुहुन्थ्यो ।

पुरुष १ : साँझ परेको बेला आइमाई मान्छे भएर गाउँ चहार्दै हिँडेको होला नि, काम छैन दिनभरि गा'को भएनी हुन्न ? साँझमा घरमा बस्नुपर्छ नी ।

पुरुष २ : आउनुहुन्छ होला नि अब, आएर खाना पकाउनु छ भन्दै जानुभा'को ।

पुरुष १ : अहिलेसम्म आ'की छैन, अब कहिले आएर खाना पकाउछे ?

पुरुष २ : आउनुभयो त बाबा मामु ।

महिला : के भयो आरभ ?

पुरुष २ : बाबा रिसाउनुभको छ ।

महिला : ए ! आइसक्नु भयो ? म त पल्लो घरको बैनीलाई गुन्द्रुक दिन गा'को थिए, भर्खर गा'को हो । हजुर त आज अफिसबाट छिटै आउनुभएछ त !

पुरुष : आएँ त, आइमाई मान्छे भएर साँझको बेला गाउँगाउँ जान्छौ, थाकेर घरमा आयो पानी दिने मान्छे हुँदैन . .. ।

माथिको संवाद परिवारका सदस्यहरूबिच गरिएको हो । यहाँ श्रीमान् अफिसबाट घर आउँदा श्रीमतीलाई नदेखेपछिको प्रसङ्गमा कुराकानी गरिएको छ । यस संवादलाई लैङ्गिक दृष्टिले हेर्दा प्रशस्त असमानता रहेको पाउन सकिन्छ । संवादमा अफिसबाट घरमा आउँदा छोरा मात्रै घरमा रहेको र श्रीमती घरमा नभएपछि श्रीमान् रिसाएका छन् । यहाँ महिला साँझ परेपछि घरमै बस्नुपर्ने र श्रीमान् आएपछि उनको सेवा गर्नुपर्ने भनिएको छ । यहाँ महिलालाई घरभित्र मात्र सीमित गर्न खोजिएको आशय पाइन्छ ।

**जाडोमा आगो ताप्दै गर्दा गरिएको कुराकानीको प्रसङ्ग**

महिला १ : सि.सि. सु कति जाडो हो ?

महिला २ : त्यही त कति छ जाडो नि, आउनुस् आगो तापौँ, गफ पनि हुन्छ ।

पुरुष : अफिसबाट आउनुभयो ?

महिला १ : आए, अब खाना पकाउनुपर्छ फेरि । आगो तापेर बस्न पाए पो हजुर जस्तो ।

महिला २ : त्यही त हामी बुहारीको जातलाई अफिस सँगसँगै घरको कामको जिम्मेवारीले पनि थिचेको हुन्छ ।

पुरुष : अब घरका काम त महिलाले नै गर्नुपऱ्यो, सहयोग माग्नु नि श्रीमान् र छोराछोरीहरूसँग ।

महिला १ : सघाउने भनेको त छोरी मात्रै हो, छोरा र श्रीमान्ले जाँगर नि गर्नुहुन्न, भन्नु नभन्नु एउटै हो ।

महिला ३ : त्यो त आफूले मिलाउन सक्नुपर्छ नि, सबैलाई बोलाउने कामको बाँडफाँड गरेर सबै मिली गऱ्यो भने काम पनि चाँडै सकिने ।

महिला १ : हो हुन त, कराउनुभन्दा आफै काम गऱ्यो आनन्द हुन्छ नि ।

महिला २ : मेरो श्रीमान् आउनेबेला भयो ल म घरतिर लागे है !

महिला ३ : ल ल अब आगो पनि निभ्न लाग्यो भोलि भेटौंला . . . ।

माथिको संवाद जाडोमा आगो ताप्दै गरेका व्यक्तिहरूको हो । यो संवादलाई लैङ्गिक दृष्टिले हेर्दा प्रशस्त असमानता रहेको पाउन सकिन्छ । श्रीमान् श्रीमती दुबै जागिर गर्ने भए पनि घरको काममा श्रीमानले र छोराले सघाएका हुँदैनन् । यहाँ पुरुषले पनि घरको काम त महिलाले नै गर्नुपऱ्यो भन्दै लैङ्गिक विभेदजन्य भाषाको प्रयोग गरेका छन् । माथिको संवादमा घरको कामको जिम्मेवारी महिलाले नै लिनुपर्ने, पुरुष अफिसबाट घर आउँदा श्रीमती घरमै बस्नुपर्ने जस्ता लैङ्गिक दृष्टिले विभेदमूलक भाषाको प्रयोग गरिएको छ ।

**दुईजना साथी भेट भएर कुराकानी गरेको प्रसङ्ग**

महिला १ : ओहो ! आस्था धेरैपछि पो भेट भो त, के छ खबर ?

महिला २ : ठिकै छ राधा । तिम्रो बरु के छ, त्यही त भेटघाट नै हुँदैन आजभोलि त है ?

महिला १ : हो नि अनि घरमा सबैलाई ठिक छ ? छोराछोरी के गर्दै छन् ?

महिला २ : छोराले सिभिल इन्जिनियरिङ पढ्दैछ, छोरीको पढाइ सकियो, विदेश जान्छु भन्दै छे के गर्नु । अनि तिम्रो छोराछोरी के गर्दै छन् त ?

महिला १ : ए राम्रो रहेछ, मेरा त सानै छन्, अझै पढ्दैछन् । अनि छोरी कुन देश जान ला'की नि ?

महिला २ : जापान जान्छु भन्दै छे, उसको बाबा र मलाई मनै परेको छैन । हेर, नेपालमै केही गरोस् भन्ने चाहान्छौं । छोरा जानुपर्ने ठाउँमा छोरी जान्छुभन्दा चिन्ता लागिरा'छ ।

महिला १ : चिन्ता गर्नुभन्दा छोरीलाई सम्झाउ न त ।

महिला २ : सम्झाउँदै छौं, छोरी मान्छे विदेशको ठाउँमा के गर्छे, बरु पढाइ सकेपछि छोरालाई पठाउनुपर्छ, छोरी मान्छेलाई एक्लै त्यति टाढा के पठाउनु ।

महिला १ : ल ल भेट भयौ खुसी लाग्यो, हाम्रो तिर नि आउँदै गर है ।

महिला २ : ल ल हुन्छ ।

माथिको संवाद दुईजना साथीको बिचमा गरिएको हो । यहाँ छोरालाई विदेश पठाउँदा खुसी हुने बाबा-आमा छोरीलाई विदेश पठाउन चाहेका छैनन् । छोरी भएकै कारण विदेश जाने र आफ्नो सपना पूरा गर्ने इच्छा महिला २ की छोरीको अधुरै रहेको छ । यो संवादले छोरालाई सक्रिय नेतृत्ववान ठानेको र छोरीलाई निष्क्रिय ठानेको पाइन्छ ।

**गाडीमा कलेजका केटाहरूले कुरा गर्दै गरेको प्रसङ्ग**

पुरुष १ : ओए ! प्रेम सुन त , त्यो अस्मिता छ नि !

पुरुष २ : के भयो र ?

पुरुष १ : के हुनु यार, जहिले कपी माग्छे केटी भएर केटीसँग माग्नु नि ।

पुरुष ३ : ल हेर यसको विचार के भो त ! तँसँग मागेर ।

पुरष १ : कपी माग्ने त बहाना मात्रै हो मलाई त्यो केटीको हाउभाउ ठिक लाग्दैन ।

पुरुष २ : किन हाम्लाई त अस्मिता गलत लाग्दैन न त ।

पुरुष ३ : त्यही त साथी हो, केटासँग मागे पनि केटीसँग मागे पनि के भो त ?

पुरुष १ : त्यही तिमीहरूलाई त राम्रो लाग्ने भैहाल्यो नि, केटीको अनुहार देखेपछि ।

पुरष २ : खोई ! होला त्यसो भए, हामीसँग त कपी पनि माग्दिन त !

पुरुष ३ : तँलाई मन पराउँछे कि ?

पुरष १ : केको मन पराउनु, राम्रो मान्छे त्यस्तो गर्दैन, त्यो केटी नै त्यस्तै छे, फेरी अब म त्यसलाई इग्नोर गर्दिन्छु । फेरी पनि नजिक आउन खोजी भने कलासमा बेइज्जत गर्दिन्छु ।

पुरुष २ : ह्या छोड यस्ता कुरा, अरू नै कुरा गरन ।

पुरुष ३ : त्यही त आज कस्तो बोरिङ कुरा गऱ्यो यसले . . . ।

माथिको संवाद गाडीमा चढेका कलेजका तिनजना केटाहरूबिच गरिएको हो । यहाँ अस्मिता नामकी साथीले कपी मागेको प्रसङ्गमा कुराकानी गरिएको छ । यहाँ पुरुष १ ले लैङ्गिक दृष्टिले विभेदजन्य भाषाको प्रयोग गरेको पाइन्छ । पुरुष २ र पुरुष ३ ले विभेदजन्य भाषाको प्रयोग नगरे पनि पुरुष १ लाई साथ दिएको पाइन्छ । यहाँ सँगै पढ्ने भए पनि केटीले केटा साथीसँग नजिक हुन खोज्दा, राम्रो साथीको नाताले कपी माग्दा पनि पुरुष १ ले अनेकथरी कुरा गर्दै लैङ्गिक विभेद रहेको पाइन्छ ।

**मन्दिरमा दुईजना महिलाहरूले कुरा गर्दै गरेको प्रसङ्ग**

महिला १ : सरिता आजभोली के भएको छ तिमीलाई, खासै समय पनि दिँदैनौं ।

महिला २ : अलि व्यस्त छु आजभोलि । पहिलाको जस्तो अब कहाँ हुन्छ र ?

महिला १ : त्यसो भए घर व्यवहारमा मस्त छौ ?

महिला २ : त्यसै भन्नुपर्‍यो, घरको सबै काम आफैले सम्हाल्नुपर्छ, त्यसको साथै पढाइलाई नि निरन्तरता दिनुपर्‍यो ।

महिला १ : अनि आज बिहानै मन्दिर आएछौं त फुर्सद निकालेर !

महिला २ : त्यही त आज शनिबार सङ्कटाको व्रत पनि थियो । श्रीमान्लाई गर्नुपर्छ भनेको व्रत चार हप्तामा म सक्दिन भन्न थाल्नुभयो अनि पुरेतले पनि मैले गरिदिँदा हुन्छ भन्नुभयो र सुरु गरे ।

महिला १ : ए त्यसो भए तिमी सक्छौ त, सबै कामसँगै मन्दिर आउनलाई नि !

महिला २ : सक्नुपर्‍यो नि, घरमा पानी समेत सबैको हातमा दिनुपर्दछ । कसैले काममा पनि सघाउँदैनन् ।

महिला १ : त्यस्तै हो हामी छोरीको जातलाई माइतमा जस्तो हुँदैन भन्छन् सबै ।

महिला २ : बिहे छिट्टै गरिएछ, के गर्नु पढाइ बिग्रने भयो । घरमा पढ त सबैले भन्छन् तर सहयोग विना पढ मात्र भनेर कसरी पढ्नु हेर न । अनि तिमी त पढाइ सकेर मात्र बिहे गर है ।

महिला १ : सोचाइ त त्यस्तै हो तर घरमा अब बिहे गर्नुपर्छ भन्न थालिसक्नु भो आमाले, सम्झाउँदै छु अब हेरु के हुन्छ ।

महिला २ : लल सम्झाउ बिहे गरेपछि सबै कुरासँगै पढाइलाई अगाडि बढाउन गाह्रो हुँदोरहेछ तर मेरो जस्तो घर नपर्न पनि सक्छ होला नि !

महिला १ : खै के हो के, जस्तो भएनी पहिला जस्तो हुँदैन भन्छन् सबैले ।

महिला २ : सबैको परिवार मेरो जस्तो हुँदैन, हाम्रो घरमा त बुहारीकै टाउकोमा सबै जिम्मेवारी थोपरिदिन्छन् । बुझ्ने परिवार भयो भने त सपोर्ट पनि गर्छन नि ।

महिला १ : ल ल विचार गर्नुपर्ला । अब अलि छिटो भेट होस् तिमीसँग भगवान्सँग प्राथना गर्नुपर्ने भो है ।

महिला २ : ल हुन्छ, छिटै भेट्ने कोसिस गरुला ल . .. ।

माथिको संवाद सँगै पढ्ने बिहे गरेकी र बिहे नगरेकी दुईजना महिलाबिच गरिएको हो । यहाँ पनि प्रशस्त लैङ्गिक विभेद  पाउन सकिन्छ । बिहे गरेपछि दुईजना साथीहरूको भेटघाट पहिलाको जस्तो नभएको र बिहे गरेको साथी घरको काममा व्यस्त भई पढाइलाई निरन्तरता दिन गाह्रो भएको कुरा सुनाएकी हुन्छिन् । बिहे गरेर गएको घरमा सबै जिम्मेवारी आफैले बहन गर्नुपर्ने र परिवारका सदस्यले पढ् भने पनि काममा सहयोग नगरिदिने र बुहारीलाई नै सबै काम गर्न लगाउने देखिएको छ । अझै पनि हाम्रो नेपाली समाजमा यस्ता परिवारहरू प्रशस्त पाउन सकिन्छ । जहाँ महिलालाई घरको कामको भारले पढाइ छोड्न बाध्य हुनुपरेको पनि पाउन सकिन्छ ।

## आमा र छोराछोरीबिच कुराकानी गर्दै गरेको सन्दर्भ

महिला १ : आज शनिबार छुट्टी छ, म पनि भाइसँग खेल्न जान्छु नि ।

महिला २ : भयो तिमी खेल्न जानुपर्दैन, भाइ जान्छ तिमीले मलाई काममा सघाउनुपर्छ ।

पुरुष : ममी दिदीलाई पनि खेल्न जान दिनुन, सँगै खेल्न जान्छौ ।

महिला २ : तिमी जाउ, दिदी जानुपर्दैन, घरमा काम गर्नुपर्छ ।

महिला १ : एकछिन खेलेर आइहाल्छु नि ! जहिले पनि भाइलाई मात्र खेल्न पठाउनुहुन्छ, मलाई सधैँ घरको काममा सघाउ मात्र भन्नुहुन्छ ।

महिला २ : भाइले घरको काम गर्न जान्दैन, तिमी छोरी मान्छे घरको काम सिक्नुपर्दछ । भाइ जस्तो खेलेर हिँड्न सुहाउँदैन ।

पुरुष : ल ममी म गए, काम सकिएपछि दिदीलाई पठाइदिनु ।

महिला २ : हुन्छ बाबु राम्रोसँग खेल है ।

माथिको संवाद आमा र उनका छोराछोरीबिचमा भएको हो । यहाँ लैङ्गिक दृष्टिले विभेदमूलक भाषाको प्रयोग गरिएको पाइन्छ । यहाँ छोरीलाई छोरासँग बाहिर खेल्न जान उनकी आमाले दिएकी छैनन् । छोरालाई खेल्न जान दिने तर छोरीलाई घरको काममा सघाउनुपर्दछ भन्दै भाइसँग खेल्न जान नदिनुले यहाँ लैङ्गिक विभेद गरेको पाइन्छ । छोरी मान्छे भएर बाहिर खेल्न जानु हुँदैन भन्दै छोरालाई बाहिर खेल्न पठाएकी छिन् तर छोरीलाई घरको काममा सघाउनु भन्दै आफैसँग राखेकी छिन् ।

**समान उमेर समूहका शिक्षित महिलाहरूको बिचमा भइरहेको कुराकानीको प्रसङ्ग**

महिला १ : के छ हालखबर साथीहरूको ? धेरै दिनमा बल्ल आज भेट भयो त ।

महिला २ : ठिकै छु, आजभोलि कलेज सकिएपछि त्यस्तै हो भेटघाट हुँदैन ।

महिला ३ : बल्ल बल्ल आज समय मिलाएर भेट्ने दिन जुऱ्यो त नि ।

महिला १ : अनि के गर्दै छौ ? पढाइ पनि सकियो अब त ।

महिला २ : म त कलेज पढाउँदै छु, आजभोलि अनि तिमीहरू ?

महिला ३ : म त घरको कामले फुर्सद पाएकै छैन, बच्चा सानो छ, अलि समय पछाडि सोच्नुपर्ला ?

महिला १ : म पनि जागिरकै खोजीमा छु, अब दुःख गरेर पढेर यत्तिकै बस्ने कुरा पनि भएन ।

महिला ३ : त्यही त, गर्नुपर्छ केही काम त बिजी भएपछि लाईफ पनि रमाइलो हुन्छ ।

महिला २ : त्यस्तै भनेर मेरो घरमा सासु ससुराले नी सधैँ काम गर्नुपर्छ भनी सपोर्ट गर्नुहुन्छ ।

महिला १ : मेरो त ससुराले केही गर्नुपर्छ भन्नुहुन्छ तर सासुले त कमाउनी छोरो छँदैछ किन दुःख गर्नुपऱ्यो । घरको काम गर बस पो भन्नुहुन्छ त ।

महिला २ : अब पहिलाको जस्तो जमाना छैन अब त छोराछोरी, बुहारीलाई भेदभाव गर्दैनन् नि ।

महिला ३ : त्यही त ल अब केही गर्नैपर्छ । आसुकाले त कलेज पढाउन थालिसकिछन् । हामी पनि खाली बस्नु हुँदैन है ।

महिला १ : ल ल सँगै खोजौँला नि काम अब है त ।

महिला २ : ल ल म पनि कतै सके भने सहयोग गरौला नि ...... ।

माथिको संवाद कलेज सकेर बसेका तिनजना विवाहित साथीको बिचमा भएको हो । यहाँ एक जनाले जागिर गर्दै गरेको र दुईजनाले जागिर खोज्दै गरेको प्रसङ्गमा कुरा चलिरहेको छ । यहाँ साथीहरू र उनको घरपरिवारमा चेतना आएको कुरा माथिको संवादमा पाउन सकिन्छ । महिला १ की सासुमा चेतना आइ नसकेको बुहारीले घरमै बसेर काम गरे पनि हुन्छ भन्ने भनाइबाट माथिको संवादमा लैङ्गिक चेतनाका साथै लैङ्गिक विभेद पनि पाउन सकिन्छ ।

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | भुमा बसेल |
| ठेगाना | : | बेलवास-१, प्यूठान |
| बुवाको नाम | : | तोय नारायण बसेल |
| आमाको नाम | : | यमी कुमारी बसेल |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | महिला |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क नं. | : | ९८४८४२६६६७ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था |
|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री जनता मा.वि., बर्जिवाङ्ग, प्यूठान |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री अमर उच्च मा.वि., भिग्री, प्यूठान |
| स्नातक तह (बी.एड.) | अमर क्याम्पस, प्यूठान |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर |